## क्यासेट



### लौन कालेको बा

गायक दीपेन्द्र ठकुरीले लोकदोहोरी गीतिसंग्रह 'लौन कालेको बा' दर्शक-श्रोतामाझ ल्याएका छन्। लोकदोहोरी गायनमा सक्रिय ठकुरीको यो संग्रहलाई गोधूलि क्यासेट सेन्टरले बजारमा ल्याएको हो। बीबी अनुरागीको संगीतको यो संग्रहको साइड 'ए' मा लौन कालेको बा तथा साइड 'बी' मा हेर प्यारी जहाज आकाशमा दोहोरी-गीत समावेश छन्। संग्रहमा शब्द संकलन काजीबाबु अर्याल, लय संकलन गायक ठकुरीको छ। त्यस्तै एल्बममा गायक ठकुरी, राजु परियार तथा शर्मिला गुरुङको स्वर सुन्न पाइन्छ।

### झर्छ आँसु रुन्छ मेरो मन



गायकद्वय विकास न्यौपाने र भुवन रायमाझीले लोकदोहोरी गीतिसंग्रह 'झर्छ आँसु रुन्छ मेरो मन' दर्शक-श्रोतामाझ ल्याएका छन्। लालिगुराँस क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा गायकद्वयका अतिरिक्त राजु परियार, विष्णु माझी, कुलेन्द्र विश्वकर्मा तथा माण्डवी त्रिपाठीको स्वर सुन्न सकिन्छ। संग्रहको साइड 'ए' मा झर्छ आँसु रुन्छ मेरो मन र साइड 'बी' मा लेकमा पर्‍यो हिउँ गीत समावेश छन्। संग्रहमा भुवन रायमाझी तथा दीपककुमार घिमिरेको शब्द छ भने लय विकास न्यौपानेको छ।

### संग्रह



गायक संजीव पुडासैनीको पहिलो गीतिसंग्रह 'संग्रह' दर्शक-श्रोतामाझ आएको छ। सान्तना रेकर्ड्सले बजारमा ल्याएको उक्त संग्रहमा आठवटा गीत समावेश छन्। गीतिसंग्रह 'संग्रह' मा शब्द, संगीत र स्वर गायक पुडासैनीको छ। यसबाहेक संगीत, संगीत संयोजन र शब्द रचनामा भरत सिटौला, आशिष भण्डारी, कुन्दन पाण्डे, जेम्स प्रधान, विशाल गुरुङ तथा सन्दीप पुडासैनीले सहयोग गरेका छन्।

## रंगमञ्च

**लागूपदार्थविरुद्धको** दिवसका अवसरमा युवा मैत्री सेवा केन्द्रले चतरालाइनमा सडकनाटक मञ्चन गरेको छ। किशोर-किशोरीहरूबीच लागूपदार्थका सम्बन्धमा चेतना फैलाउन उक्त नाटक मञ्चन गरिएको हो। १५ मिनेट लामो उक्त नाटकमा कलाकारहरूले किशोर-किशोरीहरू कसरी लागूपदार्थको कुलतमा फस्छन् भन्ने कुरालाई सजीव रूपमा चित्रण गरेका थिए। लागूपदार्थको कुलतमा फसे जिन्दगी बर्बाद हुने सन्देश नाटकले दिएको थियो।

**कुसुम** नाट्य समूहले संविधानसभाको विषयमा सर्वसाधारण जनतालाई सुसूचित गर्ने उद्देश्यले देशव्यापी नाट्य अभियान प्रारम्भ गरेको छ। रेडियो तथा टेलिभिजन कलाकारहरू संलग्न रहेको उक्त समूहले गत आइतबार पाटन दरबार स्क्वायर परिसरमा नाटक 'शान्ति-शान्ति' मञ्चन गरेर आफ्नो यात्रा प्रारम्भ गरेको हो। उक्त नाटक शान्तिसम्झौता र संविधानसभाको निर्वाचनका विषयमा आधारित थियो। वैकुण्ठ भण्डारीद्वारा लिखित तथा निर्देशित उक्त नाटकमा रमेश केसी मट्टारे, मञ्जु श्रेष्ठ, राजेन्द्र गड्तौला, राजु भण्डारी, सुशीला अर्याल, मञ्जु घिमिरे, सन्तोष खनाल आदिले अभिनय गरेका थिए।

**आरोहण** नाट्यसमूहले गुरुकुलमा आज शुक्रबारदेखि नाटक 'पुतलीको घर' मञ्चन गर्ने भएको छ। आधुनिक नाटकका पिता हेनरिक इब्सेनको 'अ डल्स हाउस' को नेपाली रूपान्तर पुतलीको घर यसअघि पनि धेरैपटक मञ्चन भैसकेको नाटक हो। सुनिल पोखरेलले निर्देशन गरेको यो नाटकमा निशा शर्मा, शेखर चापागाईं, वसन्त भट्ट, अरुणा कार्की, राजकुमार पुडासैनी आदि कलाकारले अभिनय गरेका छन्। नाटक तीन दिनसम्म मञ्चन हुनेछ।

## पुस्तक

### पहाडहरू सुतिदेऊ

कवियित्री हेमा मानन्धरका ५० वटा फुटकर कविताको संग्रह 'पहाडहरू सुतिदेऊ' लाई नई प्रकाशनले प्रकाशमा ल्याएको हो। ६४ पृष्ठको यो पुस्तकको मूल्य ५० रुपैयाँ छ।

## ग्यालरी

**कलाकार** सुषमा राजभण्डारीको पाँचौ एकल चित्रकला प्रदर्शनी बालमन्दिर नक्सालस्थित नाफा आर्ट ग्यालरीमा गत आइतबार प्रारम्भ भएको छ। भोलि शनिबारसम्म चल्ने उक्त प्रदर्शनीको शीर्षक 'निओ कन्सेप्ट्स अफ गड, सेरिज अफ गणेश एन्ड आइज- २' राखिएको छ। पौभा चित्रकला अन्तर्गत भगवान् गणेशलाई विभिन्न स्वरूप र प्रतीकमा क्यानभासमा उतार्ने कलाकार राजभण्डारीका यो प्रदर्शनीमा ३५ वटा चित्र राखिएका छन्।

**सर्वनाम** राष्ट्रिय नाटक अभियान अन्तर्गत मुलुकका विभिन्न पाँच स्थानमा प्रदर्शित नाटक 'इतिहासका बाँकी पृष्ठ' हेरेपछि कलाकारहरूले उतारेका चित्रहरूको प्रदर्शनी गत शनिबारदेखि नेपाल आर्ट काउन्सिल बबरमहलमा भैरहेको छ। आजसम्म हुने उक्त प्रदर्शनीमा वरिष्ठदेखि कनिष्ठ कलाकारहरूका ६० वटा सिर्जना राखिएका छन्। 'नाटक र कला' शीर्षक राखिएको प्रदर्शनीमा मुलुकको अहिलेको अवस्था चित्रण गर्ने अमूर्त, अर्ध अमूर्त शैलीका चित्रहरू छन्। सर्वनामले धनगढी, पोखरा, नारायणगढ, काठमाडौं र धरानमा उक्त नाटक प्रस्तुत गरेपछि स्थानीय कलाकारहरूले क्यानभासमा आफ्नो कला उतारेका थिए।

**फोटोपत्रकार** चन्द्रमान महर्जन जापानको मात्सुमोतो नगरमा एकल तस्बिर प्रदर्शनी गरेर फर्किएका छन्। रोटरी क्लब अफ पाटन वेष्टको आयोजना तथा मात्सुमोतो नगरपालिकाको सहयोगमा आयोजित उक्त प्रदर्शनीमा महर्जनले विभिन्न समयमा क्यामरामा कैद गरेका ५४ वटा तस्बिर राखिएका थिए। तस्बिर प्रदर्शनीको शीर्षक 'काठमाडौं तस्बिर प्रदर्शनी' राखिएको थियो।

**गत साता** प्रारम्भ भएको वृद्ध कलाकार दिलबहादुर चित्रकारको पाँचौ एकल चित्रकला प्रदर्शनी हिंजो बिहबार सम्पन्न भयो। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा आयोजना भएको उक्त प्रदर्शनीको शीर्षक 'द क्रियसन' राखिएको थियो। ८१ वर्षीय कलाकार चित्रकारले प्रदर्शनीमा ५८ चित्र समावेश गरेका थिए।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सुरुमा खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्ने तथा घरेलु समस्याले सताउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। धनमाल हराउन सक्छ। आइतबार, सोमबार तथा मंगलबार काममा सफलता मिल्ने देखिन्छ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग छ।

### वृष

सोच्ने शक्ति बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। व्यवसायमा सुधार तथा यात्रा हुनसक्छ। सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। झूटा आरोप पनि लाग्न सक्छ।

### मिथुन

सुरुमा मान-सम्मान मिल्नेछ। आँट एवं साहस बढ्नेछ भने काममा सुधार आउनेछ। आफन्तहरूबाट उचित सहयोग पाइनेछ। सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा सफलता मिल्नेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ। बुधबार तथा बिहीबार खर्च, विवाद, शत्रु एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### कर्कट

सुरुमा आलस्यता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। सोमबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा धन आर्जन हुने योग छ। सोच्ने शक्ति बलियो हुनेछ। भाग्यले पनि साथ दिनेछ। धार्मिक कार्यमा मन जानेछ।

### सिंह

स्वास्थ्य गडबड रहनाले काममा अवरोध आउने तथा मन दुविधाग्रस्त रहने देखिन्छ। कुरा काट्नेहरू बढ्नेछन्। काममा तगारो लगाउनेहरू सक्रिय हुनेछन् भने झूटा आरोप पनि लाग्न सक्छ। बुधबार तथा बिहीबार प्रसन्नता बढ्नेछ। काममा सुधार आउने, मान-सम्मान मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ।

### कन्या

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। धन आर्जन हुनेछ भने यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोमबारदेखि चिन्ता एवं आलस्यता बढ्नेछ। अरूबाट आलोचित पनि हुनुपर्ला।

### तुला

सानातिना समस्या आए पनि प्रयास गर्दा धेरै काममा सफलता मिल्नेछ। अरूबाट सहयोग पाइने योग छ। भाग्यले साथ दिनेछ। प्रसन्नताका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुन सक्छ। बुधबार, बिहीबार तथा शुक्रबार स्वास्थ्य गडबड रहने तथा चिन्ता बढ्ने योग छ।

### वृश्चिक

सोच्ने शक्ति एवं बौद्धिक कार्यमा रुचि बढ्नेछ। अरूबाट मान-सम्मान पाउनुहोला। पराक्रम बढ्नुका साथै काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। यात्रा हुनसक्छ। जमघटहरूमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता पाइनेछ। सफलताका लागि स्वास्थ्यको भने ख्याल राख्नुहोला।

### धनु

उतारचढाव आए पनि काममा सफलता मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ। आफन्तहरूको सहयोग पाइनेछ। जिम्मेवारीपूर्ण यात्रा गर्ने अवसर जुट्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। सफलता पाउन धैर्य गर्नुहोला। अध्ययनमा अवरोध आउन सक्छ। व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुहोला।

### मकर

पराक्रम बढ्नेछ भने काममा सुधार आउनेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुपर्ला। घरेलु समस्याले सताउन सक्छ। सफलता पाउन घरबाहिरै रहनु उचित हुन्छ। स्वास्थ्यको ख्याल गर्नु जरुरी छ। कुरा काट्नेहरू बढ्नेछन्। सानो कुराले पनि मन हड्बडाउन सक्छ। व्यवसायमा प्राप्त हुने सफलता कायमै रहनेछ। गलत विचार बढ्नाले सोचेर काम गर्नुहोला।

### कुम्भ

समय राम्रो छ। गरेको काममा सफलता मिल्नेछ भने व्यवसायमा सुधार आउनेछ। बोलीको प्रभाव बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ। मान-सम्मान पनि पाइनेछ। आफन्तहरूको उचित सहयोग हासिल हुन सक्छ। सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा सफलता मिल्ने देखिन्छ। बिर्सिएका मित्रहरूले सम्झना गर्नेछन्।

### मीन

सुरुमा मान-सम्मान मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग पाइनेछ। व्यवसायमा सोचेजस्तै लाभ हासिल हुनेछ। पठनपाठनमा रुचि एवं प्रसन्नता बढ्नेछ। धार्मिक मार्ग अनुकूल रहला, भाग्यले पनि साथ दिनेछ। आर्थिक मार्ग बलियो छ। सोमबार तथा मंगलबार विवाद बढ्नुका साथै धन नाश हुने सम्भावना छ।

### यो साताको पञ्चाङ्ग

असार २६ गते : योगिनी एकादशी

## साता संक्षेप

असार १५– उदयपुरमा करेन्ट लागेर दुई सैनिकको मृत्यु, अफगानिस्तानमा अमेरिकी सुरक्षा सहायकका रूपमा कार्यरत एक नेपालीको बम विस्फोटमा मृत्यु।

- दैलेखमा खाद्य संस्थानमा राखिएको ६ सय ९५ क्विन्टल सड्यो। सडेको चामल फ्याँक्न लाग्दा गाउँलेद्वारा खोसाखोस।
- निर्वाचन आयोगद्वारा संविधान सभाका लागि द्रुत रूपमा काम अघि बढाएको जानकारी, सरकारलाई २ अर्ब बजेट विनियोजन गर्न माग।

असार १६– मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव अमेरिकामा, अमेरिकी सिनेटर तथा युरोपेली नेता भेट्ने योजना।

- अख्तियारद्वारा राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईविरुद्ध मुद्दा, साढे २ करोड रुपैयाँ नोक्सानी पुऱ्याएको अभियोग।
- प्रसिद्ध उद्योगपति हुलासचन्द गोल्छाको निधन, विश्वको प्रसिद्ध बिजनेस म्यागेजिनद्वारा गोल्छालाई नेपालकै नम्बर एक उद्योगपतिको उपाधि।

असार १७– पूर्वाञ्चलका सुरक्षा प्रमुखसँग गृहमन्त्रीको भेटघाट, कुनै पनि बहानामा सडक बन्द गर्नेलाई कारबाही गर्न निर्देशन।

- माओवादी सेनाको दोस्रो चरणको प्रमाणीकरणमा एउटै शिविरबाट १२ प्रतिशत सेना बाहिरिएको समाचारप्रति अनमिनको आपत्ति।

असार १८– अन्तरिम संसदको बर्खे अधिवेशन प्रारम्भ।

- भक्तपुरमा सबैभन्दा बढी विद्युत् चुहावट, भक्तपुरमा मात्र प्रत्येक महिना २ करोड रुपैयाँको विद्युत् चोरी हुने गरेको प्राधिकरणको ठहर।
- जुम्लामा नेकपा (एमाले) निकट विद्यार्थी संगठन अखिल तथा नेकपा (माओवादी) का वाईसीएलबीच झडप, १३ घाइते, केहीको अवस्था चिन्ताजनक।

असार १९– एउटा सार्वजनिक कार्यक्रममा अमेरिका पुगेकी भक्तपुरकी कुमारीलाई नियम तोडेको भन्दै हटाइयो, नयाँ कुमारीको खोजी प्रारम्भ।

- नेपाल तथा युएईबीच श्रम सम्झौता हुने, नेपालीले पनि आकर्षक तलब पाउने व्यवस्था गरिने युएईका श्रममन्त्री डा. अलिबीन अब्दुल्लाको भनाइ।
- तराईमा हुने हिंसाको अन्त्यका लागि सरकारद्वारा थप सुरक्षा व्यवस्था।
- काठमाडौंमा दैनिकजसो ग्याङ फाइट, तीन दिनमा दुईको मृत्यु।
- बाग्लुङमा एकै दिन झाडापखाला तथा सुत्केरी व्यथाबाट ११ जना बालबालिका तथा ३ महिलाको मृत्यु।
- गोरखामा स्थानीय युवकको जन्मदिनमा भोज खाने ५० गाउँले बिरामी।

असार २०– नवलपरासीमा अज्ञात हतियारधारी समूहद्वारा प्रजातान्त्रिक कांग्रेसका दुई कार्यकर्ताको हत्या, हत्याराहरू सीमापारिका तस्कर भएको प्रहरीको अनुमान।

- स्थानीय आर्थिक वृद्धिका लागि देशका प्रमुख ५ सहरमा पाँच आर्थिक केन्द्र बनाइने।
- उपत्यकामा शुक्रबारदेखि तेल आपूर्ति सहज हुने नेपाल आयल निगमको दाबी।
- तयारी पोसाक निर्यातमा उच्च गिरावट, भारतले नेपाली पोसाक खरिद नगर्ने हो भने सय कपडा उद्योग बन्द हुने अवस्थामा।
- ७५ वर्ष कटेका सांसदलाई गाडी, तेल तथा ड्राइभरको सुविधा दिने सरकारी निर्णय।

## अर्को शैक्षिक प्रदर्शनी प्रारम्भ

**साप्ताहिक समाचार**

काठमाडौं, युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वरमा हिंजो बिहीबारदेखि शैक्षिक प्रदर्शनी प्रारम्भ भएको छ उच्च शिक्षाको तयारीमा जुटेका विद्यार्थीहरूलाई लक्षित गरेर आयोजि उक्त प्रदर्शनी आइतबारसम्म चल्नेछ। 'हायर एजुकेसन एन्ड क्यारियर फेयर-२००७' नामक उक्त प्रदर्शनीको आयोजना डाइरेक्सन नेपाल प्रा.लि. ले गरेको हो।

एसएलसी परीक्षापछि राजधानीमा आधा दर्जनभन्दा बढी ठूला शैक्षिक प्रदर्शनी आयोजना भैसकेका छन् तर एसएलसी परिणाम आउने समयमा आयोजित यो प्रदर्शनीले उच्च शिक्षाका बारेमा विभिन्न जानकारी लिन चाहने विद्यार्थीलाई सहयोग पुग्ने विश्वास गरिएको आयोजक डाइरेक्सन नेपालका संयोजक रमेश थापाले साप्ताहिकलाई बताए। प्रदर्शनी आफैमा एउटा अन्तर्राष्ट्रिय शैक्षिक फोरम पनि हो जहाँ सम्पूर्ण सहभागीले विभिन्न शैक्षिक पाठ्यक्रम, तालिम, क्यारियर विकासका लागि परामर्श एवं रोजगारी जस्ता विविध विषयमा एकै थलोमा जानकारी उपलब्ध गराउने तथा हासिल गर्ने काम हुन्छ। संयोजक थापा भन्छन्- अहिले एसएलसी परिणाम आउने समय भएकाले शैक्षिक संस्थाहरूले राम्रा विद्यार्थी खोज्ने तथा विद्यार्थीले पनि उत्कृष्ट शैक्षिक संस्थाका बारेमा जानकारी लिने यो उपयुक्त स्थान हुनेछ।

डाइरेक्सन एक्जिबिसन्स एन्ड कन्भेन्सन सेन्टर (डिइसिसी) मा आयोजना हुने प्रदर्शनीमा ५४ वटा शैक्षिक संस्थाले स्टल राखेका छन्। थापाका अनुसार शैक्षिक संस्था, परामर्शदाता, रोजगारदाता संस्था, व्यावसायिक तालिम दिने संस्था एवं विश्वविद्यालयले प्रदर्शनीमा स्टल राखेका छन्। प्रदर्शनीमा उच्च शिक्षाका बारेमा परामर्श दिने, शैक्षिक पाठ्यक्रममा अन्तर्क्रिया, आर्ट प्रदर्शनी तथा विभिन्न विषयमा शैक्षिक सेमिनारसमेत भैरहेका छन्।

## सुपर टिनका १३ प्रतिस्पर्धी

काठमाडौं– साप्ताहिकले इमामी फेयर एन्ड टिनसँग मिलेर गर्ने 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७' को ब्लोअप प्रतिस्पर्धाका लागि परेका ५ सयभन्दा बढी आवेदनमध्ये १६ जना सुन्दरी गएको साता 'सर्ट लिस्टेड' भएका थिए। तीमध्येबाट अन्तिम प्रतिस्पर्धाका लागि १३ जना छनौट भएका छन्। सम्भवतः नेपालमा कुनै पत्रिकाको माध्यमबाट हुन लागेको यस्तो किसिमको पहिलो सौन्दर्य प्रतिस्पर्धाका लागि काठमाडौं उपत्यकालगायत पोखरा, विराटनगर, धरान, बुटवल, चितवन आदि क्षेत्रबाट आवेदन आएका थिए। अन्तिम प्रतिस्पर्धामा छनौट भएका १३ जनालाई ग्रुमिङ, मेकअप र हेयर स्टाइल गरेपछि ब्लोअपका लागि चर्चित फोटोग्राफर राजीव श्रेष्ठ तथा महेश प्रधानले फोटोसेसन गर्नेछन्। आउँदो साउन ४ गतेदेखि क्रमैसँग साप्ताहिकका १३ वटा अंकमा यी १३ जना युवतीको ब्लोअप प्रकाशित हुँदै जानेछ भने तीमध्येबाट एक जनाले 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७'को उपाधि पाउनेछिन्।

**छनौट भएका सुपर टिन सुन्दरीहरू :**

१. **शशी खड्का, कुलेश्वर, काठमाडौं**
२. **संगीता नापित, असन बहाल, काठमाडौं**
३. **समिरा गैरेल, विराटनगर**
४. **रोशा बस्नेत, इन्द्रपुर, मोरङ**
५. **दीपिका महर्जन, गोंगबु, काठमाडौं**
६. **अर्पणा लामा, बौद्ध, काठमाडौं**
७. **आँचल सिलवाल, सानेपा, ललितपुर**
८. **करिश्मा श्रेष्ठ, कलंकी, काठमाडौं**
९. **आसरा भट्टराई, सातदोबाटो, ललितपुर**
१०. **तोयशा राजकर्णिकार, मीनभवन, काठमाडौं**
११. **रक्षा खड्का, सुविधानगर, काठमाडौं**
१२. **कोमल हिराचन, गणेशटोल, पोखरा**
१३. **मेषा न्याइँच्याइँ, भक्तपुर**

## उपत्यकाव्यापी एकांकी नाटक



काठमाडौं- शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले आयोजना गरेको सत्रौं उपत्यकाव्यापी एकांकी नाटक प्रतियोगिता हालै सम्पन्न भएको छ। शिक्षा मन्त्रालयले हरेक वर्ष काठमाडौं, भक्तपुर र ललितपुरका विद्यालयहरूबीच प्रतियोगितात्मक नाटक लेखन तथा मञ्चन गराउँदै आएको छ। यस वर्ष लेखनतर्फ ललितपुर जिल्लाभरिबाट लिटिल एन्जल्स स्कुलको 'बाँकी प्रश्नहरू' प्रथम तथा सोही स्कुलको युगबोध दोस्रो भएको छ भने काठमाडौंबाट रत्नराज्य मा.वि.को 'जिम्मेवारी' प्रथम तथा भी.एस. जेम्सको 'मेरी आमा' दोस्रो भएका छन्। यसैगरी भक्तपुर जिल्लाबाट भक्तपुर इ. बो. स्कुलको 'मान्छे भएर बाचौं' प्रथम तथा वीरेन्द्र सैनिक स्कुलको 'नयाँ बिहानी' दोस्रो भएको छ। नाटक मञ्चनतर्फ जेम्स स्कुलको नाटक 'अज्ञानको बोध' प्रथम, लिटिल एन्जल्स स्कुलको 'बाँकी प्रश्नहरू' दोस्रो तथा भी.एस. जेम्सको 'मेरी आमा' तेस्रो उत्कृष्ट नाटक घोषित भएका छन्। प्रदर्शित नाटकहरूमा 'बाँकी प्रश्नहरू' बाट खेम वाइबा सर्वोत्कृष्ट अभिनेता घोषित भए। यस वर्ष लेखनतर्फ उपत्यकाका ४४ विद्यालयको सहभागिता थियो।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभाको निर्वाचनमा एमालेले बहुमत ल्याउँछ। त्यसैले नेपाली काङ्ग्रेस एकीकरणतिर लागेको छ भने नेकपा (माओवादी) वाईसीएललाई आक्रामक तुल्याउँदैछ। यसको सोझो अर्थ हो, माओवादी संविधानसभा चाहँदैनन्। काङ्ग्रेस पनि एकीकरणलाई पहिलो प्राथामिकता दिँदैछ। ठिकै छ, सबैले आफ्नो तरिकाले काम गर्न पाउनुपर्छ तर संविधानसभालाई भाँड्ने नियतले केही पनि गर्न पाइँदैन।

**केपी शर्मा ओली, नेता, नेकपा (एमाले)**

संविधानसभाको निर्वाचनको मिति घोषणा भएको केही दिनभित्रै प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवाले शान्ति-सुरक्षाको कारण देखाएर निर्वाचन हुन नसक्ने संकेत गर्नुभयो। त्यसको केही दिनभित्रै हाम्रै नेता रामचन्द्र पौडेलले पनि यही आशय व्यक्त गर्नुभयो। म भने बल्ल निर्वाचनको वातावरण तयार भएको देख्छु। सबै नियम-कानुन बनिसके। रह्यो शान्ति-सुरक्षाको कुरा, त्यसमा म लागिपरेको छु। तीन महिनाभित्रै सरकारले विशेष सुरक्षा योजना ल्याउँदैछ।

**कृष्ण सिटौला, गृहमन्त्री**

अहिलेकै प्रतिकूल अवस्थामा संविधानसभाको निर्वाचन भए मुलुक भयानक द्वन्द्वमा फस्नेछ। जबसम्म आठ दलले हामी मात्रै देशका शक्ति हौं भन्ने भ्रम पाल्छन् र आफ्ना कुरा मात्रै लागू गर्ने प्रयत्न गर्छन्, यसले शान्ति-सुरक्षा हुन दिँदैन। यद्यपि हामी संविधानसभाको विरोध गरिरहेका छैनौं। हामीलाई यति मात्रै चिन्ता छ, सरकारले निर्वाचनका लागि उचित शान्ति-सुव्यवस्था कायम गरोस् ताकि आमजनता स्वतन्त्र रूपमा लोकतान्त्रिक पद्धतिअनुरुप निर्वाचनमा सहभागी हुन सकून्।

**सूर्यबहादुर थापा, अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

मेरो विचारमा संविधानसभा र गणतन्त्र एक-अर्काका परिपूरक हुन्। यही कारण दरबारले २००७ सालदेखि नै संविधानसभा टार्दै आएको हो। नेपाली कांग्रेसलगायतका दलले पनि दरबारसँग पटक-पटक सम्झौता गरेर दरबारको नीतिलाई बल दिएकै हुन्। अब यो कुरा प्रस्ट भैसकेपछि पनि संविधानसभा र गणतन्त्र फरक कुरा हुन् भन्ने सोच्नु वास्तविकतालाई नबुझ्नु नै हो।

**रामचन्द्र पौडेल, शान्ति तथा पुनर्निर्माण मन्त्री**

महिलाहरूका लागि समानुपातिक व्यवस्था गर्नुपर्छ भन्ने अडान राख्ने पहिलो व्यक्ति मंगलादेवी सिंह हुन्। मंसिरमा हुने निर्वाचनमा सिंहको यो भनाइलाई आफ्नो भन्दै केही दल अगाडि आएका छन्। मंगलादेवीले उहिल्यै कांग्रेससँग समानुपातिकको प्रतिनिधित्वका लागि झगडा गर्नुहुन्थ्यो। अहिले केही दलमा भर्खर समानुपातिकको कुरा उठ्न थालेको छ।

**डा. दुर्गा पोखरेल, पूर्व शाही मन्त्री तथा पूर्व कांग्रेस कार्यकर्ता**

## सम्पादकीय

# सरकारको उपस्थिति कहाँ छ ?

केही दिनअघि नेपाल आयल निगमको थानकोट डिपोमा एक थोपा पनि पेट्रोलियम पदार्थ नभएको समाचार आयो । पाँच लाखभन्दा बढी सवारी साधन भएको राजधानीमा एक थोपा पनि पेट्रोलियम पदार्थ नहुनु नेपाल आयल निगम, आपूर्ति मन्त्रालय तथा सरकारका लागि पनि लाजमर्नु घटना हो तर सम्बन्धित पक्षले तराई आन्दोलन, विभिन्न संघ–संघठनको बन्द, भारतीय आयल निगमलाई तिर्न रहेको बाँकी बक्यौता आदि कारण देखाएर पन्छिने प्रयत्न गर्‍यो । अहिले पनि राजधानीमा पेट्रोलियम पदार्थको अभाव जस्ताको तस्तै छ । राजधानीका सबै निजी पेट्रोल पम्प दिनको केही घन्टा मात्र खुल्छन् । थोरै तेलका लागि उपभोक्ताले घन्टौं पेट्रोल पम्पमा लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य भएको छैन । यदि आपूर्ति मन्त्री राजेन्द्र महतोको अभिव्यक्तिलाई ध्यान दिने हो भने यो अवस्थाको अन्त्य संविधानसभा निर्वाचनअघि सम्भव छैन । मन्त्री महतोले पेट्रोलियम पदार्थको मूल्यवृद्धि नगरी आवश्यकता अनुरूपको तेल आयात हुन नसक्ने बताएका छन् । त्यसका साथै उनले संविधानसभाअघि मूल्य बढाउने अवस्था पनि नरहेको लाचारीसमेत प्रकट गरेका छन् ।

राजधानीवासीले पेट्रोलियम पदार्थको अभाव खेपेको एक वर्षभन्दा बढी नाघेको छ । जनआन्दोलन–२ ताका पेट्रोलियम पदार्थको अभाव भोगेका राजधानीवासीले लोकतन्त्र प्राप्तिपछि सबै खाले समस्या अन्त्य हुने आशा गरेका थिए । यद्यपि लोकतन्त्र प्राप्तिसँगै ग्याँस र मट्टितेल नपाइने समस्यामा कुनै कुनै सुधार आएको छैन । बरु भनेको बेला मट्टीतेल नपाएर आमजनताले भोकै सुत्नुपर्ने अवस्था छ । पम्पमा लाइन बस्ने समय नभएर धेरै ट्याक्सी, निजी गाडी तथा मोटरसाइकलहरू थन्किएका छन् । आममानिसको जनजीवन नै प्रभावित पार्ने किसिमको यो घटनामा सरकारले जनताले चाहेजस्तो चासो लिइरहेको छैन । आपूर्ति मन्त्री राजेन्द्र महतो आयल निगमलाई निर्देशन दिएर आफ्नो पदीय दायित्व पूरा भएको मानिरहेका छन् । यता आयल निगम भने सरकारले आवश्यक मात्रामा बजेट नदिएको भन्दै त्यसको सम्पूर्ण दोष अर्थ मन्त्रालयलाई दिइरहेको छ । वर्षौंदेखि पेट्रोलियम पदार्थको मूल्यवृद्धिको मागलाई भने सरकारले राजनैतिक कारण देखाएर थन्काएको छ । यसबाट पेट्रोलियम पदार्थको अभावको जिम्मेबारी कसको हो ? प्रश्न खडा भएको छ ।

राजनैतिक दल आफ्नो साख खस्कने डरले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्न डराउने, आयल निगम सरकारले कहिले पैसा दिन्छ भनेर अर्थ मन्त्रालयको मुख ताक्ने, अर्थ मन्त्रालय चाहेको बेला बजेट विनियोजन गर्न नसक्ने, बिक्रेताहरू सकेसम्म मौकाको फाइदा उठाउने, उपभोक्ताहरू घन्टौं लाइन बस्दा पनि आन्दोलित नहुने जस्ता गतिविधिले यस्तो लाग्छ– पेट्रोलियम पदार्थका सम्बन्धमा जिम्मेबारी लिने कुनै निकाय मुलुकमा छैन । यसले आममानिसमा नैराश्य उतपन्न भएको छ । यसले आठ राजनैतिक दल तथा सरोकारवालाको क्षमतामा प्रश्नचिन्ह उठाएको छ । यसले लोकतन्त्र तथा एक वर्षदेखि विकसित नयाँ राजनैतिक परिस्थितिलाई पनि व्यंग्य गरेको छ । यो अवस्थाको चाँडोभन्दा चाँडो अन्त्य नगर्ने हो भने यसका नकारात्मक असरहरू बढ्दै जाने निश्चित छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### युवा प्रवृत्ति, समस्या र कमजोरीहरू

आत्मसम्मानलाई 'मानव अस्तित्वलाई मर्यादा दिने तत्त्व' मानिएको छ । आमाबाबुले पक्षपाती कुरा गरेर तुलना गर्न थाल्दा, आफ्ना बारेमा नकारात्मक सोचाइ राख्दा, आफूलाई महत्त्वहीन मान्दा वा अचाक्ली महत्त्वपूर्ण मान्दा मानिसहरूमा अर्थात् युवाहरूमा हीन भावना आउँछ । असफलताको भावना, कुनै कुरा गुमाएको अनुभव आदिले युवाहरूलाई निराश तुल्याउँछ । जीवनका उतार-चढावहरू सामना गर्न वयस्क जस्तो अनुभवी नहुँदा जवान व्यक्तिले आफूलाई कसैले वास्ता नगरेको महसुस गर्न सक्छ अनि सानातिना कुरामा पनि असाध्यै निराशा जाग्न सक्छ ।

धेरै युवालाई स्कुलदेखि डर लाग्छ । स्कुलमा हिंसा, साथीहरूको क्रूरता तथा राम्रो अंक ल्याउनुपर्ने दबाबले गर्दा प्रायःजसोलाई डर हुन्छ । आमाबाबुको करकापमा त्यस्ता युवाहरू स्कुल त जालान् तर सधैं चिन्तित हुन्छन् र बिरामीसमेत पर्छन् । थुप्रै युवायुवती अरूलाई हैरान पार्न, जिस्क्याउन अनि अरूको अपमान गर्न असाध्यै रमाइलो मान्छन् । कतिपय अरू विद्यार्थीले के गर्लान्, के भन्लान् भनेर दिमागमा घुमिरहने हुँदा पढाइमा ध्यानै दिन सक्दैनन् ।

पढ्नु भनेको पुस्तकका लेखकसित घन्टौं कुराकानी गर्नु जस्तै हो । प्रेमकथाहरू पढ्न थालेपछि अन्तसम्म नपढी बन्द गर्न गाह्रो होला तर के त्यसले प्रेम र विवाहप्रति उचित दृष्टिकोण राख्न सिकाउँछ ? यौन, अनर्थको हिंसा, टुनामुना, छाडा, कठोर चित्रण गर्ने अनैतिक भावनायुक्त पुस्तकले युवाहरूलाई बिगार्छ मात्रै । त्यस्तै टेलिभिजनमा हिंस्रक कार्यक्रम हेर्न रुचाउने युवाहरू 'गम्भीर प्रकारको हिंसामा संलग्न' हुने सम्भावना बढी हुन्छ । उनीहरू किरिया खान, फोहरी बोल्न, झगडा गर्न, धम्की दिन तथा तोडफोड गर्न बढी सक्रिय हुन्छन् ।

अनैतिक सम्बन्धले युवाहरूमा व्यापकता पाएको छ । यस्तो सम्बन्धबाट युवायुवतीहरूलाई सोचेजस्तो न्यानो मायाको अनुभूति हुँदैन । बरु जीवन उद्देश्यहीन र नीरस लाग्न थाल्छ । अन्ततः उनीहरू एउटा सीमालाई नाघ्छन् जहाँबाट उनीहरू फर्किन सक्दैनन् । यस्तै प्रवृत्ति, समस्या र कमजोरीले नै युवाहरू भविष्यप्रति बेखबर छन्, देशको अन्यौलपूर्ण अवस्थाले त्यसमा बल पुगेको छ । अब युवाहरूका बारेमा स्वयं युवाहरूका साथै अभिभावक, समाज तथा राष्ट्रले कुनै प्रयास गर्न सकेन भने युवाहरूको पतनले निम्त्याउने परिणाम पनि स्वीकार गर्न तयार रहनुपर्छ ।

**– अनिमेष पोखरेल, काठमाडौं**

### अन्यौलमा विद्यार्थीको भविष्य

केही समयअघि शैक्षिक संघ संस्थाहरू बन्द भएका थिए । त्यतिबेला हजारौं विद्यार्थी अलपत्र परे । आन्दोलनको स्वरूप मात्र परिवर्तन गर्ने प्रतिबद्धता जाहेर गर्दै बन्द स्थगित भयो । भोलिका कर्णाधार विद्यार्थीको भविष्य कहाँ छ ? कोही तदारूकताका साथ लागेको देखिँदैन । वार्ताका प्रस्ताव अघि सारिए पनि खोइ टुंगो लागेको ? यसमा दोषी को ? सरकार, सरोकारवाला संघ-संस्था, अभिभाभक वर्ग वा स्वयं विद्यार्थी ? प्रश्न सजिलो छ, जवाफ जटिल छ ।

नयाँ नेपाल निर्माणमा सबै पक्ष जुटिरहेको अवस्थामा शैक्षिक क्षेत्रको विवादले एउटा गम्भीर समस्या उत्पन्न गराएको छ । निश्चित विन्दुमा पुगी सहमति नहुन्जेल यो अवस्था यथावत् रहने देखिन्छ । अहिले शिक्षामा भएको व्यापारीकरणले सबैलाई गाँजेको अवस्था छ । आजको नेपालको शिक्षा प्रणाली हेर्ने हो भने हुने र नहुनेबीच अग्लो पर्खाल देखिन्छ । निजी स्कुलमा पढ्ने विद्यार्थीहरूको लक्ष्य केही रूपमा निश्चित हुन्छ, किनभने उनीहरूले गुणस्तरीय शिक्षा पाएका हुन्छन्, जसबाट भविष्यमा के बन्ने भन्ने निर्णय आफूमा रहन्छ तर सरकारी विद्यालयमा पढ्नेहरूले म के हुन्छु भन्ने कुरा थाहा पाएका हुँदैनन् । कतिपय निजी विद्यालयबाट श्रमशोषण भैरहेको कुरा एकातिर छ जहाँ शिक्षकले खटेर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । सरकारी विद्यालयमा तलब भए पनि शिक्षकहरूले मन लागे पढाउने, मन नलागे नपढाउने तथा हाजिर मात्र गर्ने खालका हुन्छन् । एकातिर निजी विद्यालयमा व्यापार र श्रमशोषण छ भने अर्कातर्फ सरकारी विद्यालयमा लापरवाही । यो विडम्बनायुक्त शैक्षिक संरचनामा विद्यार्थीहरू पिल्सिनुपरेको छ । त्यसकै विरोधमा विगत केही दिनअघि विद्यालयहरू बन्द भए, तर निष्कर्ष के ? शिक्षामा हुने व्यापारीकरण रोकियो ? अहिले जतिबेला पनि आन्दोलन गर्ने बानी बसेको छ, तर व्यावहारिक रूपमा गर्ने कोही छैनन् ।

शैक्षिक संस्थाहरूमा अहिले समस्या थपिएको महसुस हुन्छ । विद्यार्थीहरूले धेरै प्रकारका बन्द खेप्नुपरिरहेको अवस्था अहिले छ । यस्ता अनावश्यक बोझले भोलिका कर्णाधारहरूको कलिलो मस्तिष्कमा कस्तो असर पार्ला ? यसको स्थायी व्यवस्थापन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ । फेरि यस्ता समस्या समाधानका नाममा फेरि अर्को पक्षले बन्द नै गर्न बेर लगाउँदैन । यो हामी सबैले भोगेकै तीतो यथार्थ हो । त्यसैले अब यस्ता विवादहरू टुंगिऊन् । विवाद, बहस अनि छलफल हुनु ठीक हो तर त्यसको निचोड निस्कनुपर्छ, जसले सही दिशा निर्देश गर्न सकोस् ।

**–केशव कुलुङ, सोलुखुम्बु**
**(पुरस्कृत पत्र)**

## तीतो सत्य

सानो भनेर हेला नगर त्यसमा विशालता लुकेको हुन्छ ।
**– जीवन सुवेदी**

मूर्खले आफ्नो भूल त्यतिबेला सम्झन्छ जब ऊ ठूलो दुःखमा पर्छ ।
जस्तोसुकै विपत्तिमा पनि शिष्टाचारको उल्लंघन गर्नुहुँदैन ।
कुनै-कुनै व्यक्ति पहिले काम गर्छन्, पछि सोच्छन् र सधैंका लागि पछुताउँछन् ।
सिद्धान्त जति नै महान् भए पनि समयसापेक्ष नभए कुनै काम लाग्दैन ।
**– लोकदर्शन देवकोटा**

सफलता त्यसैलाई प्राप्त हुन्छ जसले त्यसको खोजी गर्छ ।
समयभन्दा अघि र भाग्यभन्दा बढी कसैले पाउँदैनन् ।
अरूको खुसीमा आफ्नो खुसी खोज्ने मानिसहरू विरलै भेटिन्छन् ।
**– माधव कटुवाल**

मानिसले अरूलाई दोष लगाउँछन् तर आफ्नो मनलाई हेर्न सक्दैनन् ।
स्वर्ग पनि नर्क पनि कसैले बनाइदिने होइन, सबै आफैंले बनाउने कुरा हो।
**– स्मृति श्रेष्ठ**

ईश्वर विश्वास हो ।
**– दुर्गा 'शिवाय'**

फोहोर भाँडामा राम्रो चीज राख्यो भने राम्रो चीज पनि फोहोर नै हुन्छ ।
समुद्रमा जति ठूलो भाँडो लिएर गए पनि भाँडो बराबरको मात्र पानी पाइन्छ ।
**– दिनेश गुरुङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

## मुखाले

संविधानसभाका पक्षधरहरू एक हुनुपर्छ ।
**सुवासचन्द्र नेवाङ, सभामुख**

राजनैतिक भाषणले मात्र विपन्नको जीवनस्तर उकास्न सकिँदैन, न त कुनै वादले नै गरिबी निवारण गर्छ।
**डा. रामशरण महत, अर्थमन्त्री**

एक वर्षमै हाम्रो विश्वसम्बन्धमा उल्लेख्य उपलब्धि हासिल भएको छ ।
**सीपी गजुरेल, नेकपा (माओवादी)**

साउन महिनाभित्रै कांग्रेस एकीकरण हुन्छ ।
**रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस एवं शान्ति तथा पुनर्निर्माण मन्त्री**

देशभरि एक रुपैयाँमा फोन गर्न सकिने व्यवस्था मिलाउँदैछु ।
**कृष्णबहादुर महरा सूचना तथा सञ्चारमन्त्री**

उपत्यकाका नदीभन्दा देशको राजनीति बढी प्रदूषित पाएँ ।
**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

प्रान्तीय राजनीतिका लागि मधेसमा नयाँ दल खुल्दैछ ।
**जयप्रकाशप्रसाद गुप्ता सांसद, नेपाली काङ्ग्रेस**

कुनै पनि किसिमका उग्रवादसँग नेपाली सेनाले सम्झौता गर्दैन ।
**रुक्माङ्गत कटुवाल, प्रधानसेनापति**

सरकारले सुरक्षा दिन नसकेकाले नै वाईसीएलले जनताको सुरक्षा गर्नुपरेको हो ।
**गणेशमान पुन, अध्यक्ष, वाईसीएल**

माओवादी सेनालाई राष्ट्रिय सेनामा गाभ्नु हुँदैन ।
**सूर्यबहादुर थापा अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

नारायणमान विजुक्छेबाहेक अरू कुनै पनि कम्युनिस्ट पार्टीले एमालेको सहयोगबिना चुनाव जित्न सक्तैनन् ।
**प्रदीप नेपाल, एमाले नता शिक्षा तथा खेलकुद मन्त्री**

## नीति-नियम

हृदयदेखि नै उदार भावना राखेर समय आएपछि मानिसले उचित किसिमले रकम खर्च गर्नुपर्छ । उचित तरिका बेगर खर्च गर्नुहुँदैन ।

श्रीमती, छोरा, साथी आदि सब उत्तम रहेछन् भने यी सबैको धनले सुरक्षा गर्नुपर्छ । त्यसभन्दा पनि पहिले आफ्नो शरीरको सुरक्षा गर्नुपर्छ किनकि शरीर फेरि पाउन सकिँदैन । पुत्र, श्रीमती आदि त आफू रहे अर्को पटक पनि पाउन सकिन्छ । यदि मानिस जीवित रह्यो भने हजारौं कल्याण देख्न सक्छ ।

आफ्नो कल्याण चाहने बुद्धिमान् बाबुले श्रीमती भएकी तथा काम गर्न लायक सक्षम छोराहरूलाई चाँडै नै अंशबन्डा गराएर विभाजन गराउँछ । जसका कारण भविष्यमा सहोदर भाइ-भाइमा कलह, झगडा नहोस् । त्यसैले विवाह हुनासाथ समर्थवान् छोराहरूलाई बेलैमा छुट्याइदिनुपर्छ, अन्यथा परस्पर लडेर नासिन बेर लाग्दैनन् ।

यदि कुनै पुरुषसँग दुई स्त्री छन् वा कुनै पोथी पशुसँग दुई वा त्योभन्दा बढी भाले छन् भने तिनलाई राख्नुहुँदैन । किनभने मानिसमा एकभन्दा बढी स्त्री र अरू पशुमा एकभन्दा बढी भाले एक ठाउँमा रहन सक्दैनन् ।

-शुक्रनीति
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### साइबर गर्ल

# सुनयना

मोडल संसारका लागि फोटोसेसन गरेकी सुनयना शाक्य पाटनमा जन्मिएकी हुन् । सुनयना मोडलिङको क्षेत्रमा क्यारियर बनाउन चाहन्छिन् । ५ फिट अग्ली सुनयनाको शारीरिक बनावट आकर्षक छ । म्युजिक भिडियो, विज्ञापन तथा फेसन सोमा काम गर्ने इच्छा राखेकी सुनयनामा वाकपटुता पनि त्यत्तिकै छ । त्यसकारण रेडियो उद्घोषणमा पनि उनी त्यत्तिकै रमाउँछिन् । अंग्रेजी, नेपाली, हिन्दी र नेवारी भाषाकी ज्ञाता सुनयनाले नेपाली मोडलिङको क्षेत्रमा अलग पहिचान बनाउने धोको राखेकी छिन् । परिवारको सहयोग पाएकी सुनयना भन्छिन्- 'मैले निरन्तरता दिएँ भने अवश्य सफलता पाउनेछु ।' सुनयनाका अनुसार इन्टरनेट मिडियाले नेपाली मोडलिङलाई विश्वव्यापी स्वरूप दिएको छ । शारीरिक बनावट ३२×२५×३४ भएकी सुनयनाले सन् २००६ देखि मोडलिङ यात्रा प्रारम्भ गरेकी हुन् । फुर्सदमा इन्टरनेट सर्फिङ गर्ने, गिटार बजाउने, टेलिभिजन हेर्ने तथा संगीत सुन्ने सौख भएकी शाक्यलाई मन पर्ने संगीतकर्मी जगजित सिंह र जेनिफर लोपेज हुन् । सुनयनालाई नेवारी खाना र पिज्जा मन पर्छ । अहिलेको आफ्नो समय क्यारियर विकासमा केन्द्रित भएकाले अन्य कुरामा खासै ध्यान दिन नभ्याएको उनी बताउँछिन् । विपरीतलिङ्गीको केश मन पराउने सुनयना ब्लाइन्ड डेटमा जानुपर्दा रोज्नुपर्ने नाम बताउन अस्वीकार गर्छिन् ।



तस्वीर : मोडल संसार डटकम

# दोहोरीमा अमेरिकी युवती

नेपाली युवाहरू पाश्चात्य संगीततर्फ आकर्षित भैरहेका बखत एक अमेरिकी युवतीले नेपाली लोकदोहोरी गाएर सबैलाई चकित पारेकी छिन् । नेपाली संस्कृति झल्काउने चुरापोते र साडी ब्लाउजमा सजिएर दोहोरी गाउन मञ्चमा देखा परेकी अमेरिकी युवती आना आफ्नो ज्यान पनि नेपाली भैसकेको बताउँछिन् । अमेरिकाको बोस्टन निवासी आना स्टार लोकदोहोरीमै विद्यावारिधि (पीएचडी) गर्ने सोचमा छिन् । न्यूयोर्कस्थित कोलम्बिया युनिभर्सिटीबाट संगीत मानवशास्त्रमा डिग्री पूरा गरेकी आनाले लोकदोहोरीमा पीएचडी गरिन् भने उनी लोकदोहोरीमा पीएचडी गर्ने पहिलो विदेशी नागरिक हुनेछिन् । त्यसो त लोकदोहोरीमा पीएचडी गरेका नेपाली पनि त्यति धेरै छैनन् । २७ वर्षीय आना आफूले दुई वर्षभित्र पीएचडी गर्ने विश्वास व्यक्त गर्छिन् । नेपालको सबैभन्दा राम्रो पक्ष लोकसंस्कृति भएको बताउने आना ८ वर्षदेखि नेपालमा आउने-जाने गरे पनि अहिले ९ महिनादेखि नेपालमै बस्दै आएकी छिन् । अमेरिकामा ४ र नेपालमा ३ महिना गरी ७ महिना नेपाली सिकेकी र १ महिना ट्युसनसमेत लिएकी आनाले मन मिल्ने युवक भेटे नेपालमै विवाह गर्न सक्ने बताइन् ।

**–टोपराज शर्मा**

## हट हेडलाइन

### धीरेन्द्रका छोरीको सम्पत्ति भाइका छोरीलाई

स्वर्गीय धीरेन्द्र शाह र प्रेक्षाका टुहुरा छोरीलाई प्राप्त घर-जग्गा बडामहारानी कोमलको आदेशमा बडामहारानीकै भाइ सुरजशमशेर र उदयशमशेरका छोरीहरूको नाममा नामसारी गर्न बाध्य तुल्याइएको समाचार साप्ताहिक घटना र विचारले प्रकाशित गरेको छ। समाचारअनुसार आफ्ना मावली हजुरबुबा केन्द्रशमशेर राणाबाट लाजिम्पाटमा रहेको घर र जग्गा स्वर्गीय धीरेन्द्रका छोरीहरू पूजा, शीताष्मा र दिलासाले प्राप्त गरेका थिए। यसअघि पनि केन्द्र शमशेरले स्व. अधिराजकुमारी श्रुतिलाई श्री निवास नामक घर दाइजो दिएका थिए। अहिले बडामहारानीको ठाडो आदेशपछि धीरेन्द्रका छोरीहरूले पनि मावली हजुरबुबाबाट आफूलाई प्राप्त घर-जग्गा चुपचाप फिर्ता गरिदिएका छन्।

### एमालेभित्र नेतृत्वको कलह

नेकपा एमालेभित्र नेतृत्वसम्बन्धी कलह चर्कंदै गएको समाचार साप्ताहिक काठमाडौं पत्रले प्रकाशित गरेको छ। समाचारअनुसार विगत १४ वर्षदेखि महासचिव रहेका माधवकुमार नेपालको वर्तमान कार्यकाल सकिएपछि संविधानसभाको निर्वाचनअघि नै महाधिवेसन हुनुपर्ने अडानमा केन्द्रीय समितिका अधिकांश सदस्यहरू देखिएपछि यस्तो कलह चर्किएको हो। समाचारअनुसार महासचिव नेपाल आफ्नो कार्यकाल लम्ब्याउने र त्यो सम्भावना नभएमा आफू अधिकारसम्पन्न अध्यक्षमा रहने गरी केपी शर्मा ओलीलाई महासचिव बनाउने तयारीमा छन्। अहिले एमालेमा वामदेव गौतम, झलनाथ खनाल आदि नेता महासचिव नेपालको विपक्षमा उभिएको कुरा उक्त समाचारमा उल्लेख छ।

### माओवादीले पाउला त जर्नेल र सल्लाहकार ?

माओवादी नेतृत्वले नेपाली सेनाको उच्च तहमा आफ्नो सशक्त प्रतिनिधित्वका लागि प्रधानमन्त्री समक्ष प्रस्ताव राखेको समाचार साप्ताहिक जनआस्थाले प्रकाशित गरेको छ। समाचारअनुर प्राप्त समाचार अनुसार माओवादीले नेपाली सेनाको पुनर्संरचना गरिंदा आफ्नो सैनिक नेतृत्वका निम्ति ६ वटा उच्च तह मागेको बताइन्छ। माओवादीको मागमा दुईजना दुईतारे मेजर जर्नेल, दुईजना ब्रिगेडियर जर्नेल र दुईजना विशिष्ट श्रेणीका रक्षा सल्लाहकार पद छन्। समाचारअनुसार माओवादीको यस्तो मागलाई नेपाली सेनाको उच्च नेतृत्वले अस्वीकार गर्दै प्रधानमन्त्री समक्ष त्यसो गर्न नहुने सुझाव दिइसकेको छ।

### लाउडालाई एमालेको सुनपानी

कुनैबेला नेपाल वायुसेवा निगमलाई डुबाउने लाउडा घोटाला प्रकरणमा परेका प्रमुख आरोपी हरिभक्त श्रेष्ठलाई एमाले मन्त्रीले सुनपानी छर्केर चोख्याएको समाचार साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। समाचारअनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पृथ्वी सुब्बा गुरुङले नागरिक उड्डयन प्राधिकरणले आयोजना गरेको पाइलटसम्बन्धी एक कार्यक्रममा हरिभक्त श्रेष्ठलाई समेत अतिथिका रूपमा निम्तो गरेर त्यस्तो सुनपानी छर्किएको बताइएको छ। लाउडा एयरको जहाज भाडामा ल्याउँदा प्रधानमन्त्री पुत्री सुजातालाई समेत दाम चढाएका श्रेष्ठको मुद्दा अहिले पनि विशेष अदालतमा विचाराधीन छ। समाचार भन्छ- यो प्रकरणमा मुछिएका कांग्रेसी नेता तारणीदत्त चटौतलाई अहिले पनि कांग्रेसीहरूले कहीं कतै मञ्च दिइएका छैनन् तर प्रमुख आरोपी श्रेष्ठलाई चोख्याउने एमालेको नियतमा अहिले निगमका कर्मचारीहरूले नै प्रश्न उठाउन थालेका छन्।

### नेविसंघमा "कु" को आतंक

नेपाल विद्यार्थी संघको वर्तमान गणतन्त्रवादी नेतृत्वलाई नेपाली कांग्रेसको संस्थापन पक्षले मान्यता नदिएपछि कांग्रेस र नेविसंघबीच आन्तरिक लडाइँ सुरु हुने संकेत देखिएको साप्ताहिक छलफलले प्रकाशित गरेको छ। समाचारअनुसार गत शुक्रबार वाइसीएलको अराजकता विरुद्ध नेविसंघद्वारा आयोजित आमसभालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वघोषित कार्यक्रमअनुसार सम्बोधन नगरेपछि यस्तो संकेत देखिएको हो। समाचारअनुसार प्रधानमन्त्री कोइरालाले छोरी सुजाताको दबाबमा आफ्नो पूर्वघोषित कार्यक्रम रद्ध गरेका थिए। उक्त घटनापछि नेविसंघको वर्तमान कार्यसमितिलाई कोइराला पुत्रीले मान्यता नदिएको निष्कर्ष निकालिएको छ। नेविसंघ स्रोतका अनुसार महामन्त्री पदमा आफ्नो विरोधका बाबजुद अध्यक्ष प्रदीप पौडेलले मनोजमणि आचार्य र गजेन्द्र कार्कीलाई नियुक्त गरेपछि सुजाताले त्यस्तो निर्णय गरेको बताइन्छ।

### वाइसीएलको आतंक घर-घरमा

नेकपा माओवादीको भ्रातृसंगठन योङ कम्युनिष्ट लिग (वाइसीएल) ले आफ्नो आतंकलाई जनताको घरदैलोमा पुऱ्याउन थालेको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार आफ्नो घरदैलो कार्यक्रम अन्तर्गत वाइसीएलले आमजनतामा आफ्नो विचार लाद्न थालेको र असहमति जनाउनेहरूलाई सन्देहको घेरामा राखेको कुरा उल्लेख छ। यो आतंक बढ्दै गए अन्ततः संविधानसभाको निर्वाचन नै हुन नसक्ने वातावरण सिर्जना हुने ठहरमा संयुक्त राष्ट्र संघको नेपालस्थित उच्चायुक्त पुगेको कुरा समेत समाचारमा उल्लेख छ।

## मेरो विचार

### सतर्कता आवश्यक

संविधान कस्तो बन्ने वा बनाउने भन्ने कुरा यसको प्रक्रियाले निर्धारण गर्छ। संविधानसभाको प्रक्रियामा प्रमुखतः संविधानसभाका प्रतिनिधि छनौट, संविधानको ढाँचा एवं त्यसको अनुमोदन प्रक्रिया महत्त्वपूर्ण हुन्छ। संविधानसभाको प्रक्रियामा संविधानसभा विरोधी तत्त्वहरूले विभिन्न किसिमका अवरोध खडा गर्न सक्छन्, तसर्थ राजनैतिक दल, सरकार एवं जनताले विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ। संविधानसभाको प्रत्येक चरणमा विशेष सतर्कता अपनाउँदै राजनैतिक दल तथा सरकारले पारदर्शी रूपमा एक-अर्काबीच अन्तरक्रिया गर्ने एवं जनताले दुवै पक्षको कमी-कमजोरी औँल्याउँदै अघि बढ्न सके संविधानसभाको निर्वाचनलाई सफल बनाउन सकिन्छ। यसका साथै राजनैतिक दल एवं सरकारका तर्फबाट केन्द्रदेखि टोल-टोलसम्म संविधानसभाका बारेमा जानकारी पुऱ्याउन सक्नुपर्छ। संक्रमणकालीन अवस्थामा सरकारले संविधानसभाको निर्वाचनमा सुरक्षित र शान्तिपूर्ण वातावरणमा सहभागी हुन पाउने अवस्था सिर्जना गर्नुपर्छ भने आमजनताले आफ्नो प्रतिनिधिका बारेमा विस्तृत जानकारी लिएर मात्रै उपयुक्त प्रतिनिधि छनौट गर्नुपर्छ।

**–सुरेश श्रेष्ठ (पुरस्कृत)**

### पर्याप्त हुनुपर्छ

बहुसंख्यक नेपाली जनताले अहिलेसम्म लोकतन्त्रका बारेमा स्पष्टसँग बुझ्न सकेका छैनन र संविधानका बारेमा पनि उनीहरू स्पष्ट पनि छैनन्। त्यसैले सरकारले संविधानका बारेमा नेपाली जनताले बुझ्न सक्ने खालका विशेष कार्यक्रमहरू ल्याउनुपर्छ। संविधानसभाका बारेमा जनचेतना जगाउनु, जनसहभागिता बढाउने कार्यक्रम ल्याउनु तथा सञ्चार माध्यमहरूमा संविधानसभाका बारेमा छलफल चलाउनु एवं गोष्ठीहरू गर्नु आवश्यक छ। त्यसकारण अब हुने संविधानसभाको निर्वाचन नेपाली जनतालाई चित्त बुझ्ने, सबै वर्गको प्रतिनिधित्व हुने अर्थात् समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुनुपर्छ। संविधानसभाको सदस्य छनौटमा जनताको ठूलो भूमिका हुन्छ। त्यसैले नेपाली जनताले कस्ता व्यक्तिलाई छान्दा देशको भलो हुन्छ भन्ने कुरा विचार गरेर मात्र सदस्य चुन्नुपर्छ। निर्वाचन आयोग, प्रधानमन्त्री, माओवादी लगायत आठ दलबीच संविधानसभालाई सफल पार्ने विषयमा पर्याप्त छलफल भए संविधानसभाको निर्वाचन सफल हुन सक्छ।

**–खगेन्द्र चाम्लिङ, खोटाङ**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : संविधानसभाको निर्वाचन कहिलेसम्म सम्पन्न होला ? के संविधानसभाले मुलुकको अनुहार फेर्न सक्छ ?**

**–विमला भाट, नरपानी, अर्घाखाँची**

**उत्तर :** संविधानसभाको निर्वाचन कहिलेसम्म होला भनेर अहिले नै भन्न सकिंदैन। सत्तामा रहेका आठ दलको लक्ष्य आगामी मंसिरमा संविधानसभाको निर्वाचन गराउने छ। यसैकारण हामी मंसिरमा संविधानसभाको निर्वाचन हुनेछ भन्ने आशा गर्न सक्छौं। वास्तवमा संविधानसभा आफैंले मुलुकको अनुहार फेर्ने होइन तर त्यसले राजनैतिक दलहरूलाई नयाँ संविधानमार्फत् नयाँ नेपाल निर्माण गर्ने मार्ग प्रशस्त भने गर्न सक्छ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

## कान्तिपुर समाचार डायरी

### सबैका लागि शिक्षा कार्यक्रम

सन् २०१५ सम्म सबैका लागि शिक्षा उपलब्ध गराउने नेपाल सरकारको महत्त्वाकांक्षी योजना पूरा नहुने भएको छ। अहिले पनि १३ प्रतिशत नेपाली बालबालिका विद्यालयको पहुँचबाट टाढा रहेका कारण उक्त योजना असफल हुने संकेत देखिएको हो। सन् २००० मा सरकारले उक्त योजना सार्वजनिक गरेको थियो।

### नेपाल ट्रान्जिट विन्दु

नेपाल सरकारले चीन र भारतसँग जोडिएका थप केही नाका खोली नेपाललाई चीन र भारतबीचको ट्रान्जिट विन्दुका रूपमा विकास गर्ने योजना अघि सारेको छ। यसका लागि सरकारले मध्यपहाडी क्षेत्रमा पूर्व-पश्चिम राजमार्ग निर्माण गर्ने भएको छ। यसका साथै सरकारले सार्क मल्टिमोडल प्रणाली अन्तर्गत ४ वटा सडक र दुईवटा रेल मार्ग समेत विकास गर्नेछ। यो योजनाअन्तर्गत सरकारले चीनसँग १० वटा र भारतसँग २२ वटा नाकामार्फत् सडक सम्पर्क हुन सक्ने योजनालाई प्राथमिकता दिएको छ।

### एक वर्षभित्र सडकले चार सदरमुकाम जोड्ने

सरकारले आगामी ३ वर्षभित्र सडकले नछोएका १३ जिल्ला सदरमुकममा सडक पुर्‍याउने कार्यक्रम घोषणा गरेको छ। ती १३ जिल्लामध्ये बझाङ, भोजपुर, संखुवासभा तथा जाजरकोट जिल्लाका सदरमुकाममा आगामी १ वर्षभित्र सडक पुग्नेछन।

### शिक्षा क्षेत्रमा तेऱ्ह अर्बको खाँचो

सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउन अघि सारेको नयाँ योजनालाई कार्यान्वयन गर्न थप १३ अर्ब रुपैयाँ आवश्यक देखिएको छ। सरकारले गत वर्ष शिक्षा क्षेत्रमा २३ अर्ब रुपैयाँ बजेट छुट्याएको थियो। शिक्षा मन्त्रालयका अनुसार अहिले सरकारले प्राथमिक तहमा प्रतिविद्यार्थी ३ हजार १ सय ६५ रुपैयाँ, निम्न माध्यमिक तहमा प्रतिविद्यार्थी २ हजार ५ सय ६८ रुपैयाँ तथा माध्यमिक तहमा प्रतिविद्यार्थी ४ हजार ६ सय १६ प्रतिवर्ष खर्च गर्दै आएको छ।

### आठ हजार बूढाबूढी वृद्धाश्रममा

नेपालमा आफ्नो घर छाडी वृद्धाश्रममा बसोबास गर्ने जेष्ठ नागरिकहरूको संख्या ८ हजारको हाराहारीमा पुगेको छ। ती जेष्ठ नागरिकहरू देशभरि छरिएका १ सय ५० भन्दा बढी वृद्धाश्रममा बसोबास गर्छन्।

### नातेदारबाटै शोषित

एकल जीवन बिताइरहेका नेपाली महिलाहरू नजिकका नातेदारहरूबाटै शोषित भैरहेको एक अध्ययनले देखाएको छ। उक्त अध्ययनअनुसार यौनशोषणमा पर्ने यस्ता एकल महिलाहरूमध्ये ६० प्रतिशत ससुराबाट, ३० प्रतिशत देबर वा जेठाजुबाट, ५ प्रतिशत श्रीमान्का साथीबाट र थप ५ प्रतिशत अरूबाट शोषित छन्। उक्त अध्ययनले एकल महिलाहरूलाई परिवार तथा समाजले पतिटोकुवा वा बोक्सीजस्ता आरोपसमेत लगाउने गरेको देखाएको छ।

## हाम्रो नेपालमा

### गीतको पीडा



*गर्नु गर्‍यौ बलराम भैंसी पालेर*
*दुनियाँलाई ढाँटेर खाँटी दूधमा पानी हालेर...*

प्रस्तुत गीत श्रोतामाझ जति लोकप्रिय बन्दै गएको छ त्यति नै बढी यो गीतबाट बलराम नाम गरेका किसानहरू पीडित भैरहेका छन्। 'भैंसी पालेर' एल्बमका लागि अर्जुन गैहे, राजु परियार र विष्णु माझीद्वारा स्वरबद्ध उक्त गीतले विशेष गरी भैंसी पालेर दूध बेची घरपरिवार चलाइरहेका बलराम नाम गरेका किसानहरू पेसै छोडेर बस्न बाध्य भएका छन्। यही गीतका कारण विगत १० वर्षदेखि दूध बेची पाँच छोरी र चार छोरासहित ११ जनाको परिवार पाल्दै आएका उदयपुर जिल्लाको हडिया गाविसका बलराम अधिकारीले साना बालबच्चादेखि लिएर बूढाले समेत गीत गाएर दिनरात जिस्क्याएपछि दूध बेच्ने पेसा चट्टै छाडेका छन्। रहरले होइन, बाध्यताले दूध बेच्ने पेसा छाड्न विवश बलरामलाई अहिले बिहान-बेलुकाको छाक जुटाउन र छोराछोरीलाई पढाउन समस्या परेको छ। साप्ताहिकसँगको भेटमा बलरामले भने- 'गीत-सन्देशमूलक भए पनि गीत लेख्दा र गाउँदा भने आमश्रोताहरूलाई त्यो गीतले कस्तो प्रभाव पार्छ भन्ने कुरा गायक-गायिकाले बुझ्नुपर्छ, त्यही नबुझिदिनाले म आफ्नो आयस्रोतको बाटो नै बन्द गर्न बाध्य भएँ।'

**-विमल खतिवडा**

### पापी पोईका विरुद्ध

हाम्रो समाजमा श्रीमान्-श्रीमतीलाई एक-अर्काको परिपूरकका रूपमा व्याख्या गर्ने चलन छ। कतिसम्म भने कानुनले सम्झौता भन्ने गरेको वैवाहिक सम्बन्धलाई शास्त्रले जन्म-जन्मको सम्बन्धका रूपमा व्याख्या गर्छ। यस्तो अवस्थामा कुनै श्रीमान्ले केही पैसाका लागि आफ्नै सहधर्मिनी श्रीमतीलाई वेश्यालयमा बिक्री गर्न सक्छ भन्ने कुरा पत्याउन गाह्रै हुन्छ। तर यस्तै एउटा घटना कैलाली जिल्लाको चुहा गाविसमा घटेको छ। समाचारअनुसार कालीकोटबाट बसाइँ सरेर आएका पाण्डव विष्टले आफूलाई मुम्बईस्थित एक वेश्यालयमा बिक्री गरेको आरोप स्वयं उनकी श्रीमतीले स्थानीय प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिँदै लगाएपछि अहिले विष्ट घरको न घाटको भएका छन्। श्रीमती विष्टका अनुसार श्रीमान्ले विवाह गरेको नौ महिनापछि सांगीतिक कार्यक्रमको बहानामा उनलाई मुम्बईको कोठीमा बिक्री गरेका थिए। ती महिला उक्त कोठीमै यौन व्यवसायमा संलग्न अर्की एक नेपाली महिलाको सहयोगमा भाग्न सफल भएकी थिइन्।

### अन्धो प्रेम

प्रेमको कुनै जात हुँदैन। प्रेमको कुनै उमेर हुँदैन। प्रेमले कुनै पनि बन्धन स्वीकार गर्दैन। प्रेम शाश्वत सत्य पनि हो। हामीले प्रेमसँग गाँसिएका यी कुरा युगौंदेखि हामी सुन्दै आएका छौं, तर प्रेम गर्ने वा प्रेममा पर्ने एउटा उमेर हुन्छ। प्रेमको आकर्षणमा पर्नेहरू प्रायः २५ कटेका हुँदैनन्। तर के तपाईं पत्याउनुहुन्छ ? तनहुँको घाँसीकुवा गाउँका ८० वर्षीय वृद्ध र ७७ वर्षीया वृद्धा अहिले एक-अर्काको प्रेममा पागल भएर प्रेमविवाह गर्नसमेत भ्याएका छन्। समाचारअनुसार घाँसीकुवाका घले गुरुङ र ठगिसरा गुरुङले काल पर्खिनुभन्दा एक-अर्कासँग विवाह गर्नु नै उचित माने। अचम्मको कुरा त के छ भने उनीहरूले विवाह गरेपछि गाउँलेहरूले पनि कुरा काटेनन्। बरु सबै मिलेर उनीहरूलाई बाँकी जीवन प्रेमपूर्वक बाँच्न बधाईसमेत दिए। आफ्नो विवाहका बारेमा वृद्ध घले गुरुङ भन्छन्- हामीले यौनसम्पर्क राख्नका लागि नभै मनका भावना साटासाट गर्न यो विवाह गरेका हौं।

**र अन्तमा**

विवाह गरेर घर भित्र्याएकी आफ्नी श्रीमतीलाई जो कसैले पनि माया नै गर्छ, तर मोरङ जिल्लाको श्रीचौर गाविस वडा नम्बर ४ का टेकबहादुर तामाङले आफ्नी दुलहीलाई खुर्पाले काटेर आफू पनि घरको धुरीमा झुन्डिएर आत्महत्या गरेका छन्।

## ह्यान्डसम देख्दा हुरुक्कै



पृष्ठ १ बाट जारी

कठिन भएको उनले बताए। परिवार, साथीभाइ र समाजले वहिष्कार गर्ने डर उनीहरूमा छ। अभिभावकले समलिङ्गी भएको थाहा पाएपछि घरबाटै निकालेको समाचार पत्रपत्रिकामा बारम्बार प्रकाशित हुँदै आएको छ।

'परिवारको इज्जत फाल्यो, काम गरेन, विवाह गरेन, तँ हिजडा भनेर दाजुले घरमा सधैं टर्चर दिन्छन्,'-डिनाले आफ्नो पीडा व्यक्त गरे। त्यसैले उनी सात वर्षयता धेरै समय घरबाहिरै बस्दै आएका छन्। घरमा बस्दा उनले चिया, खाजा पकाउने, घर सफा गर्ने, कपडा धुनेजस्ता नेपाली समाजमा महिलाले गर्ने सबै काम गर्छन्। पकेट खर्च नदिने, भात खान नदिने, बेवास्ता गर्नेजस्ता परिवारले दुर्व्यवहार गरेको पीडाको अनुभव उनीसँग छ। घरमा बुहारी भित्र्याएन भनेर अभिभावकको कचकच त छँदै छ। लेस्बियनलाई पुरुषसँग विवाह गर्न दबाव दिनु सामान्य मानिन्छ।

**अधिकार खोज्दै**

समलिङ्गीहरूको हकहित र उपचारका निम्ति डीएफआईडीको सहयोगमा इटहरीमा स्थापित प्रोजेक्टका सुपरभाइजर प्रकाश निरौलाका अनुसार पूर्वाञ्चलमा वीडीएसको सम्पर्कमा १ हजार ५ सय समलिङ्गी छन्। जसमध्ये ३०-४० जना लेस्बियन छन्। उनीहरू गोप्य रूपमा रहन चाहन्छन्। गोप्य रूपमै साथी खोजेर यौन सन्तुष्टि लिन्छन्। गोप्यता उनीहरूको अधिकार हो।

शारीरिक संरचना विपरीतको यौन चाहना भएका समलिङ्गीहरूको ठूलो संख्या परम्परागत नेपाली समाजमा रहेको अनुमान छ। शैक्षिक प्रभाव, प्रभावकारी बन्दै गएको मानवअधिकारको नारा, एचआईभी एड्सजस्ता यौनरोगहरूबाट आफूलाई बचाउनका निम्ति केही वर्षयता सार्वजनिक हुने समलिङ्गीहरूको संख्या ह्वात्तै बढेको छ। सामाजिक अपहेलनाका बाबजुद पनि उनीहरू समान लिङ्गीप्रतिको आकर्षणमा गर्व गर्न सक्ने भएका छन्। नारा-जुलुस र मिडियाबाटै उनीहरू मानवअधिकारको माग गरिरहेका छन्। उनीहरू आफ्ना अधिकार अब बन्ने संविधानसभामा सुरक्षित गर्नसमेत माग गरिरहेका छन्।

**राम्रो आम्दानी**

समाजमा अल्पसंख्यक समलिङ्गीको अधिकार सुरक्षित गर्न तथा स्वास्थ्यका निम्ति धेरै संस्थाले काम सुरु गरेका छन्। यस्ता प्रोजेक्टमा समलिङ्गीलाई नै प्राथमिकता दिइन्छ। डीएफआईडीको क्षेत्रीय प्रोजेक्टमा झन्डै दुई दर्जन समलिङ्गी कार्यरत छन्। उनीहरू मासिक तलब कम्तीमा ७ हजार रुपैयाँ बुझ्छन्।

प्रोजेक्टबाट मात्र होइन, उनीहरू यौन सन्तुष्टीको बिक्रीबाट पनि मोटो रकम कमाउँछन्। डिना भन्छन्-'धनाढ्य युवाहरू यौनसन्तुष्टिका निम्ति होटलमा बोलाउँछन्, ख्वाउने बाहेक यौनसन्तुष्टि लिएपछि कम्तीमा



हजार रुपैयाँ दिन्छन्।' ग्राहक सन्तुष्ट भए ५-७ हजारसम्म पाइने उनले बताए। समलिङ्गीहरूलाई सेल्स सेक्सको अफर धेरै आउने गरेको बताइन्छ। 'तर मासिक ५-७ पल्टभन्दा बढी गर्दैनौं, स्वास्थ्यको ख्याल पनि गर्नुपर्छ,' डिनाले बताए। सेल्स सेक्समा एकै जनाबाट राजधानीमा ५ देखि २० हजार रुपैयाँसम्म आम्दानी गरेको जुली सुनाउँछन्। ठूलो सहर, धेरै जनसंख्या र कमैले चिन्ने भएकाले काठमाडौंमा सेल्स सेक्सबाट मासिक लाखौं रुपैयाँ कमाउन सक्ने दाबी गर्दै उनले भने-'तर मोफसलमा बाँच्नै कठिन छ। आफ्नो यौनचाहना पूरा गर्न आफै खर्च गनुपर्ने बाध्यता छ।'

**असुरक्षित भविष्य**

समलिङ्गीहरू आपसमा विवाह गरेर घरजम गर्न चाहन्छन् तर कठोर सामाजिक संरचनाले उनीहरूको चाहना तुहाएको छ। २२ वर्षीय मेटी मुस्कान भन्छन्- 'लभ परेको ३ वर्ष भैसक्यो, चाँडै विवाह गर्न खोज्छौं तर समाजले वहिष्कार गर्छ कि भन्ने डरले विवाह गर्न सकिरहेका छैनौं।' उनको लक्ष्य नै विवाह गरी कुशल गृहिणी बन्ने हो। अभिभावक र समाजको डरले केही समलिङ्गीले आफ्नो यौनचाहनाविपरीत पनि विवाह गरेका छन्। केही समलिङ्गी आपसमा विवाह गरेर सँगै बसेका पनि छन् तर धेरैलाई समाजले नकारात्मक दृष्टिले हेर्ने गरेको छ। धेरै जोडीलाई परिवार र समाजले सँगै बस्न दिइरहेको छैन। विवाह गरेका जोडी पनि पाको उमेरमा कसको सहारामा बाँच्ने भनेर चिन्तित छन्।

## बहाना गर्मीको

पृष्ठ १ बाट जारी

पोखराकै कुरा गर्दा अहिले स्वीमिङ गर्नेहरूको जगजगी छ। स्वीमिङ पुलदेखि तारे होटलहरूमा चिसोको चुस्की लिँदै स्वीमिङ पुलमा हाम फाल्नेहरू कम छैनन्। समूह बनाएर आउने हुन् वा जोडीमा यतिबेला धेरैको पहिलो रोजाइ स्वीमिङ नै हुने गरेको छ। यहाँका पौडीपारखीहरूका लागि स्वीमिङ पुल एक मात्र गन्तव्य होइन। फेवातालको पानीमा धुइरिनेहरू पनि त्यतिकै भेटिन्छन्। वैशाख महिना सुरु भएपछि यहाँका स्वीमिङ पुल र फेवातालमा पौडी खेल्नेहरूको ताँती लाग्छ। मोडल कमला पुन पनि पौडी सिक्ने तयारीमा छिन्। उनी भन्दै थिइन्- 'शरीरमा स्फूर्ति बढाउन र सिक्नका लागि स्वीमिङ पुल जाने तयारीमा छु।'

शिक्षा

# उडान बादलबीचको



समय प्रतिस्पर्धात्मक भएकाले अधिकांश युवा आफ्नो क्यारियरको दिशा पहिल्याउने विषयमा सचेत एवं संवेदनशील देखिन्छन् । अझ नाम, दाम तथा सम्भावनाको क्षेत्रको खोजी एवं छनौटमा उनीहरूको आकर्षण बढेको पाइन्छ । सम्भवतः यही कारणले गर्दा एयर होस्टेज अर्थात् विमान परिचारिकाको क्षेत्रमा थुप्रै युवती आफ्नो क्यारियर बनाउन लालयित देखिन्छन् । सुरिना २० वर्षकी भइन् । उमेरले बुझ्ने अवस्था भएदेखि उनको मनमा बादलबीच उड्ने रहर पलाएको थियो । दस जोड दुई सकिनेबित्तिकै उनले विमान परिचारिकासम्बन्धी तालिम लिइन् । २२ वर्षीया आरजुको कथा भने छुट्टै छ । उनको पनि सपना विमान परिचारिका बन्नु नै हो तर करिव दुई वर्षपछि उनको विवाह हुने पक्का भैसकेको छ । यद्यपि उनी यो दुई वर्षकै लागि भए पनि आफ्नो रहर पूरा गर्न चाहन्छिन् ।

**जिम्मेवारीपूर्ण मुस्कान**

विमान परिचारिकाको पेसामा ग्ल्यामर त छँदैछ साथै यात्राको रोमाञ्चकता, विभिन्न स्थानको भ्रमण, विभिन्न व्यक्तिसितको भेटघाट, जनसम्पर्कको अवसर, आकर्षक आयआर्जन तथा सेवा र वैदेशिक सम्भावना आदिका कारण यो क्षेत्रतर्फ युवतीहरूको क्रेज बढेको देखिन्छ । आकर्षक व्यक्तित्व, मुहारमा मधुर मुस्कान, विनम्र व्यवहार, सहनशीलता, शालीन आचरण, मिलनसारिता, सतर्कता तथा आत्मविश्वास विमान परिचारिकाको स्वभावगत परिचय हो । विमानमा यात्रा गर्ने यात्रुको हरसम्भव ख्याल राख्नु नै उसको मुख्य जिम्मेवारी हो । विमान परिचारिकाले यात्रुलाई सम्भव भएसम्मको सूचना, सहायता एवं सम्पूर्ण सुविधा प्रदान गरी उसको यात्रालाई सुगम बनाउने प्रयास गर्नुपर्छ ।

यात्रुले विमानमा प्रवेश गर्नुअगावै उसको काम प्रारम्भ भैसकेको हुन्छ । उडान भर्नुअघि सुरक्षादृष्टि जाँच, हवाईजहाजको स्वच्छता, ताजा खबर पत्रिकाको व्यवस्था आदि मिलाउनुपर्छ । यात्राको अवधिअनुसार यात्रुका लागि भोजन तथा पेयपदार्थको बन्दोबस्तमा ध्यान पुऱ्याउनुपर्छ । विमान परिचारिकाले मुहारमा मुस्कान भरेर न्यानो अभिवादनसहित यात्रुलाई विमानमा स्वागत गर्दै निर्धारित सिटसम्म पुऱ्याउने, उनीहरूको सरसामानको उचित व्यवस्था गरिदिने, सिट बेल्ट बाँध्न सहयोग गरिदिने आदि काम उडान भर्नु अगावै गर्नुपर्ने हुन्छ ।

उडानको अवधिमा उसले हवाईजहाज उड्न लागेको तथा ल्यान्ड गर्न लागेको, सुरक्षा एवं आपत्कालीन उपाय, मौसमको स्थिति आदि सूचना प्रवाह गर्नुपर्ने हुन्छ । विमान परिचारिकाले आफ्नो थकानलाई बिर्सेर मुहारमा मुस्कान भर्दै यात्रा अवधिभर यात्रुको सुविधाका सम्बन्धमा सतर्क एवं सचेत रहनुपर्ने हुन्छ । विमानपरिचारिका सुन्दर, आकर्षक तथा शालीन देखिनुका साथै सतर्क, सभ्य र सहनशील हुनु पनि उत्तिकै आवश्यक छ । उसको व्यवहारबाट यात्रुलाई कुनै किसिमको नराम्रो अनुभूति हुनुहुँदैन । यात्रुलाई खाना वा पेयपदार्थ सर्व गर्दा स्वाभाविक सहयोगी व्यवहार, विनम्र आचरण एवं माधुर्य मुस्कानबाट यात्रुको मन जित्ने प्रयास गर्नुपर्छ ।

यात्रुको जिज्ञासा तथा समस्याको हरसम्भव समाधान गर्ने प्रयास उसबाट हुनुपर्छ । अस्वस्थ यात्रु, बालबालिका, एक्लै यात्रा गरिरहेका वृद्धवृद्धा आदिको विशेष ख्याल गर्नुपर्छ । यात्राका क्रममा कुनै विपत्ति सामना गर्नुपरे सुरक्षालाई प्राथमिकता दिँदै धैर्यतापूर्वक यात्रुलाई सहयोग गर्दै उसलाई सुरक्षाका सम्बन्धमा विश्वस्त राख्न पनि विमान परिचारिकाले जान्नुपर्छ । हवाई-जहाजको अवधारणासँगै यात्रुलाई धन्यवादपूर्ण बिदाइ गरेपछि उनको त्यो उडानको जिम्मेवारी पूर्ण हुन्छ ।

**आवश्यक योग्यता र चयन प्रक्रिया**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमान कम्पनीहरूमा विमान परिचारिकाको योग्यता एवं चयन प्रक्रियामा केही कुरा फरक पाइए पनि समग्रमा इच्छुक युवती कम्तीमा प्रमाणपत्र तह वा सो सरहको अध्ययन पूरा गरेको, अविवाहित तथा १९ देखि २५ वर्ष उमेरभित्र हुनुपर्ने, कम्तीमा ५ फिट ३ इन्च उचाइ भएको, आँखामा चस्मा वा कन्ट्याक्ट लेन्स प्रयोग नगरेको, सामान्य दृष्टि भएको हुनुपर्ने अनिवार्यतालाई अँगालेको देखिन्छ ।

केही समयअघि राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम तथा निजी विमान कम्पनी एयर नेपाल इन्टरनेसनलले आफ्नो संस्थामा विमान परिचारिकाका लागि इच्छुक युवतीहरूबाट आवेदन माग गरेका थिए । जसअनुसार नेपाल वायुसेवा नगमले उड्डयन सेवा, क्याबिन क्रू समूहअन्तर्गत पाँच तहमा विमान परिचारिका पदका लागि माग गरेअनुसारको योग्यता पुगेका इच्छुक अविवाहित नेपाली महिला उम्मेदवारहरूले निगमले वितरण गरेको दरखास्त फारम भरी आफूले प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू, उमेर खुलेको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रका प्रतिलिपिहरू तथा आफू अविवाहित भएको भन्ने कुराको आफ्नो अभिभावकको लिखित कागज १/१ प्रति नेपाल सरकारको राजपत्रांकित वा संस्थाका तर्फका सो सरहका अधिकृतबाट नाम दर्ता र कार्यालय प्रष्ट खुलाई प्रमाणित गराई परीक्षा दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालयस्थित चल्ती खातामा जम्मा गरेको भौचर एक प्रति दरखास्त फारमका साथ नत्थी गरी निगमको कर्मचारी प्रशासन तथा साधारण सेवा विभागमा बुझाउनुपर्ने प्रावधान राखिएको थियो । नेपाल सरकारको कार्यालय तथा अन्य संस्थामा बहाल रहेका कर्मचारीको हकमा भने सम्बन्धित कार्यालयको विभागीय स्वीकृति दरखास्त फारमका साथ पेश गर्नुपर्ने कुरा पनि उल्लेख थियो ।

जापानको भागोया इन्टरनेसनल सर्भिसेज कर्पोरेसनको व्यवस्थापनमा सञ्चालन हुन लागेको एयर नेपाल इन्टरनेसनल प्रा.लि. ले आफ्नो अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक विमान परिचारिकाका लागि भने इच्छुक उम्मेदवारबाट आफ्नो बायोडाटासहित, शैक्षिक योग्यता तथा नागरिकताको प्रतिलिपि ४/६ फुल लेन्थ र २/२ हाफ साइज फोटो तथा आफू अविवाहित भएको र अभिभावकको अनुमतिपत्रसहित दरखास्त माग गरिएको थियो ।

**अन्य आवश्यक योग्यताका सम्बन्धमा (नेपाल वायुसेवा निगम)**

(१) **शैक्षिक योग्यता** : कम्तिमा प्रमाणपत्र तह वा सो सरह ।
(२) **प्रशिक्षण** : नेपाल नागरिक उड्डयन प्राधिकरणबाट मान्यताप्राप्त संस्थाबाट कम्तीमा साढे २ महिने बेसिक एयर होस्टेज प्रशिक्षण प्राप्त गरेको ।
(३) **वाञ्छनीय योग्यता** : अंग्रेजी भाषाको विशेष ज्ञानका साथै जापानी, फ्रेन्च, चाइनिज, जर्मन, स्पेनिस भाषाको राम्रो ज्ञान भएको ।
(४) **उमेर** : १८ वर्ष पूरा भै २५ वर्ष ननाघेको ।
(५) **उचाइ र तौल** : न्यूनतम ५ फिट ३ इन्च उचाइ हुनुपर्ने, तौल उचाइअनुसार ।
(६) **आँखाको दृष्टि** : चस्मा र कन्ट्याक्ट लेन्स प्रयोगकर्ता हुन नहुने ।
(७) **नागरिकता** : नेपाली ।
(८) **परीक्षा दस्तुर** : ४ सय रुपैयाँ ।

**अन्य आवश्यक योग्यताका सम्बन्धमा (एयर नेपाल इन्टरनेसनल प्रा.लि.)**

(१) **शैक्षिक योग्यता** : कम्तिमा प्रमाणपत्र तह वा सो सरह ।
(२) **प्रशिक्षण** : बेसिक क्याबिन क्रुसम्बन्धी प्रशिक्षण प्राप्त गरेको वा नर्सिङ हस्पिटालिटी म्यानेजमेन्ट सम्बन्धी प्रशिक्षण प्राप्त गरेको, पौडी खेल्न जान्ने ।
(३) **वाञ्छनीय योग्यता** : अंग्रेजी भाषाको विशेष ज्ञानका साथै जापानी, फ्रेन्च, चाइनिज, जर्मन, स्पेनिस भाषाको राम्रो ज्ञान भएको ।
(४) **उमेर** : १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको ।
(५) **उचाइ र तौल** : न्यूनतम ५ फिट ३ इन्च उचाइ हुनुपर्ने, तौल उचाइअनुसार ।
(६) **आँखाको दृष्टि** : चस्मा र कन्ट्याक्ट लेन्स प्रयोगकर्ता हुन नहुने ।
(७) **नागरिकता** : नेपाली ।
(८) **परीक्षा दस्तुर** : ५ सय रुपैयाँ ।

उल्लेखित दुवै संस्थामा विमान परिचारिका पदका लागि आवेदन दिएकामध्येबाट गरिने छनौट प्रक्रियाका सम्बन्धमा पहिले लिखित परीक्षा, त्यसपछि शारीरिक तथा स्वास्थ्य परीक्षण र यी दुवैमा सफल भएपछि मात्रै अन्तर्वार्तामा बोलाइने प्रावधान राखिएको थियो । प्रायःगरी विमान परिचारिकाका लागि लिइने लिखित परीक्षामा केही वस्तुगत प्रश्नका साथै सामान्य ज्ञान, भाषामा निपुणता एवं मानसिक क्षमता जाँच गर्ने प्रश्नहरू सोधिन्छन् । साक्षात्कारमा विभिन्न स्थिति विश्लेषणका साथै एभिएसन, पर्यटन तथा हस्पिटालिटी मेनेजमेन्टसम्बन्धी विचारविमर्श गरिन्छ ।

**– रोजिन शाक्य**

## क्यारियर विस्तारको सम्भावना र आयआर्जन

बादलबीच उडानको क्यारियरमा रोमाञ्च र चुनौती दुवै विद्यमान छन्, तथापि यसमा सम्भावना अर्थात् अवसर पनि थुप्रै देखिन्छन् । सुरुको नियुक्ति एयर होस्टेजका रूपमा भए पनि वरिष्ठ एयर होस्टेज, ड्युटी चिफ एयर होस्टेज एवं चिफ एयर होस्टेजसम्मको सम्भावना हुन्छ । सरकारी निकायमा तह वृद्धि हुँदै जाने क्रममा सोहीअनुरूप तलब पनि वृद्धि हुन्छ । विमान परिचारिकाको तलब र अन्य लाभ एयरलाइन्सको नियमअनुसार हुने भए पनि मुख्य तलबका अतिरिक्त यात्रा भत्ता, वर्षमा एक वा दुईपटक आफू र आफ्नो परिवारको एक सदस्यका लागि निःशुल्क हवाईटिकट, चिकित्सा सुविधा, जीवन बीमा सुविधा लगायत अन्य लाभ प्राप्त हुनसक्छ । अन्तर्राष्ट्रिय एयरलाइन्समा समेत सम्भावना उत्तिकै रहन्छ । हाल कतार एयरवेजमा थुप्रै नेपाली युवतीले अवसर पाएका छन् । सिसिलिया गुरुङ, अर्पणा श्रेष्ठ, बबिता शर्मा आदि कतार एयरवेजमा अवसर पाएका केही नाम हुन् ।

## प्रशिक्षणका कुरा

विगतमा एयरलाइन्सहरूले एयर होस्टेज माग गरेर त्यहीँबाट प्रशिक्षण दिई काममा लगाए पनि अहिले भने प्रशिक्षण लिएकाहरूलाई नै विशेष ग्राह्यता दिन थालिएको छ । त्यसैले हिजोआज एयर होस्टेजसम्बन्धी तालिम दिने संस्थाको संख्या पनि बढ्दै गएको छ । एयर होस्टेजसम्बन्धी कोर्सलाई बेसिक तथा एड्भान्स गरी दुई तहमा छुट्याइएको छ जसअन्तर्गत सैद्धान्तिक र प्रयोगात्मक रूपमा सर्भिस के हो ?, ग्राहकसँगको अन्तर्क्रिया, संवाद, हवाईजहाजको उपकरण ह्यान्डल गर्ने विधि आदि प्रमुख रूपमा सिकाइन्छ । यसैगरी आपतकालीन अवस्थामा जोगिने उपायका सम्बन्धमा पनि प्राथमिकताका साथ जानकारी दिइन्छ । यसका अतिरिक्त व्यक्तित्व विकास, टिकटिङ, एयरक्राफ्ट जिम्मेवारी र कर्तव्य, फ्लाइट अनाउन्समेन्ट, फ्लाइट इक्युपमेन्ट, सुरक्षा, साधारण स्वास्थ्य उपचार, बोर्डिङ कार्ड चेक गर्ने विधि, लामो र छोटो दूरीको उडानमा ब्रेकफास्ट, लन्च, डिनर सर्भ गर्ने तरिकालगायत अन्तर्वार्ता दिने शैली, निवेदन दिने तरिका, तस्बिर खिच्ने-खिचाउने तरिका आदिका सम्बन्धमा पनि जानकारी प्रदान गरिन्छ । एयर होस्टेजसम्बन्धी प्रशिक्षणमा बेसिक कोर्स तीन महिने र एड्भान्सतर्फ एक वर्षसम्मको कोर्स हुन्छ । जसअनुसार कम्तीमा ३० हजारदेखि ९० हजार वा त्यसभन्दा बढी खर्च लाग्न सक्छ । एड्भान्स कोर्सअन्तर्गत ६ महिने कोर्स नेपालमा र बाँकी ६ महिने कोर्स भारतमा गराइन्छ । हाल नेपालमा एयर होस्टेज ट्रेनिङ इन्स्टिच्युट, द फ्लाइट इन्स्टिच्युट, इन्फ्लाइट इन्टरनेसनल इन्स्टिच्युट अफ एभिएसन एन्ड म्यानेजमेन्ट, सिवानी एयर, एयर होस्टेज एकेडेमी आदि संस्था एयर होस्टेज प्रशिक्षणमा सक्रिय छन् ।

## राजेश-धीरेन फेरि आमुन्ने सामुन्ने

अभिनेता राजेश हमाल र कुनै बेलाका चल्तीका नायक धिरेन शाक्य फेरि मल्लयुद्धमा उत्रने भएका छन् । अन्तवार्ताका क्रममा अभिनेता राजेश हमालसँग जाइलाग्ने धिरेन चलचित्रको पर्दामा चाहिँ कमै यस्तो मल्लयुद्धमा होमिएका छन् तर अब उनीहरूबीचको टक्कर चलचित्र नेपालमा देख्न पाइनेछ ।

टेलिचलचित्र तीतो सत्यका गैंडा अर्थात् कलाकार निर्मल शर्मा तथा अमेरिका बसिरहेका नायक सुधांशु जोशीले संयुक्त रूपमा बनाएको चलचित्र नेपालमा राजेश र धिरेनको मल्लयुद्ध हेर्न पाइनेछ । दर्जनौं अन्तवार्ताका क्रममा राजेश हमाललाई जित्ने दाबी गर्ने धीरेन केही समयदेखि चलचित्रविहीन झैं थिए । त्यसपछि यी दुईका चलचित्र अति कम बन्न थाले । त्यही ग्यापलाई चलचित्र नेपालले सदुपयोग गरेको बताइन्छ । नेपालका निर्देशक दयाराम दाहाल हुन् । यो चलचित्रको निर्माणकार्य सकिएको कुरा निर्माता निर्मल शर्माले बताए ।



गफै त हो

## ओरालो लागेको मृगलाई बाच्छोले पनि लखेट्छ



सन्तोष पन्त कुनै समयका अत्यन्तै लोकप्रिय हास्यकलाकार हुन् भन्दा फरक नपर्ला । नेपाल टेलिभिजनको पर्दामा आउने लोकप्रिय हास्य टेलिश्रृङ्खला पहिले 'आजभोलिका कुरा' र पछि 'हिजोआजका कुरा' ले सन्तोष पन्तको उचाइ बढाएको थियो । ५ सयभन्दा बढी श्रृङ्खला प्रसारण भएको 'हिजोआजका कुरा' शिखरमा पुगिसकेपछि त्यसले शिखरलाई थाम्न सकेन र ओह्रालो झर्न थाल्यो, अर्थात् जनरुचिका कार्यक्रम प्रसारण गरिरहेका पन्तले अब मैले जे गरे पनि हुन्छ भनेर जस्तो पायो त्यस्तै कार्यक्रम निर्माण गर्न थाले । कतिसम्म भने नेपाली जनताको ठूलो हिस्सा जनआन्दोलनको आवश्यकता महसुस गरिरहेका बेला पन्त भने शाही भजन गाउँदै राजनैतिक दलहरूको खोइरो खनिरहेका हुन्थे । आखिर जनरुचिभन्दा बाहिर जाँदा कस्तो अवस्था हुन्छ भन्ने तथ्यलाई हिजोआजका कुराको अवसानले पुष्टि गऱ्यो । त्यसपछि पन्त केही समय अस्ट्रेलियातिर बरालिएर काठमाडौं फर्किए । पन्त केही समयअघि आयोजित एउटा एवार्ड समारोहमा राति अबेरसम्म देखिए । निन्याउरो मुहार बनाएर हिँडिरहेका पन्तले आयोजकहरूले आफ्नो अपमान गरेको बताए पनि कार्यक्रम सकुन्जेल त्यहीं बसे । त्यतिमात्र होइन, कार्यक्रम चलिरहँदा उनी एक जना व्यापारीसँग अनुनय-विनय गरिरहेका थिए । कुराको चुरो बुझ्दा आफूलाई एवार्ड हस्तान्तरण गर्ने कलाकारहरूको सूचीमा नराखिएकाले उनी त्यसको व्यथा पोख्दै रहेछन् । पन्तले लगभग रुँदै अझै पनि कार्यक्रम सकिएको छैन, मभन्दा कनिष्ठले एवार्ड वितरण गरिरहेका छन्, एकपटक ट्राई गरिदिने कि भनिरहेका रहेछन् । यो कुरा आयोजकसम्म पुगे पनि त्यसको वास्ता गरिएन, ओरालो लागेको मृगलाई बाच्छोले पनि लखेट्छ भनेको यही होला, हैन त ?

## हराए जुजुभाइ



आजभन्दा तीस वर्षअघि चलचित्र कुमारी प्रदर्शनमा आएपछि उक्त चलचित्रका खलनायकले काठमाडौंका गल्लीमा हिंड्न छोड्यो । उनलाई देखेपछि, केटाकेटीहरू भागाभाग गर्थे । जुजुभाइ आयो भनेपछि रोइरहेका बालबालिकाहरू चुप लाग्थे । प्रथम रंगीन नेपाली चलचित्र कुमारीका खलपात्र जुजुभाइ अर्थात् गौतमरत्न तुलाधर आफ्नो विगत यसैगरी सम्झिन्छन् । गौतमरत्न तुलाधरलाई फेरि एकपटक कुमारीमा जस्तै डरलाग्दो भूमिका निर्वाह गर्ने रहर छ तर उनलाई कसैले अफर गरेको छैन । तुलाधर भन्छन्- मलाई काम दिनुहोस् भन्ने बानी छैन, काम गर्नुपऱ्यो भनेर कोही आउँदैनन् । कुमारीमा कलाकार भएताका गौतम नाचघरका जागिरे थिए । उनी नाचघरमा भैरवनृत्य गर्थे, भैरव नृत्य गरेरै उनले दर्जनौं स्वदेशी तथा विदेशी मञ्चमा आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् तर अहिले त्यो पनि छैन । तुलाधर भन्छन्- मञ्च मात्रै परिवर्तन भएको हो, मचाहिं नाचिरहेकै छु । उनको संकेत चित्रकलातर्फ हो । गौतमरत्न राम्रा चित्रकार पनि हुन् । गौतमरत्न रंगमञ्च तथा चलचित्रको पर्दामा चाहिं देखिन छाडेका छन् । आधा दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका गौतम आफूले अभिनय गरेको अर्को चलचित्र जुनि पनि सम्झिन लायक रहेको बताउँछन् । अब जुजुभाइ हराएको हो ? उनी भन्छन्- बाँचिरहे एक न एकपटक फेरि आउँछु ।

## डुब्यो चार लाख

कुनै चलचित्र निर्माता चलचित्र प्रदर्शनअगावै घाटामा परेको कतै सुन्नुभएको छ ? कलिउडमा जे पनि हुन सक्छ । यस्तैमा एक जना निर्माता चलचित्र प्रदर्शनमै नआई ठूलो घाटाको सिकार भएका छन् । ती निर्माता हुन् नरेन्द्र थापा । उनी अहिले 'देशदेखि विदेश' शीर्षकमा एउटा चलचित्र



निर्माण गर्दैछन् । चलचित्रको पूरै छायाङ्कन सकिएपछि खिचिएका रिल लिएर उनी मुम्बई गएछन् । त्यहाँ रिल धुलाउने क्रममा थाहा भयो कि खिचिएका दुईवटा गीत र अन्तिम दृश्यमा त 'लाइट पास' भएको रहेछ । १२ वटा रिलका क्यान र छायाङ्कन खर्च सबै नोक्सान भयो । क्यामेराम्यान शिव ढकालसँग सोध्दा थाहा भयो– क्यामेरा बिग्रिएकाले त्यसो भएको हो । क्यामेरा भाडामा लिने ठाउँमा उजुरी गर्दा उनीहरूले मुम्बईको रिल धुलाउने ठाउँमा लापरवाही गरिएको दोष लगाए । त्यस्तो हुनुमा को दोषी भनेर पत्ता लगाउन समय खेर फाल्नुभन्दा थापाले बिग्रिएका दुई गीत र अन्तिम दृश्यको पुनः छायाङ्कन गर्ने निधो गरे । थापाले पहिलो चलचित्रमै छायाङ्कनअगावै झन्डै चार लाखको घाटा बेहोर्नुपऱ्यो । सुनिन्छ– चलचित्रका कलाकार दिलीप रायमाझी, निखिल उप्रेती, ऋचा घिमिरे, प्रेरणा शर्मालगायत केही प्राविधिकले पुनः समय दिएर थापालाई सहयोग गरेका छन् ।

## नारायण पुरी आक्रोशित



चलचित्र विकास बोर्डमा राजनीति हावी भएपछि निर्देशक समाजका अध्यक्ष नारायण पुरी आक्रोशित छन् । पुरानो नेतृत्वले राजीनामा दिएपछि नयाँ नेतृत्वमा माओवादी कार्यकर्ता पुग्ने चर्चा बजारमा चलिरहँदा पुरी आक्रोशित भएका हुन् । कुराकानीका क्रममा पुरीले प्रतिप्रश्न गरे- 'मलाई बताउनुहोस्, माओवादीमा विकास बोर्डमा जान लायक एउटा चलचित्रकर्मी को छ ?' उनको भनाइ थियो, माओवादीमा एक जना पनि चलचित्रकर्मी विकास बोर्डमा जान लायक छैनन् ।

पछिल्लो समय राजनीतिले डामेका चलचित्रकर्मी मात्रै विकास बोर्डमा पुग्न थालेपछि स्वतन्त्र चलचित्रकर्मी क्रुद्ध बनेका हुन् । यतिबेला चलचित्रकर्मीले एउटा अघोषित मोर्चा नै बनाउन थालेको बताइन्छ । पुरी भन्छन्- अनुभवी र प्रतिष्ठित चलचित्रकर्मीबाहेकका मान्छेलाई बोर्डमा लागियो भने सम्पूर्ण चलचित्र क्षेत्रले बोर्डलाई वहिष्कार गर्नेछ ।

## होचा र अग्लाको सहकार्य

सुनीलदत्त पाण्डे नेपालकै अग्ला नायकका रूपमा चिनिन्छन । अर्का नायक दिलीप रायमाझी सहकर्मीहरूको तुलनामा होचै मानिन्छन् । होचा र अग्लाको सहकार्य कस्तो होला, आमदर्शकमा चासोको विषय बनेको छ । यी नायकद्वयको संयुक्त लगानीमा निर्माण भएको चलचित्र 'हामी साथीभाइ' प्रदर्शनको तयारीमा छ ।

कमै मात्र चलचित्रमा सँगै काम गरेका अभिनेताद्वयको 'पार्टनरसिप' कस्तो हुने हो, यसै भन्न सकिँदैन । दिलीप अहिलेका चलेका अभिनेताका रूपमा चिनिन्छन् भने सुनीलको पनि चर्चा त्यति नराम्रो छैन । सुनीलले यसअघि 'मेरी आमा' र 'भाग्य' आफैंले निर्माण गरेका थिए भने दिलीपले पहिलो पटक चलचित्र निर्माण गरेका हुन् । चलचित्र चल्छ, चल्दैन थाहा



नभए पनि आफू सफल हुने कुरामा भने दुवै आशावादी छन् ।


## दीपाश्री जिम जान्छिन्

टेलिनायिका दीपाश्री निरौला एक्सरसाइजका लागि जिमखाना जान्छिन् । सुन्नेलाई यो कुनै ठूलो कुरा भएन, किनभने कलाकर्मी आफूलाई फिट राख्न अलि बढी नै ध्यान दिन्छन् तर मोटाउँदा मोटाउँदा फुट्न लागेको शरीर प्रदर्शन गरेर दीपाश्रीले जिम जान्छु भन्दाचाहिँ देख्ने र सुन्नेहरू पक्कै हाँस्छन् ।

टेलिचलचित्र तीतोसत्यको लोकप्रियतासँगै चर्चित बनेकी दीपाश्री पहिलेको तुलनामा अहिले धेरै मोटी देखिन्छिन् । अमेरिका पलायन भएकी नायिका जल शाहको झलक दिने उनको शरीर किन र कसरी यस्तो भयो ? यस विषयमा कि स्वास्थकर्मीले निष्कर्ष निकाल्न सक्लान् कि उनको नजिकका मित्र दीपकराज गिरीले तर उनको मोटो शरीरका कारण ठूलो पर्दाका चलचित्र निर्माता–निर्देशक भने उनीतर्फ आकर्षित भएको पाइँदैन ।

शरीर मोटो भएपछि ठूलो पर्दाकाहरू तर्सिन्छन् भन्ने बुझेकी दीपाश्रीले पहिल्यै भनिदिइन्– अब म ठूलो पर्दाको चलचित्र खेल्दिन । भन्नका लागि उनले यसो भने पनि आखिर ठूलो पर्दाप्रतिको मोह उनमा कम भएको छैन । सायद त्यसैले होला हिंजोआज दीपाश्री फुर्तिका साथ जिम जान्छिन् ।





# हलको अनुहार कहिले देख्ने ?



'म पनि जान्छु मुग्लिन बजार, ए... माया पर्ख न' एकताका यो गीतले खुब बजार पिट्यो तर दर्शकले यसको दृश्यांकन अहिलेसम्म देख्न पाएनन् । यो चर्चित गीत समेटिएको चलचित्र 'सजाय' निर्माण सम्पन्न भएको आठ वर्ष बितिसक्दा पनि प्रदर्शनमा आउन सकेको छैन । लोकेन्द्र कार्की तथा रूपा राना अभिनीत यो चलचित्र प्रदर्शनमा नआउँदै निर्देशक कुन्दन खनालले 'मोहनी लाग्ला है' चलचित्र बजारमा ल्याए तर सजाय डिब्बामै थन्किरहेको छ ।

सुचित्रा श्रेष्ठ नेपालकै प्रथम महिला निर्देशकका रूपमा चर्चित छिन् तर उनको एकमात्र नासो 'प्रेमयुद्ध' जन्मिन भने सकेको छैन । प्रेमयुद्धको सुटिङ सम्पन्न भएको पनि पाँच वर्ष भैसकेको छ । त्यस्तै अरुणा लामाको अन्तिम गीत समेटिएको भनेर प्रचारित चलचित्र 'भगवान्' ले सात वर्ष बितिसक्दा पनि हलको अनुहार देख्न सकेको छैन । नायक धीरेन शाक्यको महत्त्वाकांक्षी चलचित्र 'भगवान्' रिलिज गर्न नसके पनि त्यसका निर्देशक राकेश मानन्धरले चलचित्र 'देशद्रोही' लाई भने दर्शकमाझ ल्याए । चलचित्र 'चिनारी' को कथा अलि बेग्लै छ । दिनेश शर्मा, विपना थापा तथा सुनिल थापा आदि कलाकारले अभिनय गरेको चिनारी सुटिङ सम्पन्न भएको पाँच वर्षपछि प्रदर्शनमा त आउन लागेको थियो तर रिलिजको चाँजोपाँजो मिलाइरहेकै बेला निर्माता डिल्ली घिमिरे वैदेशिक रोजगारीका लागि हल्याण्डतर्फ लागेपछि चिनारीलाई चिनाउने योजना त्यसै तुहियो । यद्यपि निर्देशक बद्री आचार्यले चिनारीलाई चाँडै प्रदर्शन गर्नेचाहिँ भन्न छाडेका छैनन् ।

पहिलो चलचित्र 'छहारी' बनाएपछि हौसिएका निर्देशक राम सुर्खेतीले कहिले नगरकोट, कहिले धुलिखेलको नाम परिवर्तन गरी निर्माण गरेको शिव श्रेष्ठ अभिनीत 'प्रेम तपस्या' ले पनि हलको मुख देख्न पाएको छैन । नवल खड्का एकपछि अर्को चलचित्र निर्माण गर्ने निर्मातामा गनिन्छन् तर उनले निर्देशन गरेको 'विश्वासघात' एक दशक हुन लाग्दा पनि प्रदर्शनमा आउन सकेको छैन । नवलले विश्वासघातको ढिलाइमा सहकर्मी निर्माताहरूले विश्वासघात गरेको बताएका छन् । 'पार्टनरहरूले धोका दिएपछि विश्वासघात चल्न सकेन' उनले भने ।

यस्तै नवल तथा प्रिया रिजाल अभिनीत 'पागल छ यो मन' पनि सुटिङ सकिएको चार वर्ष हुँदासम्म रिलिज गर्ने गाइँगुइँसम्म सुनिँदैन । यो चलचित्रका निर्देशक किशोर सुब्बा पूर्वाञ्चलमा एलसिडी फिल्ममा व्यस्त छन् । उता अमेरिकामा प्रवासी नायक-नायिका सरोज खनाल तथा कृष्टि मैनालीलाई अनुबन्धित गरी बनाइएको 'इष्टमित्र' पनि कतै देखापरेन । सरोज खनालद्वारा अभिनीत निर्देशक गगन विरहीको 'घरआँगन' को पनि अत्तोपत्तो छैन । चलचित्र 'हाउडे' ले माखो मार्न नसके पनि त्यसपछि 'द रिक्सा पुलर' बनाएका ईश्वर थापाले कहिले चलचित्र चलाउने हुन्, पत्तो छैन ।

यसैगरी निर्देशक अरुणकुमार झाको दुलही, विनोद सेरेङको बगर तथा सुजन लामाको खोलावारि खोलापारि निर्माण सम्पन्न भएको वर्षौं पुगिसकेको छ । ती चलचित्र पनि डब्बामै थन्किरहेका छन् । बगर र खोलावारि खोलापारि दुवै चलचित्रमा राजेश हमाल मुख्य भूमिकामा छन् । वरिष्ठ चलचित्रकर्मी नीर शाहको ड्रिम प्रोजेक्ट भनिएको 'कलियुग' वसन्ती पूरा हुनासाथ सुरु गरिएको र सुटिङ पूरा भए पनि प्राविधिक कार्यमै लामो समयसम्म अल्झिरहेको बताइन्छ । उता प्रचार सामग्री छ्यापछ्याप्ती पारिएको 'मन, मुटु र माया' तीन वर्षदेखि थन्किएको छ । निर्देशक सूर्य बोहोराको जापानमा सुटिङ भएको चलचित्र 'भृकुटी' तथा दीपक आलोकको 'बक्सिस' ८० प्रतिशत निर्माण कार्य पूरा हुँदा पनि सम्पन्न हुन सकिरहेका छैनन् ।

**मिलन के. राउत**




## राजवंशीको सांस्कृतिक कार्यक्रम

**कमल रिमाल**

विराटनगर– लोपोन्मुख राजवंशी संस्कृतिको संरक्षण एवं विकास गर्ने उद्देश्यले गएको शनिबार मोरङको कटहरीमा सांस्कृतिक कार्यक्रम सम्पन्न गरिएको छ । राजवंशी भाषा प्रचार समितिद्वारा आयोजित कार्यक्रममा राजवंशी कलाकारहरूले आफ्नै भाषाका गीतमा मौलिकता झल्कने आकर्षक नृत्यहरू प्रस्तुत गरे । मोरङका विभिन्न गाविसहरूबाट आएका राजवंशी कलाकारहरूले आफ्नो लोकसंस्कृति झल्कने वेशभूषामा सजिएर गीत तथा नृत्य प्रदर्शन गरेका थिए ।

लोप हुन लागेको राजवंशी संस्कृति एवं पहिचानलाई उजागर गर्दै कलाकारहरूले राजवंशी समुदायका मौलिक नृत्यहरू 'हुदुरधुरा' र 'वीरदापद' आदि कला प्रस्तुत गरे । राजवंशी समुदायका वृद्धहरूसमेत कला देखाउन मञ्चमा उत्रिएका थिए । 'पेटानी' र 'खड्की' मा सजिएका युवती र धोतीकर्तामा लगाएका युवाहरूले रोचक कला प्रस्तुत गरे । कार्यक्रमको मुख्य आकर्षण भनेको पुरुषलाई महिला बनाएर प्रदर्शन गरिएको हास्य कार्यक्रम थियो ।

प्रकृति पुजक राजवंशी जातिको मौलिक संस्कृतिको रंक्षाका लागि यस्तो कार्यक्रम गरिएको आयोजक समितिका अध्यक्ष नगेन्द्रप्रसाद राजवंशीले बताए । विराटनगरसँग जोडिएको कटहरीमा निर्माणाधीन चलचित्र भवनमा सम्पन्न कार्यक्रममा दर्शकहरूले आफ्नो मौलिक संस्कृति झल्कने प्रस्तुति देखेर छक्क परे । सहरिया संस्कृति र आधुनिकतामा ढल्दै गएका राजवंशी युवा पुस्ताका लागि नै पनि यस्तो कार्यक्रम अनौठो थियो । राजवंशी विकास समितिका केन्द्रीय उपाध्यक्ष बद्रीनारायण राजवंशीले राजवंशी समुदायको संस्कृति एवं भाषाका बारेमा आफ्नै समुदायका दर्शकलाई परिचय गराएका थिए ।

## धरानमा रक संग्राम



धरान- लेजरस सोलका भोकलिस्ट देवेन्द्र राईले अंग्रेजी ब्याण्ड विनको ह्याभी मेटल गीत 'विल रक यू' गाउन के सुरु गरेका थिए, हलमा खचाखच देखिएका किशोर-किशोरीहरू संगीतको तालमा टाउको हल्लाउन थालिहाले । त्यसपछि ब्रिटिस गोर्खा कम्युनिटी हलमा ५ वटा धराने रक ब्याण्डले लगातार तीन घण्टा पाश्चात्य संगीत क्रेजीहरूलाई लगातार नचाइरहे ।

डेढ महिना लामो तयारीपछि शनिबार टेम्के क्लबको ब्यानरमा आयोजित 'समर रक कन्सर्ट' धराने लोकल ब्याण्डहरूको कार्यक्रम भए पनि प्रस्तुति कुनै व्यावसायिक रक ब्याण्डको भन्दा कम रहेन । आफ्नै तथा अंग्रेजी रक र मेटल गीतहरू गाउँदै युवा संगीतकर्मीहरूले भरपूर मनोरञ्जन प्रदान गरे । 'स्थानीय संगीतकर्मीहरूले यस्तो राम्रो प्रस्तुति गर्न सक्छन् भन्ने कल्पना पनि गरेको थिइन,'- धराने र्‍यापर आदित्य लाखेले कन्सर्टको प्रशंसा गर्दै भने । गत वर्ष धरानमा सम्पन्न पूर्वाञ्चलस्तरीय सांगीतिक प्रतियोगिता 'शकवेभ ब्याटल बिट्वीन द ब्यान्ड्स'का विजेता लेजरस सोलले मेघा डेथको ह्याभी मेटल तथा आफ्नै गीतहरू कार्यक्रमको सुरुमै प्रस्तुत गर्दै दर्शकहरूलाई तताएको थियो ।

स्थानीय सांगीतकर्मीहरूको सांगीतिक कला प्रस्फुटन गर्न आयोजित कन्सर्टमा ब्ल्याक मेमोरिजले पनि इङलिस मेटल तथा रक गीतहरू गाउँदै दर्शकहरूलाई हल्लाइरह्यो । दिव्यदृष्टिका भोकलिस्ट कैलाश राईले स्लेयरको ब्लड रेड, एसीडिसीको ब्याक इन ब्ल्याक तथा मेटालिकाको मास्टर अफ पपेड्स गाउँदा स्टालिस हेयर स्टाइलका किशोरहरू मच्चिँदै टाउको हल्लाइरहेका थिए । दिव्यदृष्टिको आफ्नै गीत 'स्वतन्त्र'लाई पनि दर्शकहरूले वान्स मोरको आवाजले स्वागत गरे । नीलकाँडा र उपासक ब्याण्डको प्रस्तुति पनि कमजोर देखिएन । कन्सर्टमा सहभागी पाँचवटा ब्याण्डले चार-चारवटा आफ्नै तथा अंग्रेजी रक र मेटल गीत प्रस्तुत गरेका थिए ।

**–राजु घिसिङ**

## विजय वैद्यसँग ज्यामअप



काठमाडौं- विजय वैद्य सितारमा आफ्नो दाहिने हात चलाउँदै मन्त्रमुग्ध हुने धुन सिर्जना गर्न व्यस्त थिए । शुक्रबार साँझ होटल सोल्टी क्राउन प्लाजाको मेघा मल्हार हलमा उनको सितारबादनको जादु निकै बेर चल्यो । अन्तर्राष्ट्रिय संगीत दिवसको अवसर पारेर आयोजित 'वर्ल्ड म्युजिक विथ विजय वैद्य एन्ड फ्रेन्ड्स' शीर्षकको उक्त सांगीतिक 'ज्यामअप'को आरम्भ भयो जनआन्दोलन-२ प्रति समर्पित संगीत सिर्जना 'आन्दोलन' बाट । सितार, तबला र बाँसुरीको सुमधुर धुनको मिश्रणमा दर्शकदीर्घा लट्ठ परेको प्रस्ट देखिन्थ्यो । दर्शक संगीतमा डुबेको देखेरै होला, वैद्यले एकपछि अर्को मदर नेचर, जनकपुर, पीडा र इटर्नल बोन्ड शीर्षकका धुन छर्दै गए । असारको १५ गते दही-चिउरा खाँदै रोपाइँ गर्ने दिन परेकाले वर्षातको मौसमलाई पनि उनले राग मेघ मल्हारको धुन बजाएर स्वागत गरे । वैद्यलाई संगीत सिर्जनामा राजेन्द्रलाल कर्णले प्रिकसन, प्रताप केसीले बाँसुरी, सुचन्द्र शिलालेखले ड्रम, उदेशलाल श्रेष्ठले बेस गिटार तथा सुन्दर डंगोलले इलेक्ट्रिक गीतार बजाएर साथ दिएका थिए । कार्यक्रममा वैद्य तथा यभिज रिविजको एल्बम 'सो क्लोज सो फार' पनि विमोचन गरिएको थियो ।

## डान्समा रोमान्स

धरान- सदन सभाभवनमा शनिबार अंग्रेजी शैलीको हिपहप, स्याब्रुदेखि राष्ट्रिय गीतमा प्रदर्शन गरिएको नृत्य कम आकर्षक थिएन । सयौं दर्शकको भीडले खचाखच भरिएको हलका दर्शकलाई युनाइटेड मल्टी आर्ट्सका कलाकारहरूले प्रदर्शन गरेको भिन्न-भिन्न किसिमका नृत्यले मन्त्रमुग्ध र रोमाञ्चित तुल्याएको थियो ।

पुष्प लिम्बू, पुष्पा तामाङ तथा शर्मिला मगरले प्रदर्शन गरेको हिमाली भेगको स्याब्रु नृत्यले वाहवाही पाएको थियो । केशव खड्का, अनिष माझी, सोनु गिरी, सविता राजभण्डारी, सुजु तिमिल्सिना, कृतिका राई तथा तानिया याख्खाको हिपहप डान्स 'म्युजिकल कोलाज-२'को प्रमुख आकर्षण बनेको थियो । कवितामा पत्रकारहरूको नृत्य पनि हेर्न लायक थियो । दर्शकको माग बढेपछि तीन घण्टा लामो उक्त कार्यक्रम एकै दिनमा दोहोर्‍याएर प्रस्तुत गर्नुपरेको थियो । 'नृत्यमा नयाँ विधि प्रयोग गरिएकाले कार्यक्रम सफल रह्यो'- युनाइटेड मल्टी आर्ट्सका निर्देशक प्रशान्त तामाङले बताए । सेन्टीमेन्टल गीत मीठो मुस्कान, मेरो नेपाल तथा आनी छोइङ डोल्माको जय होस्मा पनि कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरे । म्युजिकल कोलाज-२ मा एक सय जना कलाकार मञ्चमा उत्रिएका थिए ।

## लभगुरु रेखा



म २२ वर्षकी भए। म एक युवकलाई आसध्यै मन पराउँछु। उसले पनि मलाई असाध्यै माया गर्छ। ऊ मभन्दा माथिल्लो जातको हो। मैले उसलाई मेरो घरमा विवाहको कुरा चलिरहेको छ भनिसकें। उसले मलाई अरूसँग विवाह गर वा नगर केही भनेको छैन। ऊ तिमीलाई जे गर्दा राम्रो हुन्छ, त्यही गर भन्छ। घरमा हाम्रो सम्बन्ध थाहा पाएर मलाई गाली गर्नुभयो। म उसलाई पनि छोड्न सक्दिनँ, घर पनि छोड्न सक्दिन्। यस्तो बेला मलाई उसको आवश्यकता पर्छ, ऊ भने मेरो कुन कुराले चित्त नबुझेर मदेखि रिसाइरहेको छ। म उसलाई एकदम माया गर्छु, जति गरे पनि बिर्सन सक्दिनँ। म के गरूँ ?

– एस.के.वाई.

केटा र केटीले एक- अर्कालाई माया गर्नु, एक-अर्काप्रति आकर्षित हुनु स्वाभाविक नै हो। एक-अर्काप्रतिको आकर्षणमा हजारौं मानिस वशिभूत भएको पाइन्छ, तर शारीरिक अर्थात् सुन्दरताप्रतिको आकर्षण क्षणिक हुन्छ। यदि तपाईंले आफूमा प्रेमीप्रतिको आकर्षण क्षणिक हो होइन भन्ने कुरा बुझ्नुभयो भने समस्या सहजै समाधान हुन्छ। घरमा विवाहको कुरा चलिरहेको जानकारी गराउँदा पनि तपाईंको प्रेमीले कुनै प्रतिक्रिया नदिएको कुरा पत्रमा उल्लेख छ। अझ उसले तपाईंलाई जे गर्न मन लागेको छ र जे उचित हुन्छ त्यही गर्न सुझाव दिएको छ। त्यसैले तपाईंले घरबाट खोजिदिएको केटासँगै विवाह गर्नु श्रेयस्कर हुन्छ, यद्यपि घरबाट खोजिएको केटा तपाईंलाई चित्त बुझ्ने र मनपर्ने हुनुपर्छ। यसका लागि अभिभावकहरूसँग प्रस्ट कुरा राख्न सक्नुपर्छ। तपाईंले विगतको घटनालाई बिर्सनुपर्छ र परिवारको सहयोग तथा आफ्नो रोजाइमा हुने विवाह गरेर नयाँ जीवन प्रारम्भ गर्नुपर्छ। विवाह गर्दा जातपातलाई हेर्नु हुँदैन, तर योग्यता, पारिवारिक स्तर, शारीरिक आकर्षण तथा असल बानीबेहोरा हेर्नु आवश्यक हुन्छ। आफूले असाध्यै माया गरेको प्रेमी-प्रेमिकासँग बिस्तारै दूरी बढाउँदै लगियो भने विगतको घटनालाई बिर्सन सकिन्छ। केटाले तपाईंलाई जे गर्न मन लागेको छ त्यो गर्न भनेको र रिसाएको अवस्थामा तपाईंले उसलाई बिस्तारै बिर्सनु नै उत्तम हुन्छ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर



**चर्चित** सांगीतिक समूह सुरसुधाले अंग्रेजी चलचित्रमा आफ्नो कला प्रस्तुत गरेको छ। उक्त म्युजिकल डकुमेन्ट्री फिल्म प्लेइङ फर चेन्ज हो। हालै सञ्चाकर्मीमाझ उक्त चलचित्र प्रदर्शन गर्दै सुरसुधाका कलाकार सुरेन्द्र श्रेष्ठले भने- अबको संसारमा संगीतबाटै शान्ति ल्याउन सकिन्छ भन्ने उद्देश्यले यो चलचित्र निर्माण गरिएको हो। उक्त चलचित्रमा एसिया, युरोप तथा अमेरिकाका सात सांगीतिक समूहको सहभागिता छ। संगीतको भाषा संसारभरि एउटै हुन्छ– प्लेइङ फर चेन्जका निर्माता विलियम औटाले पत्रकारमाझ आफ्नो मन्तव्य व्यक्त गर्दै बताए। उक्त चलचित्रको निर्देशन मार्व जोन्सनले गरेका छन्।

**निर्माता** राजकुमार राईले चलचित्र विकास बोर्ड विरुद्ध मुद्दा दर्ता गरेपछि चलचित्र क्षेत्रमा खैलाबैला मच्चिएको छ। विकास बोर्डमा चलचित्र दर्ता गर्दा निर्माता संघ र निर्देशक समाजको सदस्य बन्नैपर्ने प्रावधान विरुद्ध निर्माता राईले मुद्दा दर्ता गरेका हुन्। चलचित्र दर्ता गर्दा निर्माता संघ तथा निर्देशक समाज आदिको सदस्य हुनैपर्ने बाध्यता हटेको खण्डमा पेशागत सात संघको औचित्य समाप्त हुने जिकिर गर्दै गत साता सात संघको संयुक्त बैठक बसेको थियो। बैठकमा निर्माता संघका अध्यक्ष अशोक शर्मा, निर्देशक समाजका अध्यक्ष नारायण पुरी, कलाकार संघका रमेश बुढाथोकी, समन्वय महासमितिका वसुन्धरा भुषाल, चलचित्र संघका महासचिव मुकुन्द ढुंगाना आदिको उपस्थिति थियो। बैठकमा आदिवासी जनजाति चलचित्रकर्मी संघका अध्यक्ष युवराज लामा आमन्त्रित सदस्यका रूपमा उपस्थित थिए। चलचित्र क्षेत्रलाई नवीन ढंगले अगाडि बढाउने विषयमा केही निर्णय गरिएको बैठकमा सहभागी एक सदस्यले बताए। उनका अनुसार पेशागत संघ-संगठनहरूको एउटा महासंघ बनाउने निर्णय भएको छ। त्यसैगरी विकास बोर्डमा गैरचलचित्रकर्मीलाई नियुक्ति गरे संयुक्त रूपमा बोर्ड वहिष्कार गर्ने निर्णय पनि भएको बताइन्छ।

**दिनेश** डिसीको निर्देशनमा हास्यगायक प्रकाश ओझालाई केन्द्रीय भूमिका दिई निर्माण भैरहेको चलचित्र 'दाइको ससुराली'को निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। हाल सम्पादनकार्य भैरहेको उक्त चलचित्रमा ओझाका अतिरिक्त निखिल उप्रेती, सञ्चिता लुइँटेल, प्रिया रिजाल, रवि डंगोल, उमेश खड्का, विजय देउजा आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा गायक ओझाकै संगीत सुन्न पाइन्छ।

**मोक्तान** फिल्म्स्ले निर्माण गरेको तामाङ भाषाको चलचित्र 'मायाला हो (मायाको डोरी)'ले राजधानीको एक चलचित्र भवन गुण सिनेमामा प्रदर्शनको एकाउन्न दिन पूरा गरेको छ। निर्माणपक्षले जनाएअनुसार उक्त चलचित्र धेरै दर्शकले हेरेको पहिलो सफल तामाङ भाषाको चलचित्र हो। प्रेमकथामा आधारित उक्त चलचित्रमा प्रविन्स मोक्तान, चाँदनी लामा, सन्दीप लामा, सुकु मोक्तान आदिले अभिनय गरेका छन् भने चलचित्रका निर्देशक सन्तलाल घिसिङ् हुन्।

**एक वर्ष** अघिसम्म मोडलिङमा क्यारियर बनाउँदै चलचित्रमा नायिका हुने लक्ष्य बोकेकी चितवन जगतपुरकी प्रेरणा शर्माले नायिका र मोडल बन्ने सपना पूरा गरिसकेकी छिन्। डिजे सन्तोषको रिमिक्स गीत 'चियाबारीमा'मा आकर्षक नृत्य गरेपछि चलचित्रकर्मीहरूको ध्यान उनीतर्फ तानियो। हालै सेन्सरबाट मुक्त भएको चलचित्र 'अहंकार' उनले अभिनय गर्ने अवसर पाएको पहिलो चलचित्र हो। त्यो चलचित्रका निर्माणपक्ष सेन्सर बोर्डमा संघर्षरत रहेकै बेला प्रेरणाले 'घातक', 'देशदेखि विदेश' आदि चलचित्रमा अभिनय गर्न भ्याइन्, तर तीन जना नायिकाको एक्सनमा आधारित चलचित्र 'आँधी तुफान' टाइफाइड भएकाले अन्तिम समयमा पुगेर छाड्नुपर्‍यो। अहिले उनी 'टार्गेट', 'दौड', 'परिधि' आदि चलचित्रमा व्यस्त छिन्। 'चियाबारी गर्ल' भनेर चिनिएकी प्रेरणा शर्मासँग साप्ताहिकको जम्काभेट :



तस्वीर : कमल श्रेष्ठ

जम्का भेट

## प्रेरणा शर्मा

**चियाबारी गर्ल भन्दा कस्तो लाग्छ ?**
त्यो म्युजिक भिडियो पनि सुपरहिट भयो। त्यसैले गर्दा केही मानिस मलाई 'चियाबारी गर्ल' भनेर चिन्छन्। त्यसो भन्दा सफलता पाएछु कि भनेर खुसी नै लाग्छ। केही समयपछि त्यो इमेज मेटाएर अर्को इमेज बनाउँछु भन्ने आत्मविश्वास ममा छ।

**तपाईं नायिका बनेर चिनिने कि अभिनेत्री भएर ?**
पहिले नायिका भएरै चिनिन दिनुहोस्। अनुभव बटुल्दै गएपछि स्वतः अभिनेत्री भइन्छ।

**विदेशतिर नाच्न निकै जानुहुन्छ ?**
विदेशका कार्यक्रमहरूमा नाच्न नै त बोलाइन्छ, तर म तपाईंले भनेजस्तो धेरै विदेश गएकी छैन। कतार र थाइल्यान्ड मात्र पुगेकी छु।

**नायिका भएपछि म्युजिक भिडियो गर्न छाड्नुभयो नि ?**
होइन, कहाँ छाड्नु ? अफर आएकाहरूमा अहिले पनि काम गरिरहेकै छु।

**कत्तिको ग्लामरस छु जस्तो लाग्छ ?**
क्यामेराअगाडि वा पर्दामा ग्ल्यामरस छु, तर बाहिर सिम्पल देखिन मन पराउँछु। पर्दामा त ग्ल्यामरस हुनैपर्‍यो।

**चलचित्र परिधिमा त नायकसँग अधर चुम्बन पनि गर्नुभएछ ?**
क्यामेराको एङ्गल नै त्यस्तो छ कि पर्दामा हेर्दा 'टङ किस' जस्तो लाग्छ, तर नायक प्रवेश र मैले किस गरेका होइनौं।

**तपाईंको प्रेमीले नै यो क्षेत्रमा आउन तपाईंलाई मद्दत एवं हौसला दिइरहेको भनिन्छ ?**
हो, उहाँको मद्दत र मायाविना म अहिले यो स्थानमा पुग्न सक्दिनथें।

**ऊसँग कुन हदसम्मको सम्बन्ध छ ?**
हामी असल प्रेमीप्रेमिका हौं। उहाँसँगै मेरो विवाह हुन्छ।

**के छ ग्यारेन्टी ?**
शतप्रतिशत ग्यारेन्टी छ, तर अहिले होइन। पहिले मेरो क्यारियर बनोस्, त्यसपछि।

## केवल एक प्रश्न

म पत्नीव्रता हुँ। मलाई मतलब हुँदैन त्यस्तो कुरामा। धनको कुरा गर्नुहुन्छ भने साथीभाइलाई सोध्नुभए पनि हुन्छ, मेरो मस्तिष्कमा धन कमाउने भन्ने कुरै छैन। यो त लोभीहरूलाई थाहा हुने कुरा हो।

**तीर्थ थापा, निर्माता/निर्देशक**

जुन कुरा प्राप्त हुँदैन, मानिसले त्यही प्राप्त गर्ने सोच राख्छ। यो मानवीय गुण पनि हो। धन देख्दा महादेवका पनि तीन नेत्र भन्ने उखानै छ नि।

**नवीन सुब्बा, निर्देशक**

मलाई त मानिसले पराया धन र पराया स्त्री माथि नजर गाड्छन् जस्तो लाग्दैन। कु-मानिसले मात्रै त्यस्तो गर्छन्। त्यसकारण यो प्रश्नमा भएको मानिसको अगाडि 'कु' थप्नुपर्छ।

**विपना थापा, अभिनेत्री**

कतिपय मानिसमा त्यस्तो धारणा हुन्छ। अरूको धन र परस्त्रीमा आँखा गाड्नेहरू समाजमा प्रसस्तै हुन्छन्। त्यसलाई मानवीय गुण मानिन्छ। त्यस्ता धारणा भएकाहरूलाई सज्जन भने मानिंदैन।

**भुवन केसी, अभिनेता**

आफूसँग भएको करोड पनि अरूसँग भएको लाखभन्दा थोरै लाग्छ। अनि स्त्रीको कुराचाहिं के हो भने राम्री स्त्री अरूको स्वास्नी भएको हेर्न मनैले मान्दैन।

**दीपकराज गिरी, हास्य अभिनेता**



**मानिसहरू पराया धन तथा पराया स्त्रीमाथि किन नजर गाड्छन् ?**

# चलचित्रकर्ममा तल्लो दर्जा

चलचित्र 'दर्पणछायाँ' नेपाली चलचित्रमध्ये सर्वाधिक दर्शकले हेरेको चलचित्र मानिएको छ। चलचित्रका निर्देशक हुन्– तुलसी घिमिरे। नायक दुई जना छन्– दिलीप रायमाझी र उत्तम प्रधान। नायिका निरुता सिंह प्रायःसबैलाई थाहै छ। चलचित्रका संगीतकार रन्जित गजमेर हुन्। अब आउँछ, छायाँकारको कुरा। को हुन् त यो चलचित्र खिच्ने पर्दापछाडिका छायाँकार, जसको आँखाले पहिलो पटक यो चलचित्र हेर्‍यो ? उनी हुन् हालका चर्चित निर्देशक किशोर ढकाल। उक्त चलचित्रका नायक दिलीप रायमाझीसँग सोधियो- 'त्यो चलचित्रका मेकअपम्यानचाहिँ को थिए ?' मोबाइलमा कुरा गर्दै उनले भने- 'एक जना चौधरी थरका थिए नि ! उसको मृत्यु भैसक्यो।' दिलीपले उनको पूरा नाम बताउने कष्ट गरेनन्। उक्त चलचित्रका हास्यकलाकार जितु नेपालले भने उनको नाम प्याट्ट भने- 'उही चौधरी क्या, रामसागर चौधरी। बिचरा मुटुको रोगले बित्यो।' त्यसपछि उनलाई क्रमशः उक्त चलचित्रका ड्रेसम्यान र सहायक छायाँकारको नाम सोधियो। त्यसको जवाफ उनले यसरी दिए- 'पख्नुस् है (केही बेरमै) ड्रेसम्यान चाहिँ ओदराज दाइ हो कि ? अँ सहायक छायाँकार सागर प्रधान।'





अब अर्को सफल चलचित्र 'धड्कन'को कुरा गरौं। धड्कनका निर्देशक हुन्– नरेश पौड्याल। निर्माता पनि उनी नै हुन्। नायक दुई जना छन्– निखिल उप्रेती र रमित ढुंगाना। नायिका पनि दुई जना नै छन्– रेखा थापा र अरुणिमा लम्साल। नायक निखिल उप्रेतीसँग सबैभन्दा पहिले उक्त चलचित्रका छायाँकारको नाम सोध्दा उनले प्याट्ट भने- 'राजु थापा' अनि मेकअप म्यानको नाम सोध्दा उनी केही बेर अक्मकिए- 'अँ, यादव भन्ने थिए।' 'नाम यादव कि थर ?' उनले स्पस्ट पार्दै भने- 'खोइ, सबैले यादव भन्थे। पूरा नाम थाहा छैन।' ड्रेसम्यानको नाम सोध्दा भने उनी केही बेर घोत्लिए र भने- 'त्यही चलचित्रमा पहिलो पटक काम गरेको केटा हो, त्यसैले नाम कन्फ्युज भएँ।' चलचित्रका सहायक छायाँकारको नाम चाहिँ उप्रेती थर नै भएकाले उनले बिर्सिएका रहेनछन् झट्टै भनिहाले- 'रामशरण उप्रेती।'चलचित्र 'धड्कन'को छायाङ्कनको निकै प्रशंसा भयो। उक्त चलचित्रमा नायक/नायिकाहरूले लगाएका पहिरनको डिजाइन सुलन्दा राईले गरेकी थिइन्। विकास लामा चलचित्रका ड्रेसम्यान थिए। लामा चलचित्रका निर्देशक पौड्यालको कार्यालयमा 'काम गर्ने केटा' हुन्। के गर्छ त ड्रेसम्यानले ? नायिका अरुणिमा लम्सालले भनिन्- 'हाम्रो ड्रेस आइरन गरिदिने, मिलाइदिने, सामानको सुरक्षा गर्ने र सबैभन्दा महत्त्वपूर्ण कुरा हाम्रो 'कन्ट्युनिटी'को पहिरन मिलाएर लगाउन दिने काम ड्रेसम्यानको हो।

हामी उनीहरूबिना अधुरो छौं।' लम्सालको भनाइमा सत्यता छ। चलचित्रमा 'कन्ट्युनिटी' अर्थात् छायाङ्कनका क्रममा एउटा दृश्यमा कलाकार जुन किसिमको पहिरन र गेटअपमा देखिन्छ, त्यसपछि पर्दामा आउने दृश्य वा सटमा त्यही पहिरन र गेटअप मिलाउने कार्यलाई चलचित्रको भाषामा 'कन्ट्युनिटी' भनिन्छ। यदि मेकअप म्यानले श्रृंगारमा 'कन्ट्युनिटी', ड्रेसम्यानले लवाइमा 'कन्ट्युनिटी', सेट डिजाइनरले सेटमा 'कन्ट्युनिटी', लाइटम्यानहरूले प्रकाश व्यवस्थापनमा 'कन्ट्युनिटी' बिगारे भने त्यसको जवाफदेही ती प्राविधिकहरू नै हुनुपर्छ। त्यस्तो महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने पर्दापछाडिका चलचित्रकर्मीहरू सधैं ओझेलमा पर्छन्।

त्यतिमात्र नभै चलचित्र निर्माणका क्रममा उनीहरूसँग प्रायः तल्लो दर्जाको व्यवहार गरिन्छ। एक जना स्पटब्वाईले 'नाम छाप्दा अलिअलि पाइरहेको काम पनि नपाइने' गुनासो गरेपछि नाम नछाप्ने वाचा गरेपछि गुनासोको पोको खोल्दै भने- 'हामीलाई कहिल्यै तिमी वा तपाईं भनेर सम्बोधन गरिंदैन। सीधै 'तँ' भनिन्छ। त्यति मात्र भए त हुन्थ्यो। काममा अलिकति ढिला भयो वा भनेको काम गर्न भ्याइएन भने सीधै गाली सुन्नुपर्छ। अनि पारिश्रमिक पनि निकै कम दिइन्छ। कतिपय चलचित्रबाट त अहिलेसम्म पनि पारिश्रमिक पाएको छैन।'

एउटा चलचित्रको छायाङ्कन हुँदा क्यामेरासामु केही कलाकारले मात्र अभिनय गरे पनि क्यामेरापछाडि कार्यरत पचासभन्दा बढी प्राविधिकमध्ये निर्देशक, छायाँकार, संगीतकार, द्वन्द्व निर्देशक, नृत्य निर्देशक, पाश्र्वगायक, पाश्र्वगायिकाजस्ता केहीको मात्र नाम चर्चामा आउने गरेको छ। संसारमा कतै पनि चलचित्र कर्ममा यी विधाका अतिरिक्त सहायक निर्देशक, सहायक छायाँकारजस्ता सहायक तथा कलाकारबाहेक राम्रो मेकअपम्यान, ड्रेसम्यान, निर्माण व्यवस्थापक, भान्छे, स्पट ब्वाईजस्ता प्राविधिकहरूको चर्चा हुँदैन। चलचित्रकर्ममा उनीहरू शोषित पनि हुन्छन्। 'कतिपयले त राति अबेरसम्म छायाङ्कन चले पनि घरसम्म पुर्‍याउँदैनन्।' -एक जना लाइटम्यानले पनि नाम नछाप्ने कसम ख्वाउँदै भने। चलचित्रले सफलता पाएपछि निर्माता आफ्नो लगानी नडुबेकोमा खुसी हुन्छ भने निर्देशक आफ्नो अवधारणाले दर्शकको मन जितेकोमा दंग पर्छ। चलचित्र सफल भएपछि त्यो चलचित्रका नायक तथा नायिका एवं अन्य केही प्रमुख कलाकारले पनि एकपछि अर्को चलचित्रमा काम पाउन थाल्छन्। उनीहरूको माग एकाएक बढ्छ, तर यस्ता प्राविधिकहरू जो चलचित्रका मेरुदण्ड मानिन्छन्, उनीहरू सधैं सडकमा चप्पल घिसारेर हिंड्न विवश छन्। तिनै प्राविधिकहरूको मर्का बुझ्न चलचित्र प्राविधिक संघको गठन पनि भएको छ, तर उक्त संघबाट हालै आयोजित चलचित्र महोत्सवमा कैयन् 'चलेका' चलचित्रकर्मीहरू उपस्थित भएनन्। यसैबाट पनि पुष्टि हुन्छ, वास्तवमा चलचित्र निर्माण गर्ने कार्यमा सबैभन्दा बढी खट्ने प्राविधिकहरूको अवस्था चलचित्र क्षेत्रमा कुन दर्जाको छ। एक जना निर्देशक भन्छन्- 'ताजमहल निर्माण गराउने शाहजहाँको चर्चा हुन्छ, तर बनाउने कालिगढको चर्चा हुँदैन।' हो क्यार !

## चलचित्र

### जोसुआ




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'जोशुआ' सार्वजनिक हुँदैछ। पारिवारिक कथामा आधारित यो चलचित्र १ घण्टा ४५ मिनेटको छ। चलचित्रमा म्यानहटन अपार्टमेन्टमा बस्नेहरूमध्ये ब्राड र एब्बी केर्न उदाहरणीय अभिभावक हुन्छन्। उनीहरूको सुखद जीवनशैली धेरैका निम्ति चर्चायोग्य हुन्छ, तर दोस्रो शिशु लिलीको जन्म भएपछि यो परिवारको स्थिति बिग्रन्छ। लिलीको आगमनसँगै 'लिली आऊ....' भन्ने आवाज आश्चर्यजनक रूपमा प्रतिध्वनित हुन्छ। उनीहरूको पहिलो छोरो जोशुआ त्यसबेला आठ वर्षको हुन्छ। बहिनीको जन्मपछि जोसुआको व्यक्तिगत जीवनमा पनि परिवर्तन देखिन थाल्छ। एउटा सुन्दर परिवारको दुखद यात्रालाई यो चलचित्रमा मार्मिक ढंगले प्रस्तुत गर्ने प्रयास गरिएको छ। ड्रामा र थ्रिलर शैलीमा निर्माण भएको यो चलचित्रमा साम रकवेल, भेरा फार्मिङ्गा, सिलिया वेस्टन, डल्लास रोबर्ट्स, माइकल म्याकिन आदिले मुख्य भूमिकामा अभिनय गरेका छन्। जर्ज रेटलिफले निर्देशन गरेको यो चलचित्रले बालमनोविज्ञानलाई पनि त्यत्तिकै सशक्त ढंगले प्रस्तुत गरिएको छ। चलचित्रको छायांकन न्युयोर्कमा भएको हो।

### बम्बई टु गोआ



टेलिभिजन च्यानल स्टार वानमा लाफ्टर च्यालेन्ज हेर्ने दर्शकले त्यहाँ हँसाउने चर्चित हास्यकलाकार र अन्य भारतीय हास्यकलाकारको अभिनय चलचित्रको पर्दामा पनि हेर्न पाउने भएका छन्। आज सार्वजनिक हुने चलचित्र बम्बई टु गोआमा लाफ्टर च्यालेन्जका अधिकांश कलाकारले अभिनय गरेका छन्। चलचित्रमा दुई पात्र सुनील पाल (लाल) र राजुश्री वास्तव (दास) शीर्ष भूमिकामा देखिन्छन्, जसमा लाल महत्त्वाकांक्षी पात्र हो। हरेक समय सपनामा बग्ने लालले जीवनमा ठूलो सफलता प्राप्त गरेर आफ्नो महत्त्वाकांक्षा पूरा गर्ने अभिलाषा राखेको हुन्छ। त्यस्तै दास ड्राइभर हुन्छ, मालिकको दमन सहन नसकेर उसले जागिर छोड्छ। त्यसै बेला लालले कुनै प्रतियोगितामा २ लाख रुपैयाँ जितेर ल्याउँछ र दासलाई जिम्मा दिन्छ। त्यसपछि उनीहरूले बस व्यवसाय सञ्चालन गर्छन्। चलचित्रको हरेक दृश्य दर्शकहरूलाई हँसाउन सफल छ। हुमायु रंगीलाको निर्माण तथा राज पेण्डुरकरको निर्देशन रहेको यो चलचित्रमा राजु श्रीवास्तव, सुनील पाल, एहसान कुरेशी, टिनु आनन्द, नवीन प्रभाकर, रउफ लाला, असरानी, जगदीप, जुनियर मेहमुद, दिनेश हिङ्गु आदि थुप्रै कलाकारले अभिनय गरेका छन्।

## पहिलो विश्व

# गर्भवतीको ग्ल्यामर मोह

कुनै महिला गर्भवती भइन् भने उनको पहिलो प्राथमिकता गर्भमा रहेको शिशुको स्याहार नै हुन्छ। हुन त यो कुरा गृहिणी महिलाहरूको हकमा बढी लागू हुन्छ। यदि कुनै महिला ग्ल्यामरको क्षेत्रमा छिन् भने गर्भवती भए पनि उनको चाहना आफ्नै क्षेत्रमा केही गर्ने हुन्छ। सन्



१९९१ मा बहराष्ट्रिय म्यागजिन भ्यानिटी फेयरले डेभी मुरको गर्भावस्थामा खिचेको निर्वस्त्र तस्बिर आफ्नो आवरणमा प्रकाशित गरेको थियो। मुरको उक्त तस्बिरले लोकप्रियता पाएपछि यसलाई ब्रिट्नी स्प्रेयस, मेलानी ब्राउन, सिन्डी क्राफोंड तथा नील क्याकएन्ड्रचुले निरन्तरता दिए। यही क्रममा हालै ग्ल्यामर म्यागजिनको पछिल्लो अंकमा पप गायिका मेलिना क्लोस प्रस्तुत भएकी छिन्। उक्त म्यागजिनले क्लोसले गर्भावस्थामा खिचाएको निर्वस्त्र तस्बिरलाई आफ्नो आवरणमा प्रस्तुत गरेको छ। विलिसको दोस्रो सन्तान





जन्माउने क्रममा ७ महिनाको गर्भावस्थामा रहेकी क्लोसले यसअघि पनि निर्वस्त्र फोटोसेसन गरेर चर्चा पाइसकेकी थिइन्। क्लोस भन्छिन्- 'सेलिब्रिटी भएका कारण यस रूपमा प्रस्तुत हुनुलाई म सामान्य मान्छु।

### सेक्सटोय चाहियो

जेलमा बसेका कैदीहरूमा कुनै किसिमको भावना हुँदैन, उनीहरूको चाहना पूरा गर्नुपर्छ भन्ने पनि छैन, किनकि उनीहरू दोषी हुन् भन्ने मान्यता सबै जेलका जेलरदेखि सर्वसाधारणसम्मले राख्ने गरेका छन्। यद्यपि स्वयं जेलमा बसेका कैदीहरू कतिपय कुरालाई आफ्नो मौलिक हक सम्झन्छन्। अहिले बेलायतको एक सुधार जेलमा रहेका महिला कैदीहरूले आफ्नो यौन उत्तेजना शान्त पार्ने 'र्‍यामपन्ट र्‍याबिट भाइब्रेटर' को माग गरेका छन्। यदि यो माग पूरा नगरिए युरोपियन युनियनको मानवअधिकार विभागमा उजुरी गर्ने तयारी उनीहरूको छ। यौनचाहना शान्त पार्ने खेलौना माग गर्ने महिलाहरूले शरीरका रौं काट्न प्रयोग हुने इलेक्ट्रिकल सेभर दिन हुने, यौन चाहना शान्त गर्ने उपकरणचाहिँ किन दिन नहुने भन्ने तर्क गरिरहेका छन्। हिरोइनको लतमा पक्राउ परेकाहरूलाई थुनिने उक्त जेलमा करिब २ सय कैदी छन्। सेक्सटोयको माग गर्ने महिला कैदीहरूलाई उक्त उपकरण किन्ने अवसर दिए यौनसम्पर्कबाट फैलने रोगमा कमी आउनुका साथै कैदीहरू समलिङ्गी पनि हुन पाउने थिएनन् भन्नेहरू पनि बढ्दै गएका छन्।





**अन्त्यमा साइबर...**

साइबरको संसारमा विभिन्न किसिमका वेबसाइट सञ्चालनमा छन्। वेबसाइट मनोरञ्जन र ज्ञानको माध्यम मात्र नभएर क्यारियरको पनि माध्यम हुने गरेको छ। मोडल हुने चाहना राख्नेहरूले मोडलिङ साइटमा आफ्नो तस्बिर पठाएर क्यारियरको बाटो खोल्ने गरेका छन्। अश्लील चलचित्रकी नायिका वा मोडल हुने चाहना राख्ने विकसित मुलुकका युवतीहरूबीच www.ishotmyself.com लोकप्रिय छ। यो साइटमा सहभागी हुनेले कुनै प्रोफेसनल क्यामेराम्यानमार्फत नभै साधारण तस्बिरहरू पठाउनुपर्नेछ भने सहभागीले आफू १८ वर्ष नाघेको प्रमाणसमेत प्रस्तुत गर्नुपर्छ।

## सानो पर्दा

**प्रेमसम्बन्धी** समस्या समाधान गर्ने नेपाल वान टेलिभिजन च्यानलको कार्यक्रम 'लभ लाइन'की सञ्चालिका तथा चर्चित मोडल सराह गुरुङले जापानी युवकसँग विवाह गरेपछि उनले उक्त कार्यक्रम छाडेकी छिन्। अब उक्त कार्यक्रम अर्की चर्चित मोडल नम्रता श्रेष्ठले सञ्चालन गर्न थालेकी छिन्। नयाँ सेट र स्वरूपमा प्रसारण हुन थालेको कार्यक्रम 'लभलाइन'का सञ्चालक रेमन श्रेष्ठ भने कायमै छन्। नम्रता र रेमनले संयुक्त रूपमा सञ्चालन गर्ने उक्त



कार्यक्रम नेपाल वानमा हरेक बिहीबार राति आठ बजे प्रसारण हुन्छ।

**कान्तिपुर** टेलिभिजनमा नयाँ कार्यक्रम 'मिसन माया'को प्रसारण आरम्भ भएको छ। रियालिटी सोका रूपमा हरेक शुक्रबार साँझ साढे छ बजे प्रसारण भैरहेको उक्त कार्यक्रममा सञ्चालकद्वय अस्मिता र श्रवणले चार जना सहभागीलाई विभिन्न खेल खेलाउँछन्। उनीहरूको खेलक्षमता हेरेर कार्यक्रममा आमन्त्रित एक चर्चित व्यक्तित्वले विजेताको घोषणा गर्छन्। विजेताले ती व्यक्तित्वसँग 'डेटिङ' अर्थात् कुनै रेस्टुराँमा समय बिताउने अवसर पाउँछन्।

**इमेज** च्यानलबाट प्रसारण हुने कार्यक्रम 'कथा काठमाडौं'का कारण कार्यक्रमकी प्रस्तोता एवं निर्माता पूजा गुरुङले चर्चा पाएकी छिन्। उक्त च्यानलबाट हरेक शुक्रबार राति साढे आठ बजे प्रसारण हुने यो कार्यक्रममा काठमाडौं उपत्यकामा भेटिने तर कसैले वास्ता नगरेका विषय समेटिन्छ।



# म्युजिक भिडियोमै मस्ती

गायक रामकृष्ण ढकालको गीतमा दिलीप रायमाझी र करिश्मा मानन्धरले मोडलिङ गर्दा धेरैले अचम्म मानेका थिए। कतिले एल्बमलाई चर्चामा ल्याउन त्यसो गरिएको धारणा व्यक्त गरे त कतिले यसलाई क्यासेट कम्पनीको चलाखी पनि भने। जुनसुकै उद्देश्यले भए पनि त्यतिबेला रामकृष्णको उक्त गीतका साथै म्युजिक भिडियोमा मोडलिङ गर्ने कलाकारको चर्चा अकासिएको थियो। अन्य म्युजिक भिडियोको तुलनामा उक्त म्युजिक भिडियोमा काम गरेबापत अभिनेता-अभिनेत्रीले धेरै पारिश्रमिक लिएकाले पनि त्यसले बढी चर्चा पाएको अनुमान गर्नेहरू धेरै छन्।

त्यही म्युजिक भिडियो सार्वजनिक भएपछि अभिनेता-अभिनेत्रीको मोडलिङ यात्राले गति लिएको मान्नेहरू पनि धेरै छन्। अचेल त कुनै गीत राम्रो हुनेबित्तिकै अभिनेता-अभिनेत्रीलाई नै मोडलिङ गराउने चलन छ। कोरा मोडलको तुलनामा स्थापित कलाकारलाई मोडलिङ गराउँदा चर्चा बढी पाइने धारणा स्वयं गायक-गायिका एवं म्युजिक भिडियो निर्देशकहरूको छ।

मोडलिङबाटै कतिपय कलाकारले अभिनय यात्रा सुरु गरेका भए पनि बीचको केही समय कलाकारका लागि मोडलिङ परको मेलो हुन पुगेको थियो, तर अहिले मोडलको तुलनामा अभिनेता-अभिनेत्रीले केही बढी पारिश्रमिक लिएर भए पनि काम गर्न थालेका छन्। अभिनेता दिलीप रायमाझी भन्छन्– 'थोरै भए पनि म्युजिक भिडियोमा काम गरेबापत राम्रै पारिश्रमिक पाइने गरेको छ। चलचित्रको तुलनामा चर्चा पनि कम हुँदैन।' आफूले मोडलिङ गरेको कुनै गीत चल्यो भने त्यसको प्रभाव चलचित्रभन्दा बढी फलदायी हुने उनको कथन छ। रायमाझी भन्छन्– 'चलचित्र हेर्न हलमा नगई हुँदैन, तर गीत टेलिभिजनबाटै प्रसारण हुनेहुँदा जोसुकैले पनि सहज रूपमा हेर्न सक्छन्।

आम कलाकार मोडलिङप्रति आकर्षित हुदै जाँदा चर्चित अभिनेता राजेश हमाललाई समेत मोडलिङको मोहले छाडेन्। राजेश हमालले जगजित सिंहको स्वर तथा आलोकश्रीको संगीतको नेपाली गीतमा मोडलिङ गरेका छन् भने धीरेन शाक्य र शिव श्रेष्ठ लोक गीतमा समेत सक्रिय हुन थालेका छन्। शिव, धीरेन तथा उषा पौडेल आदि कलाकारले म्युजिक भिडियोलाई अभिनयजत्तिकै महत्त्व दिन थालेका छन्। आधा दर्जनभन्दा बढी गीतमा मोडलिङ गरिसकेका शिव श्रेष्ठ भन्छन्– 'युवा पुस्ताका लागि चलचित्रभन्दा म्युजिक भिडियो बढी रुचिकर हुने गरेकाले म्युजिक भिडियोमा काम गर्ने लोभ जागेको हो।' गीत छानेर मात्रै मोडलिङ गर्ने कुरा बताउँदै ठेट नेपाली गीतमा काम गर्दा बढी रमाइलो हुने अनुभव उनी सुनाउँछन्। म्युजिक भिडियोको पारिश्रमिकप्रति पनि श्रेष्ठको कुनै गुनासो छैन।

चलेका कलाकारले समेत म्युजिक भिडियोलाई महत्त्व दिन थालेपछि युवापुस्ताका कलाकारको भाग खोसिएको छ, तर गुनासो गर्ने हिम्मत भने कसैले गर्न सकेका छैनन। अभिनयका साथै मोडलिङमा समेत सक्रिय उषा पौडेल भन्छिन्– 'म्युजिक भिडियो र चलचित्रको काममा खासै फरक हुँदैन, तर चर्चा दुवैतिर उस्तै छ।' युवा पुस्ताका अभिनेता-अभिनेत्रीहरूको वर्चस्व रहँदै आएको म्युजिक भिडियोमा पुराना र पाका कलाकारसमेत अनुबन्धित हुन थालेपछि नयाँहरूको चार्म घट्नुलाई अस्वाभाविक मान्न मिल्दैन, तर केही मेहनती नयाँ कलाकारको म्युजिक भिडियो दौड भने साँच्चै लोभलाग्दो छ। कतिपय त म्युजिक भिडियोबाटै चलचित्रतर्फ हाम फालेका छन्।



## साताको स्वर



**झापा झऱ्यो...कस्तो प्रकारको गीत हो ?**

यो लोक तथा पप मेलोडीको मिश्रणमा आधारित गीत हो। यो गीतमा गाउँका युवाहरू बिदेसिने क्रम बढ्दै गएको अवस्थाप्रति गाउँले महिलाहरूले गरेको बिलौना प्रस्तुत गरिएको छ।

**यो गीतको मूल आकर्षण ?**


शब्द नै हो। यो गीतले गाउँको यथार्थतालाई उजागर गरेको छ। गीतकार क्षेत्रप्रताप अधिकारीले गाउँमा गएर, त्यहाँको यथार्थ वस्तुस्थिति बुझेर यो गीत लेख्नुभएको हो।

**यो गीतका लक्षित श्रोता को हुन सक्छन् ?**

प्रायः गीत-संगीत युवाहरूले नै सुन्न रुचाउँछन् तर यो गीत लोकभाकामा आधारित भएकाले युवाहरूसँगै बच्चादेखि बूढासम्मले सुन्नेछन्।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

आलोक नेम्वाङको नृत्य निर्देशन रहेको यो गीतको म्युजिक भिडियो निकै राम्रो छ, साथै मेरो सोचेअनुरूपकै सुन्दर युवतीले यसमा अभिनय गरेकाले म्युजिक भिडियोको आकर्षण बढेको छ।



गायक तथा मोडल : हिपहप गायक निर्णय मोडल सराह गुरुङका साथ

## लाइभ सो



## नजिकबाट सुरेन्द्रमान सिंह



| | | |
|---|---|---|
| जन्ममिति | : | जनवरी २ तारिख |
| घरमा बोलाउने नाम | : | सुरेन |
| तपाईंको परिचय | : | गायक |
| जन्मस्थान | : | कीर्तिपुर, काठमाडौं |
| कर्मथलो | : | काठमाडौं |
| तपाईंको गोप्य कुरा | : | गोप्य कुरा खोलें भने गोप्य नै रहँदैन नि |
| रुचि | : | संगीत |
| अध्ययन | : | आई.कम. |
| पहिलो एल्बम | : | सहर तिम्रो |
| प्रेरणा | : | साथीभाइ |
| पहिलो डेटिङ | : | एसएलसी सकेपछि |
| पहिलो प्रेमपत्र | : | कक्षा ७ मा हुँदा पाएको |
| मनपर्ने परिकार | : | नेपाली |
| मनपर्ने रंग | : | कालो, नीलो, हरियो, खैरो |
| मनपर्ने पहिरन | : | क्याजुअल |
| पहिलो उपहार | : | चार कक्षामा मैले बनाएको चित्र हेरेर सरले आई.सी. ५ रुपैयाँ दिएको |
| मनपर्ने मौसम | : | शरद ऋतु |
| मनपर्ने खेल | : | क्रिकेट |
| नजिकका साथी | : | मेरो ब्यान्डका सदस्यहरू |
| फुर्सदमा | : | एक्लै बस्ने |
| रिस उठेको बेला | : | नबोली बस्ने |
| मनपर्ने आफ्नै बानी | : | आफ्नो सबै काम आफैंले गर्ने |
| खराब बानी | : | लामो समयसम्म रिसाउने |
| सबैभन्दा बढी माया | : | आमा, बुबा र मेरो देश |
| रमाइलो क्षण | : | कर्मा एल्बम बजारमा ल्याएको क्षण |
| नरमाइलो क्षण | : | हाल देशको परिस्थिति |
| जीवन के हो | : | बाँच्ने आधार |

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एक व्यक्तिले बाहिरबाट घरमा फोन गरे ।

'को बोलेको ?'

'घरकी कामदार ।'

'तर मेरो घरमा त मैले कुनै कामदार राखेको छैन ।'

'मालिक्नीले आजै बिहान राख्नुभएको ।'

'मालिक्नीले..., ए ठीकै छ । खै त मालिक्नी ?'

'मालिक्नी... उहाँ त बेडरुममा हुनुहुन्छ, कुनै तन्नेरीसँग रमाइलो गर्दै हुनुहुन्छ ?'

'हँ, तेरो मालिक फोन गर्दैछ, ऊ कोसँग बेडरुममा छे, थाहा छ तँलाई ।'

'हजुर, म नयाँ हुँ, मलाई थाहा भएन तर चालामाला ठीक छैन ।'

'मलाई त त्यसमाथि पहिलेदेखि नै शङ्का लाग्दै थियो । के तँ मलाई साथ दिन्छेस् ?'

'कस्तो साथ हजुर ?'

'तैंले दुवै जनालाई गोली हानेर मारिस भने म तँलाई १५ लाख दिन्छु । ड्रइङ रुमको ट्रलीमा पेस्तोल छ, गएर गोली हानिहाल, म होल्ड गरेर बस्छु ।'

केही बेरपछि ४-५ वटा गोली चलेको आवाज आयो । फोनमा फेरी त्यही युवतीले भनी, 'हजुरले भनेजस्तै गरी गोली हानें, तर डर लागिरहेको छ ।'

'डराउनु पर्दैन । अब दुवैको लास स्वीमिङ पुलमा फालिदे । म एकैछिनमा आइपुग्छु ।'

'तर यति सानो घरमा स्विमिङ पुल कहाँ छ र ?'

'सानो घर ?.. यो बानेश्वर होइन र ?'

०००

प्रेमिका : के विवाहपछि पनि तिमी मलाई यसरी नै प्रेम गर्छौ ?

प्रेमी : झन् बढी गर्छु । मलाई विवाहित महिलासँगको संसर्ग अविवाहित युवतीभन्दा बढी मन पर्छ ।

०००

डाक्टरकी पत्नी : तिम्रो कारमा हिजो को थियो ?

डाक्टर : मेरो साथी ।

डाक्टरकी पत्नी : ए, तिम्रो साथीले लिपिस्टिक छोडेको रहेछ, पुऱ्याइदिनु ।

०००

पति-पत्नीबीच पारपाचुकेको फैसला भयो । फैसलापछि न्यायाधीशले भने, 'तिमीहरूका तीन सन्तान रहेछन् । उनीहरूलाई आधा-आधा बाँड्नुपर्ने देखिन्छ । अप्ठ्यारो पर्लाजस्तो छ, के गर्छौ ?

पति पत्नीले एक-अर्काको मुख हेरेपछि भने, 'ठीक छ, हामी थप एक वर्ष कुर्छौं । चारवटा भएपछि दुई-दुईवटा बाँड्छौं ।

०००

पत्नीलाई कुकुर पाल्ने ठूलो सौख थियो । पत्नीको सौखबाट वाक्क भएको पतिले भन्यो, 'मानिस हुनुभन्दा बरु कुकुर भएको भए जाती हुने थियो ।'

'त्यसो भए धेरै राम्रो हुने थियो ।' आफ्नो छाउरीलाई माया गर्दै पत्नीले भनिन्, 'तिमी कुकुर भएको भए मेरी छाउरीले कुमारी बस्नु पर्दैनथ्यो ।'



## कविता

### मृत्यु ! तिमी पर्ख

मृत्यु ! तिमी पर्ख...
कति रै'छु अभागी म हेर मृत्यु तिमी पनि
यति सुन्दर संसारमा केही समय बाँच्न देऊ मलाई पनि ।
निर्दयी भगवान्ले निधारमा अभागी लेखिदियो
कलिलो घाम पापी बादलले छेकिदियो ।

### हारेको जीवन

हारेको जीवन जिउनु कसरी
आँसुमा डुब्दा नपिउनु कसरी
काटेको हैन, फाटेको हैन
टुटेको माया सिउनु कसरी
हारेको जीवन जिउनु कसरी ?

### रूख

रूखमा बसेर स्याउला काट्दा काट्दै
रूखैमा जन्माएकी रे आमाले उसलाई
विशाल गर्भबाट साँघुरो आकाशमा... ।

– ज्ञानेन्द्र 'भावुक'

### तरूँ भन्छु जँघार

साथी अलग साथ, अलग बात सर्दो रै'छ
तरुँ भन्छु जँघार तर खहरे बढ्दो रै'छ
विष नै हुन्छ सर्पसँग दूध-पानी पिए पनि
जानी जानी पनि यहाँ धोका हुँदो रै'छ
मान्छे नै हुँ वेदनामा आँसु झर्दो रै'छ
तरूँ भन्छु जँघार तर खहरे बढ्दो रै'छ

– ध्रुव अधिकारी

### म रोए पनि



म रोए तिमी हाँस्नु
तिमी हाँसे म हाँसुला
म मरे तिमी रुनु
तिम्रो आँसुमा म डुबुँला
जीउँदो हुँदा बेवास्ता गऱ्यौ
मर्ने बेला आँसु बहायौ
सासमा गाली तिरस्कार घृणा गऱ्यौ
दुनियाँका सामु रोएरै भए पनि
आखिर लासमाथि
अपार माया दर्शायौ ।

– आकाश राई

### कहिले आशा लाग्छ

कहिले आशा लाग्छ यो जीवनको मलाई
कैले निराश लाग्छ ! यो जीवन मलाई
एउटा जीवन बाँच्न कति कष्ट सहनुपर्ने
रसाई-रसाई आँखाबाट आँसु झार्नुपर्ने
कहिले विश्वास लाग्छ ! यो जीवनको मलाई
कहिले आशा लाग्छ ! यो जीवनको मलाई
फूलको छोडिदिउँ काँडा पनि भाग्यमा रहेनछ
कल्पी-कल्पी छरिनु बाहेक अरू केही रहेनछ
कहिले भरोसा लाग्छ यो जीवनको मलाई
कहिले आशा लाग्छ यो जीवनको मलाई ।

– निमेष नेवाः



### मलाई

हातमाथि हात दिएर,
घातमाथि घात नदेऊ
मायामाथि विश्वास दिएर
दर्दको यो बोझ नदेऊ
मखमलमाथि फूल दिएर
मुटु घोच्ने काँडा नदेऊ
आश्वासनको मल्हम दिएर
भित्रभित्रै चोट नदेऊ
सुन्दर सपनाहरू दिएर
बिपनीमा नतोडिदेऊ
दोबाटोबाट उठाएर
बगरमा नछोडिदेऊ ।

–दीपा चापागाइ

### प्यारो लाग्यो



सपनाको संसारभन्दा
यथार्थ नै प्यारो लाग्यो
सँगै जिउने-मर्ने भन्दा
एकान्त नै प्यारो लाग्यो
वाचा कसमभन्दा आज
ठाडो वचन राम्रो लाग्यो
फेसनको पहिरनभन्दा
गुन्यू चोली राम्रो लाग्यो
स्वार्थी प्रेमभन्दा आज
विछोड नै प्यारो लाग्यो
सँगै जिउने-मर्नेभन्दा
एकान्त नै प्यारो लाग्यो ।

– सोमबहादुर मगर



## लघुकथा



### हामी

हामी सबै एक हौं ।
त्यसो भनेको के हो ?
हामीबीच ठूलो-सानो, आफ्नो-पराई आदि कुनै भेदभाव छैन ।
त्यसो भए हामी सबै बारबर ?
हो, हामीबीच प्रत्येक काम सबैको साझा !
हो र, निकै राम्रो ।
सबै एक भएपछि तिमी भनेको नै म, म भनेको नै तिमी ।
अवश्य, हामी सबैले यस्तै विचार गर्नुपर्छ ।
लौ त, अब सबैले सक्दो काम गर्नुपऱ्यो ।
खै, के गर्ने हामीले ?
अँ, कान्छा, तिमी पानी लिएर आऊ... हाकुदाइ, तपाईं बढार्नुहोस्...,चमेली, तिमी चुलोचौको गर्नु....,ल अरू बसैं साथीहरूले भरे बेलुकाका लागि खाना खोज्न जानुपऱ्यो ।
अनि तिमीले के गर्ने हो नि ?
म खान लागेको देखेनौं ?
तिमीले मात्र खान लागेको ?
जसले खाए पनि के भो'र ? हामी सबै एकै त हौं नि ।

–सुरज श्रेष्ठ

# आमाहरूले चिनाए गाउँ



स्याङ्जा– एक दशक लामो द्वन्द्व समाप्त भएको घोषणा हुँदा स्याङ्जा सिरुबारीकी भीमकुमारी गुरुङ धेरै खुसी भइन् । सिरुबारीमा आन्तरिक द्वन्द्वकै कारण पर्यटन व्यवसाय सुकेको थियो । पर्यटन व्यवसाय फस्टाउने आशामा भीमकुमारीजस्ता धेरै गाउँलेको मुहारमा खुसी छाएको छ अहिले । 'अब त यो गाउँ चम्कने भयो,' भीमकुमारीले भनिन्– 'पर्यटक नहुँदा काम नै थिएन, अब त फुर्सद नहुने भो ।' देश-विदेशमा ग्रामीण पर्यटनका लागि आकर्षक बन्दै थियो सिरुबारी । गाउँ सुनसान हुँदा पनि आमा समूह शान्तिको आशा गर्दै बसिरह्यो । आफैंले बनाएको यो पर्यटकीय क्षेत्रबाट उनीहरू विस्थापित हुन चाहेनन् ।

माओवादी द्वन्द्वका कारण यहाँका धेरै पुरुष विदेश पलायन भए । विदेश जान नसक्नेहरू सुरक्षा खोज्दै सहरतिर झरे, तर यहाँका आमाहरू समूहमा सङ्गठित भएर बसे । उनीहरूले गाउँ छोडेनन् र आफ्ना छोराछोरी एवं गाउँलेका पछि पनि लागेनन्, बरु गाउँको विकासका निडर भएर जुटिरहे । 'अब त गाउँबाट भागेकालाई पनि यहीं ल्याएर पर्यटन विकासमा लगाउने हो,' भीमकुमारीले हौसिंदै भनिन्– 'हाम्रा लागि सबैभन्दा ठूलो सम्पत्ति नै शान्ति हो ।'

सिरुबारीलाई अहिले नेपालभित्र मात्र नभएर संसारका धेरै मानिसले चिन्छन् । चिन्ने आधार भनेको यहाँको ग्रामीण पर्यटन हो । सिरुबारीलाई संसारभर चिनाउने काम आमाहरूले गरेका हुन् । आफू जन्मिएको थलोलाई उनीहरूले माया मात्रै गरेनन्, संसारका मानिसको आँखामा पुऱ्याउने कामसमेत गरे । सिरुबारी स्याङ्जाको पञ्चमूल गाविस वडा नं. ४ मा पर्छ । आमा समूहको निरन्तर प्रयासकै कारण सरकारले ०५४ सालमा यसलाई 'ग्रामीण पर्यटन केन्द्र' घोषणा गरिसकेको छ । त्यसपछि हौसिएका आमाहरूले यसलाई साँच्चैको नमुना बनाउने काम गरे । सिरुबारी देशका घुम्न लायक क्षेत्रमध्ये उत्कृष्ट ग्रामीण पर्यटन केन्द्र बन्न पुगेको छ अहिले ।

सिरुबारी गाउँमा झुरुप्प परेको गुरुङ बस्ती छ । यसलाई ग्रामीण पर्यटन केन्द्र बनाउने सोच र काम पनि यहाँकै आमाहरूले नै गरेका हुन् । 'हामीले धेरै समयदेखि सिरुबारीमा पर्यटक ल्याउन खोजिरहेका हौं, अहिले सफल भएका छौं,' खुसीले हौसिंदै आमा समूहकी तीर्थकुमारी गुरुङले भनिन्– 'अहिले त धेरै आशा पलाएको छ ।' अगुवाहरूले कोरिदिएको योजना पछ्याउँदै जाँदा उनीहरू गाउँकै उदाहरणीय महिला बन्न पुगेका छन् । अहिले यो गाउँमा आउने पर्यटकलाई उनीहरू खुसीसाथ स्वागत गर्छन् । आफ्ना लाहुरे पतिसँग देश-विदेश घुम्दा सँगालेको अनुभवले उनीहरूलाई पनि केही गरौं-गरौं भन्ने भावना आयो । दस वर्षअघिको सिरुवारी सम्झँदै तीर्थकुमारी भन्छिन्– 'अब सिरुबारीमा नेपालीले मात्रै होइन, विदेशी पनि आउन थालेका छन् ।' यो गाउँ प्राकृतिक त छ नै, ऐतिहासिक एवं पुरातात्त्विक हिसाबले पनि त्यत्तिकै महत्त्वपूर्ण छ ।

सिरुबारी पुग्ने पहिलो पर्यटक अस्ट्रेलियन नागरिक डा. टोनी पारा हुन् । महिलाहरूले गरेको काम देखेर नै गाउँका अगुवा तथा पूर्वसांसद रुद्रमान गुरुङले पारालाई सिरुबारी पुऱ्याएका थिए । पर्यटन कार्यालय पोखराका तत्कालीन प्रमुख पदमबहादुर केसी तथा टोनीले सिरुबारीका लागि ग्रामीण पर्यटकको खाका बनाए । जसलाई पछ्याउँदै महिलाहरू अघि बढे । उनीहरूको काम एवं लगनशीलताबाट प्रभावित सरकारले त्यस गाउँलाई ग्रामीण पर्यटन केन्द्र घोषणा गऱ्यो । 'पर्यटनका केन्द्रका रूपमा विकास गर्न तीन वर्ष लाग्यो,' विगत सम्झँदै अगुवा महिला भीमकुमारी गुरुङ भन्छिन्– 'निरन्तरको प्रयास र मेहनतपछि हामीले बुनेको सपना पूरा भएको छ ।'

पर्यटकका लागि नाम चलेका होटल यहाँ छैनन्, तर पनि खान र बस्नका लागि भने कुनै असुविधा छैन । घरैपिच्छे सुविधासम्पन्न शौचालय छन् । सफा र शुद्ध खानेपानी पनि गाउँमा उपलब्ध छ । सबै घर पर्यटकका लागि उपयुक्त छन् । पर्यटकलाई पेइङ गेस्टका रूपमा राखिन्छ । प्रत्येकको घरमा दुई जना पर्यटक बस्न सक्ने व्यवस्था मिलाइएको छ । गाउँमा पर्यटक राख्ने घर ५० वटा छन् । यहाँ आउने पर्यटकलाई व्यवस्थित गर्न क्याप्टेन हर्कबहादुर गुरुङको अध्यक्षतामा गाउँ पर्यटन समिति गठन गरिएको छ ।

पर्यटकको सम्पूर्ण जिम्मा समितिलाई हुन्छ । पर्यटकलाई पञ्चमूल गेटमा नौमती बाजासहित फूलमालाले स्वागत गर्दै सिरुबारी भित्र्याइन्छ । आलोपालोअनुसार घरमा लगिन्छ । घरमा गएपछि पर्यटकलाई राम्रो आतिथ्य प्रदान गर्ने जिम्मा घरधनीको हुन्छ । पर्यटकको मनोरञ्जनका लागि साँझ नाचगान कार्यक्रम हुन्छ ।

विदेशी पर्यटक महिला भए नेपाली पोसाक तथा गहना लगाइदिए नाच्न लगाइन्छ । महिलाहरूले आफ्नो चलनअनुसार घाटु, कुसुण्डा, सती, बाह्रमासे, सोरठी, कृष्णचरित्रजस्ता नाच देखाउँछन् । यसो गर्दा नेपालको वेशभूषा र संस्कृतिका सम्बन्धमा विदेशमा समेत जानकारी पुग्ने विष्णुकुमारी गुरुङ बताउँछिन् । 'राजधानीका तारे होटलमा भन्दा गाउँका झुपडीमा बस्न र खान रुचाउँछन् विदेशी पर्यटक,' विष्णुकुमारी भन्छिन्– 'अझ यहाँको न्यानो आतिथ्यबाट जो-कोही पर्यटक प्रभावित भएरै छाड्छन् ।'

पर्यटकको जिम्मा लिएको घरका गृहिणीले उनीहरूको इच्छाअनुसार नै खाना ख्वाउनुपर्छ । दाल, भात, ढिंडो, कुखुराको मासु, भुटेको मकै, कोदाको लोकल रक्सी, दूध, दही, मही तथा हरियो तरकारी पर्यटकहरूलाई ख्वाइन्छ । 'गाउँको खाना पनि निकै स्वाद मानीमानी खान्छन्,' स्थानीय जुमबहादुर गुरुङ महिलाहरूको अठोट र साहस देखेर दङ्ग हुँदै भन्छन् ।

पर्यटकहरूको हिमचिमका कारण गृहिणीहरूले अङ्ग्रेजी भाषासमेत बुझ्न थालेका छन् । यहाँका अधिकांश महिला निरक्षर छन्, तर पर्यटकको सङ्गतकै कारण अङ्ग्रेजी बुझ्न र बोल्न थालेको मीनाकुमारी गुरुङ बताउँछिन् । 'बस्नेलाई सिट, चियालाई टी, नास्तालाई ब्रेकफास्ट, बिहान-बेलुकाको खानालाई लन्च र डिनर तथा राम्रोलाई ब्युटीफूलजस्ता शब्द अब त बुझ्ने मात्रै होइन, बोल्नसमेत थालियो,' उनी भन्छिन्– 'यसले बाहिरको कुरा पनि थाहा पाउने अवसर मिलेको छ ।' गाउँ पनि चिटिक्क छ । यही हरेक दिन सरसफाइमा ध्यान दिइन्छ । बोल्न लजाउने महिलाहरू आजभोलि धक नमानी बोल्छन् । नियम यति कडा छ कि पाहुना सत्कार गर्न नजान्ने र पाहुनाको इच्छाअनुसार खाना ख्वाउन नजान्नेलाई पाहुना राख्न दिइँदैन । 'पचास वर्षमा नभएको सुधार १० वर्षमा भएको छ,' भीमकुमारीले भनिन् ।

पर्यटकको चहलपहल बढेपछि उनीहरूले हस्तकलालाई पनि अघि बढाए । साथै स्थानीय कच्चापदार्थमा आधारित साना तथा घरेलु उद्योगहरूसमेत सञ्चालन गर्दै आएका छन् । काठ तथा धातुका सामान, बाँस, निगालो र माटाका आकर्षक सामान, कपडा तथा ऊनीका टोपी, झोला, स्वीटर, नेपाली कागजबाट बनाइएका डायरीहरू यहाँ उत्पादन हुन्छन् । पर्यटकले सिरुबारीको कोसेली भन्दै त्यस्ता सामान खरिद गर्छन् ।

सिरुबारी पहिलो ग्रामीण पर्यटन केन्द्र घोषित भएपछि छोटो समयमै यसले पर्यटन विकासको क्षेत्रमा उल्लेख्य काम गरेबापत पाटा पुरस्कार पनि पायो । त्यस्तै महिलाहरूले संरक्षण गरेको सामुदायिक वनले राष्ट्रिय स्तरको पुरस्कार पायो । यी दुवै पुरस्कारबाट उत्साहित यहाँका महिलाहरूले सिरुबारीको पर्यटन विकासमा आशालाग्दो भविष्य देखेका छन् । 'सिरुबारीको परिवर्तनमा आमाहरूकै योगदान छ,' पूर्वसांसद रुद्रमान गुरुङ भन्छन् । पर्यटकका लागि खाना पकाउन उनीहरूले तीन महिनाको तालिमसमेत गाउँमा नै लिएका थिए । 'पर्यटकहरू के रुचाउँछन् र के गर्दा उनीहरू खुसी हुन्छन् भन्ने कुरा आमाहरूले जानेका छन्' रुद्रमान भन्छन् ।

–भवानी अधिकारी

## सन्देश

जीवन हाम्रो सङ्लो पानी हो, सललल...। यो पानी धमिल्याउने दुस्प्रयास नगर, तिम्रो त मूल नै खराब छ तर म त्यस्तो छैन र मलाई ती कुरा मन पनि पर्दैनन् ।

**रहस्यमय जन्तु**

कालो, के गर्नु कहीं मिलन त कहीं विछोड, कहीं हाँसो त कहीं विछोड, कहीं दिन त कहीं रात, यो सबै सांसारिक जीवनको खेल रहेछ तर केही छैन काली यो मेरो अपार एवं अमूल्य मायालाई आत्मसात् गरी आफ्नो विचारमा अडिग भएर बस्नु । मिलनमा हुँदा हाँसो र विछोडिंदा आँसु बग्नु स्वाभाविक हो, मिलनमा रमेको त्यो मन विछोडमा अत्तालिन सक्छ तर कत्ति पनि नआत्तिनु । म तिमी सधैं हाँसी-खुसी भएको देख्न चाहन्छु । तिमी खानामा धेरै लापरबाही गर्छ्यौं, मेरो मायालाई सम्झी टन्न खाई मोटाएर बस्नु ल ।

**काले**

मैले पिएकोमा रिसाएका साथीहरू,
पिएर त हेर, पिउन कति गाह्रो छ ?
बाँच्न गाह्रो भएर आत्महत्या गर्नेहरू
जिएर त हेर, जिउन आत्महत्या गर्नभन्दा गाह्रो छ ।

**सिएन**

हिजोसम्म माया गर्छु भन्ने गालामा कालो दाग भएकी केटी, ब्युटिपार्लर गएर कालो दाग हटाउने बित्तिकै मलाई छाड्नुको रहस्य के हो ? मैले त तिम्रो मनलाई माया गरेको थिएँ, कोठीलाई होइन । दाग हट्नेबित्तिकै तिम्रो सौन्दर्यमा वृद्धि भएको भ्रम चाँडै निवारण होस् । मैले बिर्सनुअघि नै तिमीले आफ्नो हैसियत सम्झनु, नत्र वर्षापछि धान रोप्दा आउने परिणाम झैं पछुताउनुपर्नेछ । गालाको



कालो दाग मनमा गएर टाँसिएझैं लाग्यो मलाई तिम्रो व्यवहार । कृपया आफूलाई चिन्ने प्रयास गर ।

**राते**

नीतु, अचानक पानी पर्‍यो । त्यो पानीले तिमीलाई पनि रुझायो । तिम्रो सेतो पहिरन पारदर्शी भयो । त्यो क्षण मेरा लागि अवस्मरणीय थियो । हाम्रो परिचय भयो । हामी मित्र भयौं । केही समयपछि तिम्रो विवाह भयो, त्यसपछि मेरो पनि विवाह भयो । हामी दुई अलग-अलग सन्तानका आमा-बाबु भयौ । तैपनि जब-जब वर्षा लाग्छ र कुनै युवती देख्छु, म त्यही दृष्य सम्झन्छु । यति वर्षपछि पनि मैले तिमीलाई बिर्सन सकिन । एक दिन त्यसैगरी बिना छाता तिमिसँग रुझ्न मन लागेको छ । बिन्ती छ, एकपटक मात्रै ।

**सुरेश**

स्नेही, केही समययता तिम्रा क्रियाकलापका समाचार सुन्दैछु । कोही भन्छन्, तिमी कुनै चर्चित रेष्टुराँकी मालिककी भित्रिनी भयौ रे । कोही भन्छन्, तिमी तेस्रो दर्जाको काम गर्दैछौ रे । कोही भन्छन्, तिमी चुपचाप अमेरिका गयौ रे । तिमी बेपत्ता भएपछि यो जीवन रसविहीन भएको छ । जुनसुकै अवस्थामा भए पनि तिमी मेरो जीवनमा फर्क, बिना कुनै अवरोध म तिमीलाई आफ्नो छातीमा स्थान दिनेछु ।

**ए.**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................................................

उमेर : ....................................... उचाइ : ...................................

पेसा : ....................................... शिक्षा : ...................................

स्वभाव :....................................... वैवाहिक स्थिति : .......................

अभिरुचि : .......................................वर्ण : ...................................

इमेल : ..........................................................................................

ठेगाना :..........................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................................

..........................................................................................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

### अतीतका पानाहरू

बिहानैदेखि आकाशमा बादल मडारिरहेका थिए । आकाशमा भएका काला बादलले वातावरणलाई चिसो बनाइरहेको थियो । वैशाख जेठकै समय भए पनि जाडोको अनुभव भैरहेको थियो । सदा दिनको झैं म आफ्नो बिहानको नित्यकर्ममा व्यस्त थिएँ । यही समयमा बाहिरबाट कसैले बोलाएको ध्वनी मेरो कानमा आएर ठोक्किन पुग्यो । मैले आफ्नो ध्यान किताबका पानाहरूबाट हटाएर बाहिरबाट बोलाउने मानिसलाई केन्द्रित गर्दै ऊ भएको ठाउँतर्फ लागें । मलाई बाहिरबाट बोलाउने मानिस हुलाकी दाइ रहेछन् ।

प्रायः मेरो चिठीपत्र आइरहने भएकोले उक्त हुलाकी दाइसँग मेरो राम्रो चिनजान थियो, उनले मलाई एउटा चिठी दिएर गए । कौतुहलताका साथ मैले उक्त पत्र खोलेर हेरें । एक्कासी ममा हुरीबतास आयो कुनै गह्रुंगो ढुंगाले मलाई थिचेजस्तो लाग्यो । भक्कानो फुटेर आयो उक्त पत्रमा भएको



समाचारले मलाई मुटुमा चिरा पार्ने काम गर्‍यो, तर पनि आफूलाई सम्हाल्दै उक्त पत्र बोकेर म एउटै कोठामा बस्ने विक्रम, पर्वत तथा मनोजलाई सम्म नभनिकन हतारहतार मेची अञ्चल अस्पतालतर्फ हानिएँ ।

पत्रमा उल्लेख भएबमोजिम कोठा नं. १०६ मा पुगें जहाँ मेरो मुटुको टुक्रा, मेरो उद्देश्य अनि मेरो सम्पूर्ण अनितालाई अचेत अवस्थामा बेडमा लडिरहेको देखें । उक्त बेडको अगाडिपट्टि अनिताको दिदी र आमा बस्नुभएको रहेछ । उनको परिवारको सम्पूर्ण सदस्यहरूलाई अनिता र मेरो सम्बन्धका बारेमा थाहा थियो । अनिताले मसँग भेट्ने इच्छा गरेकाले अनिताको दिदीले मलाई पत्र पठाउनुभएको रहेछ ।

मैले के कारणले अनिताको यो हालत भयो भनेर सोधेपछि उहाँले अनिताले विष सेवन गरेको बताउनुभयो र त्यसको कारण स्वयम् उनको बाबा भएको बताउनुभयो ।

अनिता र मेरो विवाहमा अब ढिलाइ नगर्ने सहमति २ दिनअगाडि मात्र भएको थियो । उनले आफ्नो परिवारमा विवाहको कुरा राख्छु र घरमा बोलाउँछु भनेकै दिन उनको यो हालत देख्दा मैले आफ्नो मन थाम्न सकिनँ । अनायासै मेरो आँखामा आँसु रसाए । उनको र मेरो विचार समान थियो, रोजाइ समान थियो, सपना समान थियो । हामीहरू एकअर्कामा खुसीसाथ जीवनयापन गर्न सक्थ्यौं । हो, यिनै कुराहरू अनिताले आफ्नो परिवारमा सम्झाउन खोजिहोला । परिवारका अन्य सदस्यहरू उक्त सहमति भए पनि अन्धविश्वास तथा रुढीवादी परम्पराले मस्तिष्कमा जालो लगाइसकेको उसको बाबालाई भने उक्त कुरा पचेनछ । अनेकन तवरले अनिताले सम्झाउँदा पनि उनका बाबा सहमत भएनछन् बरु उल्टो गालीगलौजका साथ घरबाट ननिस्कने चेतावनी दिएछन् । साथै मलाई पनि अनेकन गालीगलौज गरेछन् र उनको विवाह अरूसँग गरिदिने बताएछन् । यही कुराहरू सहन नसकी उनले एक्लै भएको मौका पारी विष सेवन गरिन् ।

हामी सबैजना अचेत अवस्थामा रहेको अनिताको अनुहार एकोहोरो हेरेर शान्तसँग बसिरहेका थियौं । अचानक उनको श्वासप्रश्वास बन्द हुन पुग्यो । वातावरण कोलाहलमय भयो । हृदयले उक्त घटना सहन नसकी मेरो आँखाबाट आँसुको वर्षा हुन थाल्यो । यदि मैले उनले भनेकै समयमा उनलाई भगाएर यो समाजदेखि टाढा लान सकेको भए आज यो अवस्था देख्नुपर्ने थिएन होला भन्ने सोच ममा पैदा भयो । तर के गर्नु अब ढिलो भैसकेको थियो भन्दै म मेरो मनलाई सम्हाल्न खोज्दै थिएँ ।

त्यतिबेलै अनिताको बुबाको उपस्थितिले वातावरणलाई अझ कोलाहलमय बनायो । उहाँ आफ्नो गल्तीका लागि बारम्बार आफ्नो परिवारका सदस्यहरूसँग क्षमा मागिरहनुभएको थियो । तर उहाँबाट ठूलो गल्ती भैसकेको थियो त्यसैले उहाँको कुरा सुनिदिने कोही भएनन् । उहाँको जिद्दी, अडानको कारणले उहाँले आज एउटी सन्तान गुमाउनुभएको थियो भने मैले आफ्नी अनिता । हो, यही चोटको कारणले मैले अब सधैं उसैको सम्झनामा बाँच्ने निर्णय गरें ।

**– जीवन**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।

**– साप्ताहिक**


## साप्ताहिक साथी



-जहाँ बसेर भए पनि देशको सेवा गर्न चाहने सागर शर्माको उचाइ ५ फिट ५ इन्च छ । प्रवेशिका उत्तीर्ण गरेका २० वर्षीय सागर हँसिलो स्वभावका छन् । गहुँगोरो वर्णका सागर अविवाहित हुन् । हँसिलो स्वभावकी, प्रवेशिका उत्तीर्ण तथा जातभातको वास्ता नगर्ने युवतीसँग मित्रता गाँस्न चाहने सागरलाई श्री कालीध्वज गण, भोजपुरमा पत्राचार गर्न सकिन्छ ।



-मिलनसार स्वभावका गोपाल श्रेष्ठ ५ फिट ५ इन्च अग्ला छन् । २७ वर्षीय श्रेष्ठ विवाहित हुन् । साथी बनाउने, पत्रपत्रिका पढ्ने तथा गीत-गजल लेख्ने गोपाल जागिरे हुन् । खुला हृदय तथा मित्रतालाई स्थायित्व दिने मृदुभाषी ४० वर्षसम्मका विवाहित महिलासँग मित्रता गाँस्न चाहने गोपाललाई जिल्ला प्रहरी कार्यालय, हेटौंडा मकवानपुरमा पत्राचार गर्न सकिन्छ ।



-
पौडेल 'बाजे' अविवाहित विद्यार्थी हुन् । ५ फिट अग्ला सुरज गहुँगोरो वर्णका छन् । सुरज सफा मन भएका, दुःखमा साथ दिने साथीको खोजीमा छन् । १७ वर्षीय सुरजलाई नयाँ बानेश्वर-३४ जनसहयोग मार्गमा पत्राचार गर्न सकिन्छ ।

# सुन्दर सन्दकपुर

इलाम– एक हूल विद्यार्थी सन्दकपुरको सुन्दरतालाई क्यामेरामा कैद गर्न भ्याई-नभ्याई थिए । उत्तरतिर लस्करै देखिने हिमश्रृंखला बिहानीको झुल्के घाममा सुनौलो रंगमा पोतिएको थियो । 'त्यो कञ्चनजंगा, अनि त्यो कुम्भकर्ण, क्षितिजमै बिलाउन लागेझैं देखिने सर्वोच्च शिखर सगरमाथा.....' पथपदर्शक आँखै अगाडिको मनोरम हिमाली दृश्यहरूलाई औंल्याउँदै थिए । उनी भन्दै थिए- 'दक्षिण एसियामै सबैभन्दा राम्रोसँग हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने ठाउँ हो यो ।"

काठमाडौंबाट आएका ४५ जना विद्यार्थी सन्दकपुरको प्राकृतिक रमणीयतामा आफूहरूलाई हराइरहेका थिए । उच्च हिमाली भेगमा बहकिने मुटु काँप्ने चिसो सिरेटोले उनीहरूलाई कुनै प्रभाव पारेको थिएन । दार्जीलिङको एक ट्रेकिङ एजेन्सीमार्फत पैदल यात्रा गरी सन्दकपुर पुगेका ती विद्याथीहरूले सन्दकपुरबाट देखिने हिमाली दृश्यहरूबाट मात्र आनन्द लुटेनन्, साँझको सूर्यास्त र बिहानीको सूर्योदयको दृश्यालोकन पनि राम्रैसँग हेर्न पाए ।

समुन्द्री सतहबाट २ हजार ९ सय २९ मिटरको उचाइमा रहेको यो भेगको तापमान घट्दै जाँदा पर्यटक आगमन बढ्दै जान्छ । 'पर्यटक भित्रिने



सिजन कात्तिकदेखि सुरु हुन्छ,' शेर्पा च्यालेट लजका पासाङ्ग रिन्जी शेर्पा भन्छन्– 'हिउँ झरेको बेला त हिउँ खेलेर रमाइलो गर्नेहरूको बाक्लै जमघट हुन्छ ।'

भारत र नेपालको सीमावर्ती क्षेत्रमा अवस्थित पर्यटकीय बजार हो– सन्दकपुर । यहाँबाट देखिने मनमोहक हिमश्रृंखला, सूर्यास्त र सूर्योदयको दृश्वलोकनले सन्दकपुरको पर्यटकीय महत्त्वलाई उच्च बनाएको छ । इलाममा बग्ने चारखोला (माईखोला, पुवाखोला, पुवामाई र देउमाई) को उद्गम स्थल एवं विश्वमै दुर्लभ मानिएको रेड पान्डाको आश्रय स्थल यो क्षेत्र धार्मिक एवं जैविक विविधताका कारण पनि कम महत्त्वपूर्ण छैन । त्यसो त कञ्चनजंघा, कुम्भकर्ण आदि हिमश्रृंखलालाई पृष्ठभूमिमा पार्दै पहाडी भूभागमा फैलिएको सन्दकपुर पनि पर्यटकको मन हर्ने सुन्दर थलो हो ।

सन्दकपुरको सुन्दरतामा रम्न बर्सेनि हजारौं पर्यटकको ओइरो लाग्ने गरेको छ । 'वर्षमा ४० हजारसम्म पर्यटक आउँछन्,' होटल व्यावसायी निमदोर्जे शेर्पा भन्छन् । आन्तरिक पर्यटकभन्दा विदेशी पर्यटक बढी आउने गरेको स्थानीय होटल व्यवसायीहरू बताउँछन् ।

नेपाल र भारतको सीमावर्ती क्षेत्र भए पनि सन्दकपुरको पर्यटन विकासबाट नेपालले लाभ लिन सकेको छैन । त्यसो त यहाँको पर्यटन विकासका लागि नेपाल सरकारले कुनै चासो देखाएको पाइँदैन । यहाँ बनेका दुईवटा होटलबाहेक अधिकांश होटल, लज भारत सरकारले सञ्चालन गरेको छ । सुगौली सन्धिअघि नै बनेको मोटरबाटो भारतले एकपक्षीय रूपमा प्रयोग गरेको छ । यो बाटो दशगजा क्षेत्रभित्र बनेको छ ।

भारतको दार्जीलिङ, मानेभन्ज्याङ हुँदै सन्दकपुर पुग्ने मोटरबाटोमा दैनिक भारतीय नम्बर प्लेटका ल्यान्डरोभर गाडी चल्छन् तर नेपालबाट बाटो विस्तारको प्रशस्तै सम्भावना हुँदाहुँदै पनि त्यसको विकास हुन सकेको छैन । 'यहाँ नेपाल सरकारको कुनै उपस्थिति देखिँदैन,' स्थानीय क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्थाका कर्मचारी युवराज पीसी बताउँछन् । त्यसो त सन्दकपुर पुग्न नेपालीले नै भारतिय ट्रेकिङ एजेन्सीको सहारा लिनुपर्ने बाध्यता छ । इलाम जिल्लामा पर्ने यो पर्यटकीय स्थल पुग्न इलामेहरूले पनि भारतको दार्जीलिङ हुँदै यात्रा गर्नुपर्ने बाध्यता छ ।

नेपालबाटै पनि पैदल यात्रा गरेर जाने हो भने सन्दकपुर पुग्न सकिन्छ । इलाम सदारमुकामबाट माईपोखरी, माइमझुवा, मावु गाविस हुँदै सन्दकपुरसम्मको पैदल यात्रा तय गर्न सकिन्छ ।

**–शिव मुखिया**

# के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?

सम्पादकज्यू, तपाईंलाई दुःख पऱ्या जस्तो छ नि, त्यसो हो भने एकपल्ट प्रयोग गर्नुहोस्, थाहा भैहाल्छ नि ।

**रोशन** (१९), **माईस्थान, महोत्तरी**

कस्तो कुरा गर्नुभा'को ! रक्सी वा नशाले दुःख भुल्न सकिने भए संसारमा कोही दुःखी नै रहने थिएनन् नि ।

**उद्धव श्रेष्ठ** (२०), **महाङ्काल**

ल ! के प्रश्न गऱ्या ? रक्सी वा नशाले पनि दुःख भुल्न सकिन्छ र ? यदि सकिंदो हो त सबैले हरेक दुःख-पीडा भुल्न रक्सी अनि नशाको प्रयोग गरिहाल्थें नि ।

**विष्णु भुषाल** (२३), **पाल्पा**

सकिंदैन, सकिने भए सबै दुःखीले त्यसै गर्थे होला ।

**करवीर उदासी** (१९), **रुकुम**

रक्सी वा नशाले दुःख भुल्न सकिंदैन तर केही बेरका लागि त्यस्तो दुःखलाई अलि पर सार्न सकिन्छ ।

**शशीकान्त गुप्ता** (१८), **पर्सा**

आवश्यकताअनुसारको प्रयोग ठीकै हो नत्र ज्यानै जोखिममा पारेर प्रयोग गर्दा दुःख त के संसार नै भुल्न सकिएला ।

**प्रेम कान्छा मगर, तानसेन, पाल्पा**

म यस्ता चीजहरू प्रयोग गर्दिन र भविष्यमा प्रयोग गर्ने पनि छैन । यो यस्ता कुरा प्रयोग गर्नेहरूलाई मात्र थाहा होला ।

**मखन श्रेष्ठ, भिमान**

सकिंदैन ! यसले पैसा र स्वास्थ्य पनि खतम पार्छ, जसले गर्दा दुःखमाथि दुःख थपिन्छ ।

**प्रतिमा श्रेष्ठ** (२०), **पोखरा**

केही हदसम्म सकिन्छ ।

**गमु सिंजाली** (२१), **स्याङ्जा**

शिवरात्रीका दिन साथीसँग लागेर मस्त तोङ्वा, एलटी र बियर धोकियो अनि भएको मोबाइल, पैसा, स्वास्थ्य सबै गुमाइयो, अब तपाईं नै भन्नुहोस् त नशाले दुःख भुलायो कि सम्झायो ?

**मरुन मल्ल** (१९), **घन्टाघर**

प्रेमको चोट भुल्न नशाकै साथ लिइन्छ के भन्नु ?

**प्रमोद थापा**

आफन्तले आफ्नो नभनिदिंदा दुःख लाग्छ, त्यसपछि दुःख भुल्न...।

**सुन्तली खड्का** (२७), **सुन्दरीजल**

आफ्नी प्रेयसीले अर्कैको हात समाई हिंडेको देख्दा रक्सी नपिएर अरू के पिउने त ? विष पिए त ज्यानै जान्छ ।

**शुभचिन्तक थापा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
२. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
३. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
४. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
५. बुद्धि ठूलो कि बल ? किन ?
६. देशभक्ति के हो ?
७. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
८. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
९. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
१०. प्रेममा धोका हुने कारण के हो ?



औंला टोकेर खाएको कसमलाई पनि जाबो कुरा मान्छन् भने कसको के लाग्छ ? अनि त्यतिबेला दुःख भुल्ने साधन नशा हुँदो रहेछ ।

**शोभा भुजेल** (२५), **जोरपाटी**

दुःख भुल्न रक्सी वा नशा सेवन गर्ने होइन कि उद्यम गर्नुपर्छ ।

**इन्दिरा भुजेल, नलिन्चोक**

केही समयका लागि मात्र भुल्न सकिन्छ सधैंका लागि होइन ।

**वैद्यनाथ कोइराला** (२८)

केही मात्रामा सकिन्छ होला तर शारीरिक दृष्टिले त्यसो गर्नु ठीक होइन ।

**हिमकुमार थापा**

रक्सी वा नशाले दुःख भुल्न खोज्नु समाजमा आफ्नो छवि बिगार्नु पनि हो ।

**नरेश खड्का, सुन्दरीजल**

दुःख-पीर भुल्न रक्सीको सहारा लिनु गलत हो ।

**सुरेन्द्र खड्का, सुन्दरीजल**

सायद सकिन्छ होला र त सबैले नशाको सहारा लिएका ।

**प्रद्युम्न पौडेल**

म त दुःख भुल्न रक्सिको होइन निन्द्राको सहारा लिन्छु । राम्रो निद्रा पर्न रक्सी त धोक्नैपऱ्यो, कि कसो ?

**रेलकुमार तामाङ**

यो कुरा सेवन गर्नेहरूलाई नै थाहा हुन्छ आफू त त्यस्ता नशालु पदार्थ सेवन गरिदैन ।

**गीता खड्का, सुन्दरीजल**

नशाले भन्दा पनि धार्मिक प्रवचनले मन बहलाउन सकिन्छ ।

**माधव खनाल**

सक्न त सकिन्छ तर आयु भने छोट्याउँछ ।

**नर्बु लामा, दार्जीलिङ**

दुःख मात्र होइन, आफू र आफ्नो कर्तव्य पनि भुलिंदो रहेछ ।

**मीरा श्रेष्ठ** (२५), **चाँगु**

नशाले दुःख मात्र होइन घरपरिवार पनि भुलाउने हुँदा यस्ता अहितकर पदार्थ सेवन गर्नु हुँदैन ।

**मैया भुजेल, भैसेपाटी**

रक्सी र नशाले दुःख मात्र होइन, संसारै भुलाएर मृत्युको मुखमा पुऱ्याउन सक्छ । अतः यस्ता पदार्थ सेवन नगरेकै राम्रो ।

**शारदा भुजेल** (२४), **चाँगु**

दुःख भुल्न मायालुसँग घुम्न जानुपर्छ, मायालु नभए बनाउने प्रयास गर्नुपर्छ ।

**गोपाल पौडेल, चाँगुनारायण**

दुःख भुल्न नशा सेवन होइन, कथा लेख्नुपर्छ, बगैंचामा घुम्नुपर्छ ।

**कल्याण थापा, बानेश्वर**

दुःख भुल्न रक्सी र नशा सेवन गर्ने होइन कसैको माया पाउने प्रयास गर्नुपर्छ ।

**सन्तोष ढुंगाना**

दुःख भुल्न नशा र रक्सीको सहायता लिनुभन्दा पुस्तक एवं पत्रपत्रिका पढ्ने, फिल्म हेर्ने कि कसो ? मिष्ठान्न भोजन पनि गर्न सकिन्छ ।

**रवीन्द्र ढुंगाना**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : हामी स्नातक तेस्रो वर्षमा अध्ययनरत २२ वर्षीय युवा-युवती हौं । क्याम्पसमा पढ्ने क्रममा हामीले विगत २ वर्षदेखि आपसमा प्रेम तथा शारीरिक सम्बन्ध पनि राख्दै आएका थियौं । हामी दुवै आत्मनिर्भर भएपछि मात्र विवाह गर्ने विचारमा थियौं । अफसोच, अहिले हाम्रो वंशावलीसम्बन्धी पुस्तिका अध्ययन गर्ने क्रममा थाहा भयो– उनी हाम्रो आफ्नै वंशको अन्यत्र जिल्लामा धेरै वर्ष पहिले बसाइँ सरी गएका छैटौं पुस्ताअघिका हजुरबाकी छोरीकी छोरी हुन् । यसरी उनी मेरी फुपूकी छोरी पर्छिन् । त्यसपछि हामी धेरै अप्ठ्यारोमा परेका छौं । मैले हाम्रो सम्बन्धलाई तोडौं भने पनि उनी समाज तथा कानुनले नजिकको नातामा विवाह गर्न छुट दिइएका जातिका उदाहरण दिंदै जे भए पनि हाम्रो सम्बन्धलाई नतोड्ने पक्षमा छिन् । म पनि उनलाई सजिलै छोड्न सक्दिनँ । यस्तो अवस्थामा हामीले विवाह गऱ्यौं भने सामाजिक तथा कानुनी समस्या त छँदैछ, त्यसबाहेक भविष्यमा हामी तथा हाम्रा सन्ततिमा कस्तो असर पर्न सक्छ ? त्यसको वैज्ञानिक आधारसहितको उत्तरको अपेक्षा गर्दछौं ।**

**–ए. एस. आर.**

**उत्तर** : नजिकको नातामा गरिने विवाहमा कतिपय समुदायले बन्देज लगाएको छ तर यस्तो बन्देजमा पर्याप्त विविधता देख्न सकिन्छ । त्यसैगरी कतिपय समुदायले नजिकको नातेदारसँगको विवाहलाई स्वीकृति दिएको देखिन्छ । नेपालमा हेर्ने हो भने सात पुस्तासम्मका लागि विवाह नै गर्न नपाइने बन्देज छ भने अर्कातिर मामा फुपूकी चेलीमा पहिलो हक लाग्ने समुदाय पनि छ ।

विभिन्न कारणले कुनै समूह कुनै एक निश्चित भौगोलिक क्षेत्रभित्र बस्दा अन्य विवाहयोग्य व्यक्ति नभेटिने स्थितिमा नजिकको नातेदार विशेष गरेर cousins नै विवाह गर्ने चलन चलेको हुनुपर्छ । यसो गर्दा विस्तारित परिवारको सम्पत्ति अन्य समुदायमा बाँड्नुपर्ने हुँदैन । फेरि चालचलन एवं रीतिथितिका बारेमा राम्रो जानकारी हुने हुँदा जीवनयापन गर्न पनि त्यति गाह्रो हुँदैन । परिचित व्यक्तिमाझ हुर्किने हुँदा विश्वासको वातावरण पनि हुन्छ । सम्बन्ध पहिले नै प्रगाढ भैसकेको हुन्छ । परम्परा एवं संस्कृतिको अभिन्न अङ्ग नै बनेको समुदायमा यस्तो विवाहले निरन्तरता पाउने नै भयो ।

**नातेदारबीच विवाह गर्नु हुँदैन ?**

विशेष गरेर सामाजिक तथा धार्मिक नियमका कारणले नै यस्तो बन्देज लगाइएकाले यसो गर्न नहुने हो । हिन्दू समाजमा सगोत्रभित्र विवाह गर्न बन्देज लगाइएको छ । सात पुस्तासम्मको नाता पर्नेले विवाह गर्न नहुने कुराले तपाईंहरूलाई असजिलो परेको हो, जुन तपाईंलाई पनि राम्रोसँग थाहा छ ।

विशेष गरेर सन्तानमा विभिन्न जन्मजात खराबी आउँछन् भनेर नै नजिकका नातेदारबीच विवाह गर्न निषेध गरिएको हुन्छ । वैज्ञानिक दृष्टिले हेर्ने हो भने पनि जतिसक्यो वंशाणुमा विविधता ल्यायो, सन्तान त्यति नै सक्षम हुने देखिन्छ । एकै जातभित्र मात्रबाट सन्तान जन्माउँदा विभिन्न वंशाणुगत खराबी आउन सक्छन् । गम्भीर खालका recessive genetic disorders को सम्भावना बढ्छ । यस्तो खराबी स्पष्ट रूपमा देखिन मातापिता दुवैबाट असामान्य जीन आएको हुनुपर्छ ।

**नजिकका नाताभित्र विवाह गर्दा कस्तो असर पर्छ ?**

तपाईंले पत्रमा उल्लेख गर्नुभएको कुरा सामाजिक तथा कानुनी स्थितिमा भर पर्छ तर असरको कुरा गर्दा यी कुरामा पनि विचार गर्नु नै पर्ने हुन्छ, तर पनि विशेष रूपमा स्वास्थ्यसम्बन्धी असरका बारेमा कुरा गरौं । कतिपय दम्पती सन्तान कस्तो जन्मिएला भनेर चिन्ता र त्रासको स्थितिमा हुन्छन् । अर्कातिर केही गरेर जन्मजात खराबी भएको शिशु जन्मिए त्यसको असर त जिन्दगीभरि नै रहने भयो ।

**जन्मजात नै यस्तो खराबी हुने सम्भावना कत्तिको हुन्छ ?**

मातापितामध्ये कसैबाट अर्कालाई dominate गर्ने जीन प्राप्त गरेको भए यस्तो खराबी देखिन्छ । जस्तै कि Huntington's disease तथा Marfan Syndrome, तर अर्को खाले स्थिति (recessive) मा दुवै मातापितामा असामान्य (खराबीयुक्त) जीन भए पनि सन्तानमा त्यसको प्रभाव फरक हुनसक्छ । दुवैबाट खराब जीन आएर वंशाणुगत खराबी देखिने सम्भावना २५ प्रतिशत हुन्छ । त्यसैगरी दुवैबाट सामान्य जीन आएको भए कुनै वंशाणुगत खराबी नदेखिने सम्भावना २५ प्रतिशत हुन्छ । बाँकी ५० प्रतिशत सम्भावना सन्तानले एक स्वस्थ र एक असामान्य (खराब) जीन प्राप्त गर्ने हुन्छ, जसमा यस्तो कुनै खराबी त देखिँदैन तर उक्त व्यक्ति त्यस्ता वंशाणुको carrier हुन्छ ।


पहिलो पुस्ताकै cousins बाटै सन्तान जन्माए यस्तो वंशाणुगत खराबी सन्तानमा देखिने सम्भावना यस्तै ६ प्रतिशत हुन्छ भने सामान्य जनसंख्यामा (नातागोताभन्दा बाहिरको सम्बन्धबाट) यो सम्भावना ३ प्रतिशत हुन्छ । यस अर्थमा यस्तो खराबी हुने सम्भावना सामान्य सम्बन्धको तुलनामा दोब्बर हो तर अर्कातिर यो पनि विचार गर्नुपर्ने हुन्छ कि २५ वर्षको तुलनामा ३५ वर्षकी महिलाले सन्तान जन्माउँदा down syndrome हुने सम्भावना ४ गुणा बढ्छ भने ४० वर्षमा १५ गुणा तर वास्तविक सम्भावना १ प्रतिशत हुन्छ । कुरा जे भए पनि पछिल्ला अनुसन्धानहरूले नजिकका नातेदारबाट सन्तान जन्माउँदा पहिले अनुमान गरिएअनुरूप धेरै वंशाणुगत खराबी नहुने कुरा देखाएको छ । दुई व्यक्तिबीचको consanguinity एक पुस्ता फरक हुँदा ४ गुणा कम हुन्छ । उदाहरणका लागि second cousins को तुलनामा first cousins को माझमा consanguinity ४ गुणा बढी हुन्छ । Fourth cousins र त्योभन्दा टाढाको सम्बन्धमा यस्तो consnaguinity random तरिकाले लिइएको कुनै दुई व्यक्तिभन्दा फरक हुँदैन भनिएको छ । यी त भए सम्भावनाका कुरा । पक्कासाथ कुनै खराबी नसरोस् भन्नका लागि जीनको परीक्षण गराउनुपर्ने हुन्छ र त्यसकै आधारमा यस्ता जोखिमका बारेमा केही भन्न सकिन्छ । यस्तो परीक्षण आर्थिक रूपले विपन्न मुलुकहरूमा सजिलै गर्न पाइँदैन ।

**अब के गर्ने त ?**

संसारभरि हेर्नुभयो भने बन्देज पनि फरक-फरक हुने गरेका छन् । कसैले सात पुस्तासम्मलाई बन्देज लगाएका छन् भने कसैले first cousins सँग पनि विवाह गर्न छुट दिएका छन् । तपाईंहरू सामाजिक रीतिथिति एवं परम्परालाई कत्तिको पछ्याउन चाहनुहुन्छ ? यो तपाईंहरूमै भर पर्ने कुरा भयो । गहिरो प्रेममा पर्दा यस्ता परिधिलाई नाघ्ने कुरा पक्कै पनि भएका छन् । आशा गर्छु– यी जानकारीका आधारमा राम्रो निर्णय लिन सक्नुहुनेछ, शुभकामना ।

## प्रविधि र जीवन


### स्टिमसेल प्रत्यारोपण




अमेरिकाको न्यू ओर्लियन्समा चिकित्सकहरूले हृदयाघातबाट पीडित रोगीलाई स्टिमसेल प्रत्यारोपण गरेर बचाएका छन् । हृदयरोगबाट पीडित रोगीको शरीरमा रगत प्रवाहित गरी स्टिमसेल प्रत्यारोपण गरेर बचाउन सकिएको न्यू ओर्लियन्सका चिकित्सकहरूले बताएका छन् । हृदयरोगको उपचारका लागि यो महत्त्वपूर्ण उपलब्धि भएको चिकित्सकहरूको कथन छ ।

### एस्प्रिन र हृदयरोग

अमेरिकी वैज्ञानिकहरू एस्प्रिन सेवन गर्ने महिलाहरूमा सेवन नगर्ने महिलाको तुलनामा क्यान्सर तथा हृदयरोग लाग्ने सम्भावना २५ प्रतिशत कम हुने निष्कर्षमा पुगेका छन् । २४ वर्षका ७९ हजार ४ सय ३९ महिलामा गरिएको परीक्षणबाट उक्त कुरा प्रमाणित भएको वैज्ञानिकहरू बताउँछन् । प्रतिसाता १ देखि १४ वटा एस्प्रिन चक्की सेवन गर्ने महिलाहरूमा सेवन नगर्नेहरूमा भन्दा हृदयरोगबाट मर्ने सम्भावना ३८ प्रतिशत कम हुने र क्यान्सरबाट मर्ने सम्भावना १२ प्रतिशत कम हुने कुरा अध्ययनको क्रममा पत्ता लागेको छ ।



### मूत्राशयको घाउ र हर्बल



शरीरको बोसो घटाउन तथा एलर्जीबाट बच्न एउटा हर्बल औषधी एन्टिबायोटिकसँग खाएको खण्डमा मूत्राशयको घाउ (इन्फेक्सन) रोक्न पनि सफल हुने कुरा अनुसन्धानकर्ताहरूले बताएका छन् । मूत्राशयमा हुने ९० प्रतिशत घाउ ई. कोली ब्याक्टेरियाबाट हुन्छ । त्यसको संक्रमण पुरुषभन्दा महिलामा ४ गुणा बढी हुने गरेको छ । त्यसरी हुने संक्रमण एकपटक निको भैसकेपछि पनि पटक-पटक दोहोरिन्छ । त्यसो हुनुको पछाडि एन्टिबायोटिक औषधीबाट केही ब्याक्टेरियाले आफूलाई सुरक्षित राख्न सक्नु नै हो, तर हर्बल औषधी र एन्टिबायोटिक सँगसँगै सेवन गर्दा सम्पूर्ण ब्याक्टेरिया नष्ट भएको अनुसन्धानले देखाएको छ ।

## जानकारी

### साढे १७ लाख जीवात्मा

अमेरिकाको प्राकृतिक इतिहासको राष्ट्रिय संग्रहालयले विश्वका जीवित प्राणीहरूको क्याटलग निर्माण गर्न सञ्चालन गरेको अभियानमा अहिलेसम्म १० लाख जीवात्माको सूची समावेश भएको छ । ६ वर्षे यो अभियानमा १ लाख ९ हजार विशेषज्ञले अहिलेसम्म विश्वमा जीवित प्राणीहरूको सूची क्याटलगमा



समावेश गराएका छन् । सन् २०११ सम्म सञ्चालन गरिने यो अभियानमा विश्वका १७ लाख ५० हजार जीवात्माको नामावली क्याटलगमा सूचीकृत हुने विश्वास गरिएको छ । ब्याक्टेरिया, प्रोटोजा, भाइरससम्मका जीवात्मालाई उक्त क्याटलगमा समावेश गरिएको छ ।

## जन्मदिनको शुभकामना



| | | | |
|---|---|---|---|
| एलिशा ओली २०५६ असार २२ | सविन गुरुङ २०६२ असार २३ | राजीव राई २०५६ असार २३ | आशिष प्रधान २०६३ असार २४ |
| संजय श्रेष्ठ २०५२ असार २४ | धीरज अर्याल २०५३ असार २४ | कौशल गुरुङ २०६० असार २५ | रक्षा श्रेष्ठ २०५७ असार २५ |
| एन्जल श्रेष्ठ २०६१ असार २६ | आकृति गुप्ता २०५८ असार २८ | सुजन अधिकारी २०५९ असार २८ | प्राणशु बोहरा २०६१ असार २८ |

**कुपन**

**जन्मदिनको शुभकामना**

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :..................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## साप्ताहिक रंग भर प्रतियोगिता - ३



**प्रतियोगीको नाम :**

**कक्षा :**

**विद्यालयको नाम :**

माथि दिइएको चित्र लालीगुराँसको हो । अंग्रेजीमा यसलाई रेड रेडोडेन्ड्रम भनिन्छ । गुराँसका सयौं प्रजातिमध्ये लालीगुराँस पनि एक हो । उच्च पहाडी तथा हिउ पर्ने क्षेत्रमा पाइने लालीगुराँस नेपाल, भारत, पाकिस्तान तथा भुटानमा पाइन्छ । लालीगुराँस नेपालको राष्ट्रिय फूल हो । लालीगुराँसको रुख २०-३० फिटसम्म अग्लो हुन्छ । यो वसन्तऋतुमा फुल्ने गर्छ ।


**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन् ।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगिन तस्बिर पनि पठाउनु पर्नेछ ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिने छ ।

## विलुप्त कीरा भेटियो


नौ दशकपहिले पृथ्वीबाट पूर्ण रूपमा लोप भैसकेको विश्वास गरिएको 'ड्रायोकोसेलस अउस्ट्रलिस' नामक कीरा पुनः फेला परेको अस्ट्रेलियाका वैज्ञानिकहरूले बताएका छन् । मुसाका कारण लोप भैसकेको भनिएको उक्त कीरा अस्ट्रेलियाको एउटा सानो टापुमा जीवित अवस्थामा भेटिएको थियो । टापुमा बसोबास गर्ने बासिन्दाले अनौठो कीरा देखेपछि वैज्ञानिकहरू जर्ज कोलिन फिलिप र एन्ड्रयु कीराको अनुसन्धानका लागि गएका थिए । त्यो बेला उनीहरूले तीन पोथी र एउटा भालेले हरियो पात चपाइरहेको देखे । यस क्रममा कीराका अन्डा पनि फेला परेका छन् । वैज्ञानिक जर्ज कोलिन भन्छन्– यी कीरा अत्यन्त दुर्लभ जातिका हुन् । यिनीहरूलाई पपुवान्युगिनी टापुमा पनि पाउन सकिने सम्भावना छ । यी कीरा सोझा भएका र ९० वर्षअघि मुसाको प्रमुख खाना भएकाले नासिएका थिए, तर अहिले कसरी पुनर्जीवित भए, यो आश्चर्यको विषय बनेको छ । सन् १९६० को दशकमा यही कीरा मृत अवस्थामा वैज्ञानिकले फेला पारेका थिए ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू :जुत्ता, घडी, चश्मा ,टोपी, चप्पल, ।


## बर्सेनी ७७ हजारको मृत्यु



विश्वव्यापी उष्णता (ग्लोबल वार्मिङ) का कारण एसिया तथा प्रशान्त क्षेत्रमा बर्सेनी ७७ हजार मानिसको मृत्यु हुने कुरा विश्व स्वास्थ्य संगठनले हालै जारी गरेको तथ्यांकमा उल्लेख छ । तथ्यांकले यो शताब्दीको अन्त्यसम्ममा विश्वव्यापी उष्णता थप ६ डिग्री सेल्सियसले बढ्ने चेतावनी पनि दिइएको छ । मानिसको जीवन र स्वास्थ्यमा विश्वव्यापी उष्णताले गम्भीर असर पुऱ्याएको कुरा संगठनका पश्चिम प्रशान्त क्षेत्रीय निर्देशक सिगेरु ओमीले बताएका छन् । अहिले मौसम परिवर्तनका कारण विश्वव्यापीरूपमा देखिएको संकटमध्ये केही क्षेत्रमा वर्षा कम भएर स्वच्छ पिउनेपानीको अभाव र जल उत्पन्न रोगहरू देखापर्ने संकट प्रमुख छन् । त्यसबाहेक बालीयोग्य जमिन बाँझो राख्नुपर्ने स्थिति पैदा भए दसौं लाख जनता कुपोषण र भोकको मारमा पर्न सक्छन् ।

## ब्वाँसो र कुकुर जन्मन आमा-बाबु नचाहिने

दक्षिण कारियाका वैज्ञानिकहरूले क्लोनिङ पद्धतिको माध्यमबाट पहिलो पटक ब्वाँसो जन्माएका छन् । त्यसैगरी विश्वमै दुर्लभ मानिएका दुईटा ब्वाँसोलाई सन् २००५ को अक्टोबर महिनामा जन्माएको उनीहरूको दावी छ । त्यसरी जन्माइएको ब्वाँसो स्वस्थ रहेको तथा शारीरिक बनौट पनि उचित रूपमा बढ्दै गएको उनीहरूको कथन छ । दक्षिण कोरियाको सिउलस्थित विश्वविद्यालयका वैज्ञानिकहरूको एउटा टोलीले उक्त काम सफलतापूर्वक सम्पन्न गरेको बताएको छ । अब उक्त परीक्षण कुकुरमा पनि गर्ने तयारी भैरहेको छ ।









[redacted]
















पत्रकार भेटघाट तथा घोषणा
आयोजक:

